


# नेपाल समाचारपत्र

नपाली मनका नपाली पत्रिका

NEPAL SAMACHARPATRA


नेपाल समाचारपत्र दैनिक, कामना, साधनाका ग्राहक बन्नु परेमा, पत्रिका समयमा नआएमा, कुनै गुनासो भएमा सम्पर्क गर्नुहोला।

कामना न्यूज पब्लिकसेन्स्
कामना प्लाजा, भीमसेनस्थान, काठमाडौं
सम्पर्क : ९८०१००३७३७, ०१-४२६११७९
एक्सटेन्सन: १११/११२ (९ बजेदेखि ६ बजेसम्म)



सोमबार, साउन १६, २०७४ | Monday, July 31, 2017 | www.newsofnepal.com | नेसं ११३७ गुँला थ्व: ८ | वर्ष २३, अंक २०२ | पृष्ठ १२ | मूल्य रु. १०/-



२ { सिकाइ अभ्यास
५ { साझाका सञ्चालकद्वारा सुनुवाइ बहिष्कार
७ { पुलबाट हामफालेर आत्महत्या
११ { कमोडिटी विधेयक पास


## भरतपुर-१९ मा पुन: मतदानको आदेश



काठमाडौं, (नेस)

भरतपुर महानगरपालिका वडा नं १९ मा पुन: मतदान गराउने निर्वाचन आयोगको निर्णयलाई नै सर्वोच्च अदालतले कानुन सम्मत ठहऱ्याएको छ।

अदालतले आइतबार सो वडामा पुन: मतदान गराउन आदेश दिएको हो। न्यायाधीशद्वय ओमप्रकाश मिश्र र पुरुषोत्तम भण्डारीको संयुक्त इजलासले पुन: मतदान गराउन आदेश दिएको हो।

बहुचर्चित विषय बनेको भरतपुर निर्वाचनको मुद्दा यसअघि पटक-पटक पेशी तोकिएर स्थगित हुँदै पृष्ठभूमिमा सो आदेश आएको थियो।

### दुर्भाग्यपूर्ण भए पनि हामी मतदानमा भाग लिन्छौं : एमाले

सो आदेशसँगै स्थानीय तहको पहिलो चरणको निर्वाचनमा बहुचर्चित बनेको भरतपुरको मतगणनाको विवाद किनारा लागेको छ। सो वडाको मतगणना भइरहेका बेला गत जेठ १५ गते मध्यराति माओवादी कार्यकर्ताहरूले मतपत्र च्यातेपछि गणना रोकिएको थियो।


(क्रमश: पृष्ठ ९ मा)


# अस्पतालमा बिरामी बढे

## तीन जनाको मृत्यु भएपछि रुघाखोकी र ज्वरो आउने बिरामी आत्तिँदै अस्पताल पुग्न थालेका छन् ।

भगवती तिमल्सिना, काठमाडौं

काठमाडौं उपत्यकामा स्वाइनफ्लुको संक्रमणबाट ३ जनाको मृत्यु हुनुका साथै दर्जनौं बिरामी अस्पतालमा भर्ना भएका छन्। छिटो र छरितो उपचार पाउने आशमा काठमाडौंका नाम चलेका निजी अस्पतालका साथै सरकारी अस्पतालहरूमा बिरामीको चाप हवात्तै बढेको छ।

ज्वरो आउने र रुघाखोकी लाग्ने समस्याका कारण आइतबार मात्र टेकु अस्पतालमा परीक्षणका लागि ५० जनाभन्दा बढी बिरामीको भीड लागेको शुक्रराज ट्रपिकल तथा सरुवा रोग अस्पतालका वरिष्ठ सरुवा रोग विशेषज्ञ तथा क्लिनिक रिसर्च युनिटका संयोजक डा. शेरबहादुर पुनले जानकारी गराउनुभयो।

नेपालमा सन् २००९ देखि नै स्वाइनफ्लुको प्रकोप देखा परेको र यस विषयमा अन्य मुलुकले जनचेतनालगायत उपचारमा निकै फड्को मारिसक्दा नेपाल भने पर्ख र हेरको अवस्थामा नै बसी रहेका कारण बिरामीको ज्यान नै जाने अवस्था आएको विशेषज्ञहरूको ठम्याइ छ।

यति बेला काठमाडौंका अस्पतालहरूमा स्वाइनफ्लुको आशंकामा परीक्षण गराउन आउने बिरामीहरूको संख्या हवात्तै बढेको टेकु, त्रिवि शिक्षण अस्पताल महाराजगन्ज, ग्रान्डी अन्तर्राष्ट्रिय अस्पताललगायतमा बिरामीको चाप बढेको छ। यस विषयमा डा. पुन भन्नुहुन्छ- 'नेपालमा जुन महिनाको अन्तदेखि नै स्वाइनफ्लु शुरू भएको हो। यो रोग फैलिन्छ भन्ने विषयमा सरकारलाई जानकारी नभएको होइन गम्भीर रूपमा नलिएका कारण बिरामी मर्नुपर्ने अवस्थामा पुगेका हुन्। अहिले पनि सरकारले खासै नीति बनाएर जनचेतना र सुरक्षा अपनाएको पाइन्न। यति बेला अस्पतालमा भर्ना भएका र परीक्षणका लागि आएका बिरामीहरू स्वाइनफ्लुका कारण मान्छे नै मर्न थालेपछि आत्तिएर आएको देखिन्छ। स्वाइनफ्लु लाग्दा आत्तिनुभन्दा पनि सुरक्षा अपनाउनुपर्छ।'

उपत्यकामा देखा परेको अव्यवस्थित फोहोर मैला, धूवाँ, धूलो र पानीको कारणले पनि धेरै मानिस बिरामी परिरहेका छन्। विशेष गरी स्वाइनफ्लु दम, खोकी, रोग प्रतिरोधात्मक




स्वाइनफ्लुको त्रास

क्षमता कम भएका बालबालिका, दीर्घरोगीजस्ता बिरामीलाई बढी खतरा हुने बताइएको छ। रुघाखोकी लाग्ने, घाँटी खसखसाउने, लामो समयसम्म कडा ज्वरो आउने, बालबालिकामा ज्वरोसँगै बान्ता हुने र पखाला लाग्ने, नाकबाट पातलो सिगान बग्नेजस्ता लक्षण देखा पर्ने गरेपछि संक्रमण हुने डा. पुन बताउनुहुन्छ।

स्वाइनफ्लु विगतमा अमेरिकाको क्यालिफोर्नियामा देखा परेको क्यालिफोर्निया स्ट्रेन हो। अहिले देखा परेको स्वाइनफ्लु अमेरिकाकै मेथिगनबाट आएको मेथिगन स्ट्रेन हो कि भन्ने शंका छ। भारतमा मेथिगन स्ट्रेनको स्वाइनफ्लु गत महिना जुनमा नै प्रमाणित भइसकेका कारण त्यहाँ स्वाइनफ्लुविरुद्धको खोप प्रयोगमा आइसक्यो।

नेपालमा भ्याक्सिन भित्रिए पनि प्रयोगमा नआएका कारण नेपाली जनता अत्यास र अन्योलको स्थितिमा पुगेका हुन् डा. पुन भन्नुहुन्छ। उहाँ भन्नुहुन्छ- 'हरेक व्यक्तिलाई रोग लाग्नै नदिनका लागि स्वाइनफ्लुविरुद्धको खोप लगाउन सल्लाह दिनुपर्ने हुन्छ। भारतमा जे हुन्छ नेपालमा तत्काल हुन सक्ने सम्भावना छ।'

नेपाल र भारतको आवतजावत सहज हुनुका साथै खुला सिमानाका कारण पनि रोगी व्यक्ति सहजै आउने र जाने हुन्छ र रोग फैलन्छ। यसअघि पनि बिरामीको मृत्यु भयो कसैले बोलेका थिएनन्। भित्रभित्रै गुपचुप राखियो जब डाक्टरले बोले आम मानिसको ध्यान केन्द्रित भएको छ।

यति बेला स्याङ्जामा पनि धेरै रुघाखोकी र ज्वरोका बिरामी बढेका कारण राष्ट्रिय जनस्वास्थ्य प्रयोगशालामा धेरै नमुना परीक्षणका लागि आएका छन्। स्वास्थ्य परीक्षणमा आउने सबै स्वाइनफ्लुका बिरामी नभए पनि ठूलो मासमा एक जनालाई भएको छ भने फैलने सम्भावना बढी हुन्छ।


(क्रमश: पृष्ठ ९ मा)


# चुनावसम्बन्धी कानुन खोई ?

## प्रदेश र केन्द्रको चुनाव एकैपटक गराउनै नसकिने आयोगको जिकिर

सुनील महर्जन, काठमाडौं

सरकारले तोकिएको समयसीमामा निर्वाचन आयोगलाई प्रदेश र प्रतिनिधि सभा निर्वाचनका लागि आवश्यक कानुन उपलब्ध गराउन नसकेको पाइएको छ। समयमै कानुन उपलब्ध नगराइएपछि निर्वाचन आयुक्तहरूलाई स्थानीय तहको निर्वाचनमा जस्तो प्रदेश र संघको निर्वाचन पनि हतारहतार तयारी गर्नुपर्ने त होइन भन्ने डर पनि लाग्न थालेको पाइएको छ। निर्वाचन आयुक्त इला शर्माले भन्नुभयो- 'सधैं हतारहतारको तयारीले निर्वाचन प्रक्रिया र मतदाता शिक्षा, मतदान प्रक्रियामा खासै सुधार गर्न सकिन्न। त्यसैले निर्वाचन कहिले र कसरी गर्ने भन्ने कुरा शुरूमै थाहा हुनुपऱ्यो।'

आयोगले प्रदेशसभा र प्रतिनिधिसभा सदस्य निर्वाचनसँग सम्बन्धित कानुनहरू असार मसान्तसम्म आयोगलाई उपलब्ध गराइदिन गत असार २० गते सरकारलाई पत्राचार गरेको थियो।

'आइतबार साउन १५ गते हुँदा पनि निर्वाचनसम्बन्धी कानुन हात पर्नु त के त्यसको संकेतसम्म पाउन सकिएको छैन' -प्रमुख निर्वाचन आयुक्त डा. अयोधिप्रसाद यादवले नेपाल समाचारपत्रसँग भन्नुभयो। प्रमुख निर्वाचन आयुक्त डा. यादवसहित चार जना आयुक्तहरूले केही दिनअघि पनि प्रधानमन्त्री शेरबहादुर देउवालाई भेटेर आवश्यक कानुन चाँडोभन्दा चाँडो उपलब्ध गराउन ध्यानाकर्षण गराएका थिए।

२०७४ साल माघ ७ गतेभित्र संघ र प्रदेशको निर्वाचन गराउनुपर्ने संवैधानिक बाध्यता रहेको उल्लेख गर्दै निर्वाचन आयुक्तहरूले चाँडो



निर्वाचनसम्बन्धी कानुन उपलब्ध गराई निर्वाचनको मिति तोक्न आग्रह गरेका थिए।

प्रदेशसभा र प्रतिनिधिसभा सदस्य निर्वाचनसँग सम्बन्धित नियमावली, निर्देशिका, कार्यविधिहरू निर्माण, मतपत्र व्यवस्थापन, राजनीतिक दल व्यवस्थापन, निर्वाचन कार्यक्रम तथा क्यालेन्डर निर्माणजस्ता कार्यहरू अगाडि बढाउन प्रतिनिधि सभा सदस्य निर्वाचन ऐन र प्रदेश सभा सदस्य निर्वाचन ऐन शुरूमै पाउनुपर्ने निर्वाचन आयुक्त शर्माले नेपाल समाचारपत्रलाई जानकारी दिनुभयो।

त्यसै गरी आयोगले सरकारलाई पठाएको पत्रमा साउन १५ गतेभित्र निर्वाचन क्षेत्र निर्धारण आयोगको प्रतिवेदन आयोगलाई उपलब्ध गराउनुपर्ने भनिएको छ। क्षेत्र निर्धारण आयोगले गत बिहीबारदेखि मात्र काम शुरू गरेको अवस्थामा २१ दिनको निर्धारित समयभित्र नै प्रतिवेदन बुझाएमा पनि भदौ पहिलो साता पुगिसक्नेछ।

'दुई तीन दिन यताउति भएमा पनि हामी व्यवस्थापन गर्नेछौं। तर प्रतिवेदन आउन धेरै ढिलो भएमा यसको प्रभाव चुनावमा पर्नेछ' -प्रमुख निर्वाचन आयुक्त डा. यादवले भन्नुभयो।

निर्वाचन क्षेत्र निर्धारणपश्चात् मात्र मतदाता नामावली संकलन तथा अद्यावधिक, मतदाता नामावली छपाइ, मतदान केन्द्र निर्धारण र निर्वाचन क्षेत्रअनुसार आवश्यक जनशक्ति, सामग्री, बजेट तथा कार्यक्रम निर्माणलगायतका निर्वाचन तयारीका कार्यहरू सघन रूपमा अघि बढाउन सकिने अवस्था भएको पनि आयोगले जनाएको छ।


(क्रमश: पृष्ठ ९ मा)


# 'कृषकलाई पेन्सन' अलमलमा


प्रशान्त वली, काठमाडौं

सरकारले ल्याएको महत्त्वाकांक्षी कृषी पेन्सन योजना अन्योलमा परेको छ। सरकारले विभिन्न बहानामा कार्यक्रमको सम्बन्धमा कृषि विकास मन्त्रालयबाटै अध्ययन गरिरहेको बताए पनि कृषि पेन्सन योजना अन्योलमा परेको हो। जसका कारण यस वर्षदेखि कृषकहरू कृषि पेन्सन योजनाबाट लाभान्वित नहुने लगभग निश्चितजस्तै भएको छ।

पेन्सन योजनाको अध्ययन प्रतिवेदन तयारीका लागि विनायोजना मन्त्रालयले गत आर्थिक वर्ष कन्सल्टेन्टलाई जिम्मा दिएको थियो। कृषि विकास मन्त्रालयले कन्सल्टेन्टलाई अध्ययन प्रतिवेदन र अनुभव संकलनको जिम्मा दिए पनि ती कन्सल्टेन्टले स्वीकृत बजेटभन्दा बढी रकम माग गरेकाले छनोटमा नपारिएको कृषि विकास मन्त्रालयका सहप्रवक्ता शंकर सापकोटाले नेपाल समाचारपत्रलाई जानकारी दिनुभयो। मन्त्रालयका अनुसार कृषि पेन्सन योजना कार्यक्रमको कार्यविधि तयारी र आंशिक कार्यान्वयनका लागि १ करोड बजेटसमेत विनियोजन गरिएको छ। यस आर्थिक वर्षको बजेटमा समेत कृषि पेन्सन योजनाका सन्दर्भमा अध्ययन र योजना कार्यान्वयनका लागि बजेट पारिएको छ।

मन्त्रालयका सहप्रवक्ता सापकोटाले भन्नुभयो- 'कृषि विकास मन्त्रालय स्तरबाटै अध्ययनको काम भइरहेको छ। मन्त्रालयका सहसचिव काशीराज दाहालको संयोजकत्वमा कृषि पेन्सन योजना कार्यान्वयन र सम्भाव्यताका विषयमा अध्ययन भइरहेको छ। केही महिनामै अध्ययन सकिएपछि पेन्सन योजना लागू हुनेछ।'


(क्रमश: पृष्ठ ९ मा)

# महानगर

१ सय ९२ दिन विद्यालय खोल्नु पर्ने गरी अभ्यास पुस्तिका तयार गरिएको छ। हरेक दिनको पाठ योजना त्यसमा समावेश छ। कक्षा १ देखि ३ सम्मका विद्यार्थीलाई नेपाली विषयका शिक्षकले हरेक दिन खेलाएर, गीत गाएर, हातका इसाराको प्रयोग गरेर लगायत गरी अध्यापन गर्नुपर्ने हुन्छ। उनीहरूलाई अध्यापन गर्ने तौरतरिकालगायतका बारेमा जानकारी दिने शिक्षक निर्देशिका पनि हरेक शिक्षकका हातहातमा उपलब्ध गराइएको छ। साथै विद्यार्थीहरूका लागि थप शैक्षिक सामग्रीको बाकस नै प्रदान गरिएको छ।



# सिकाइ अभ्यास

ईश्वरराज ढकाल
ishwor32@gmail.com

- कक्षा २ का ४३ प्रतिशत विद्यार्थीहरूले मात्र सबै देवनागरी अक्षरहरू शुद्धसँग पढ्न सक्छन्। (स्रोत: रुम टु रिड, २००९)
- कक्षा ३ का नेपाली भाषा बोल्ने विद्यार्थीहरूमध्ये ३६ प्रतिशतले दिइएका पाठ्यसामग्रीको एक शब्द पनि पढ्न सकेनन्। (स्रोत: इक्यूयूआईपी, २०१०)
- कक्षा २ का ८० प्रतिशत विद्यार्थीहरूले एक शब्द पनि पढ्न नसकेको र उनीहरूको मौखिक पढाइको गति प्रतिमिनेट पाँच शब्द मात्र छ। (सेभ दी चिल्ड्रेन, २०११)
- कक्षा २ का ३ दशमलव .३ र कक्षा ३ का १९ दशमलव ९४ प्रतिशत विद्यार्थीले मात्र सबै व्यन्जन वर्ण शुद्धसँग पढ्न सके। कक्षा २ का १२दशमलव ५३ र कक्षा ३ कार २३ दशमलव ८ प्रतिशत विद्यार्थीले मात्र दिइएका सरल शब्दहरू शुद्धसँग पढ्न सके। साथै कक्षा २ का १ दशमलव ५४ र कक्षा ३ का ३ दशमलव ५२ प्रतिशत विद्यार्थीले मात्र दिइएका अनुच्छेद शुद्धसँग पढ्न सके। (स्रोत: विश्व शिक्षा, २०१२)

माथिको तथ्याङ्कले नेपाली भाषाका बारेमा प्राथमिक तहका विद्यार्थीको अवस्थालाई सहजै उजिल्याउँछ। पक्कै पनि अवस्था सकारात्मक छैन। नेपाली विद्यार्थीको नेपाली विषय र भाषामा सिकाइ उपलब्धि सन्तोषजनक मान्न सकिने अवस्था पटक्कै छैन।

राष्ट्रिय प्रारम्भिक कक्षा पढाइ कार्यक्रमले काभ्रे, काठमाडौं र चितवनका कक्षा २ का केही विद्यार्थीको पढाइ क्षमताको परीक्षण गरेको थियो। सो परीक्षणको नतिजा हेर्दा पनि अवस्था सन्तोषजनक पाइएको छैन। परीक्षणले ठिकसम्म वर्ण पढ्न सक्ने (प्रतिमिनेट) ३४ दशमलव ६ प्रतिशत, ठिकसँग स्वर तथा व्यञ्जन वर्ण पढ्न सक्ने १८ दशमलव ८ प्रतिशत, ठिकसँग परिचित शब्द पढ्न सक्ने १३ दशमलव ३ प्रतिशत, ठिकसँग सस्वर पढाइ गर्न सक्ने १२ दशमलव ७ प्रतिशत र ठिकसँग बोध प्रश्न उत्तर दिन सक्ने (प्रतिचार प्रश्नमा) १ दशमलव ४ प्रतिशत मात्र रहेको देखाएको थियो।

हुन त ठिक यस्तै अवस्था अन्य मुलुकको पनि छ। विश्वमा प्राथमिक विद्यालय उमेरका लगभग २ सय ५० मिलियन र एसिया प्रशान्त क्षेत्रमा दुई सय मिलियन बालबालिकाले राम्ररी अक्षर चिनेर वाक्य पढ्न सक्दैनन्। विश्वका निम्न आय भएका देशहरूका बालबालिकामा पढाइ सिप विकास गर्न सकिएको अवस्थामा लगभग १७१ मिलियन मानिसहरू गरिबीबाट मुक्ति पाउँछन्। यसबाट विश्वको लगभग १२ प्रतिशत गरिबी कम हुने सबैका लागि शिक्षा कार्यक्रमको ठम्याइ छ।

प्राथमिक कक्षाका विद्यार्थीको सिकाइ अभिबृद्धिमा जोड दिने, कक्षा दोहोऱ्याउने तथा कक्षा छोड्ने जस्ता शैक्षिक क्षतिको न्यूनीकरण गर्नेलगायतको लक्ष्यका साथ शैक्षिक जनशक्ति विकास केन्द्रले राष्ट्रिय प्रारम्भिक कक्षा पढाइ कार्यक्रमको थालनी गरेको छ।

केन्द्रका उपनिर्देशक पुण्यप्रसाद घिमिरेले गत वर्ष कक्षा १ र २ मा तथा चालु शैक्षिक सत्रमा कक्षा ३ मा नेपाली भाषाको अभ्यास पुस्तिकाको पठनपाठन थालिएको जानकारी दिनुभयो। उहाँका अनुसार हाल कन्चनपुर, बाँके, कास्की, मनाङ, भक्तपुर र सप्तरीमा लागू गरिएको कार्यक्रम आगामी वर्षबाट थप १० जिल्लामा लागू गरिनेछ।

१ सय ९२ दिन विद्यालय खोल्नु पर्ने गरी अभ्यास पुस्तिका तयार गरिएको छ। हरेक दिनको पाठ योजना त्यसमा समावेश छ। कक्षा १ देखि ३ सम्मका विद्यार्थीलाई नेपाली विषयका शिक्षकले हरेक दिन खेलाएर, गीत गाएर, हातका इसाराको प्रयोग गरेर लगायत गरी अध्यापन गर्नुपर्ने हुन्छ। उनीहरूलाई अध्यापन गर्ने तौरतरिका लगायतका बारेमा जानकारी दिने शिक्षक निर्देशिका पनि हरेक शिक्षकका हातहातमा उपलब्ध गराइएको छ। साथै विद्यार्थीहरूका लागि थप शैक्षिक सामग्रीको बाकस नै प्रदान गरिएको छ।

केन्द्रका उपनिर्देशक घिमिरेले सबै कक्षाको अन्त्यमा सबै विद्यार्थीले तोकिएकोअनुसारको आधारभूत पढाइ सिप आर्जन गर्ने, विद्यार्थीहरूमा पठन सिप र बानीको विकास हुने, शैक्षिक सामग्रीको पहुँच र प्रयोगमा सुधार आउने लगायतको अपेक्षा गरिएको बताउँदै भन्नुभयो, 'भाषा शिक्षणका लागि समय बृद्धि हुनेछ।'

उता शिक्षकहरूले थप अभ्यास पुस्तिका अध्यापन गर्नुपर्दा हाल अध्यापन गरिँदै आएको नेपाली विषयको पाठ्यपुस्तकको पठनपाठनमा समस्या आउनसक्ने गुनासो गरेका छन्। पठन तत्वमा जोड दिन नेपाली विषयका लागि कम्तीमा ९० मिनेटको समय निर्धारण गरिएको छ। यसको अध्यापनपछि विद्यार्थीको पढाइ, लेखाइ र बोधका आधारभूत सिपमा दक्षता हासिल हुने दावी गरिएको छ।

केन्द्रले असारको अन्तिम सातामा ती जिल्लाका नेपाली विषयका शिक्षकहरूलाई तालिम दिएको छ। यस्तो तालिम चैतमै दिइएको भए उपयुक्त हुने बताउँदै शिक्षकहरूले ढिला गरी तालिम दिइएकाले १९२ दिनको शैक्षिक कार्यक्रम सम्पन्न गर्न सम्भव नहुने बताएका छन्।





## शिक्षकहरूको भनाइ

### श्रवणकुमार सिंह, नेपाल राष्ट्रिय प्राथमिक विद्यालय
अभ्यास पुस्तिकामा दिइएको चित्र श्यामश्वेत भएकाले प्रभावकारी भएन। यो रंगीन हुनुपर्थ्यो। पढाउन प्रभावकारी हुन्थ्यो।

### रामसिंह सोनी, मावि महेन्द्रनगर
तालिम लिएपछि उपलब्ध गराइएका शैक्षिक सामग्रीको प्रयोग गर्न सिकिनेछ। तर तालिमको अवधि कम भएको महशुस भइरहेको छ। अन्य पाठ्यक्रम पनि छन् तिनलाई यसले असर गरेको छ। यसले शिक्षकलाई धेरै तनावमा पारेको छ। अभिभावकहरु कक्षाकोठामा आउँछन् र सबै किताब पढाउँदैनन् भनेर गुनासो गर्छन्। तिनलाई ९० मिनेटको कक्षा हो भन्ने थाहा हुंदैन। मास्टर दिनभरि एउटै कक्षाकोठामा बिताउनुपर्दछ भन्ने मात्र सोच्छन्।

### मोहम्मद सब्बिर राई, पिपरहवा मदरसा
मदरसाका लागि नयाँ किसिमको पाठ्यसामग्री प्रयोगमा ल्याइएको हो। परम्परागत पठनपाठन भइरहेकोमा शिक्षक (मौलाना)हरु अलमलिन्छन्। ताली र औंलाबाट सिकाउने भनेपछि अभिभावकलाई अचम्म लाग्नेछ। उनीहरु शिक्षकले नपढाएर खेलाइरहन्छन् भन्ने लाग्न सक्दछ। त्यसैले व्यवस्थापन पक्षलाई पनि यो बारेमा जानकारी दिइनुपर्दछ।

### उषा पाठक, पशुपति मावि
१९२ दिनकै यही अभ्यास पुस्तिका दिइएको छ, तर यसले गर्दा नेपाली पुस्तक पढाउने समय नै पुग्दैन। नेपाली पुस्तक कसरी अध्यापन गर्ने भन्ने समस्या छ। समयको अभाव हुने देखिएको छ। नेपाली पाठ्यपुस्तक र अभ्यास पुस्तिका मेल खाने भएन। त्यसैले पढाउन पनि समस्या हुने देखियो।

### मोहम्मद सकिल खान, अल जामेतुल इस्लामिया मदिनतुल बनाद बालका मदरसा
मदरसामा नेपाली विषय पढाउने शिक्षक छैनन्। हामीहरूले नै जेनतेन पढाउँदै आएका छौं। एक लाख ८८ हजार रूपियाँले मदरसा चलाउनुपर्दछ। तीन मुदरिस, मास्टर र एक शिक्षक राखिन्छ। पाँच विषय सरकारी पाठ्यक्रमका र तीन विषय उर्दू विषय अध्यापन गर्नुपर्दछ। तीन हजार रूपियाँमा पढाउने शिक्षक खोज्नुपर्दछ। त्यतिमा काम गर्ने शिक्षक फेला पार्न कठिन छ। कतिपय मदरसामा नाचेर, गाएर पढाउन प्रतिबन्ध लगाइएको हुन्छ। उनीहरूलाई यो अभ्यास पुस्तिका लागू गर्दा सम्झाउनु र चेतना दिनु जरूरी छ।

### उमा केसी शाह, महाराजा मावि
१९२ दिन पढाउनका लागि पुस्तक दिइएको छ। तर नेपाल सरकारले यसअघि दिएको पाठ्यपुस्तक के गर्ने ? त्यो नेपाली पनि पढाउनुपर्ने हुन्छ। ९० मिनेटको कोर्स यो अभ्यास पुस्तिका नै छ। त्यो पाठ्यपुस्तकको के गर्ने ? तालिम हामीलाई दिइयो एकदमै राम्रो तर बीचमा पुनर्ताजगी गराइदिनुपर्दछ। एक वा दुई दिने भए पनि हुन्छ। त्यसले गर्दा अध्यापनका क्रममा देखिएका समस्या थाहा पाइन्थ्यो र समाधान गर्न सकिन्थ्यो।

### निशा पाठक, हनुमान आधारभूत विद्यालय
पहिले विद्यार्थीलाई गृहकार्य दिइन्थ्यो र अभिभावक पनि गृहकार्य दिइएकोमा खुसी हुन्थे। पढ्थे पनि। अब विद्यालयमा नै अभ्यास गराउने भयो। अभिभावकहरु शिक्षकहरूले पढाउँदै पढाउँदैनन्, पढाउने भए त गृहकार्य दिन्थे नि भन्छन्। विद्यालयमा गएर खेल्छन् र घरमा पनि खेल्छन् भन्ने अभिभावकहरूको सोच छ। अभिभावकले बुझ्दैनन्। घरको लागि गृहकार्यको व्यवस्था पनि भइदिए हुन्थ्यो अभ्यास पुस्तिकामा।

### ओमप्रकाश त्रिपाठी, मावि बनकटी
तालिम अवधि छोटो भयो। तालिम ढिलो भयो। शैक्षिक सत्र शुरू हुनुअघि तालिम दिइनुपर्थ्यो। तीन महिना त पढाइसक्यौं। पहिले नै तालिम दिइएको भए अझ प्रभावकारी हुन्थ्यो। तालिम राम्रो छ। धेरै सिक्यौं। १० दिन पनि कम भयो। पर्याप्त भएन।

### विजयप्रसाद मुरौ, प्रावि होलिया
राष्ट्रिय प्रारम्भिक कक्षा पढाइ कार्यक्रम आगामी दिनमा अन्य विषयमा हुनुपर्दछ। यस्तै प्रकारको ढाँचा र निर्देशिका बनाएर लागू गरेपछि हुन्छ। यो तालिमले पहिलेभन्दा राम्रो पढाउनसक्छु भन्ने आत्मविश्वास बढेको छ। एकपटक पुनर्ताजगी दिइनुपर्दछ।

### अस्गर अली तेली, मदरसा राँझा
नयाँ किसिमको अनुभव गरिरहेका छौं। पठन सीपका बारेमा सिक्न पायौं। धेरै नयाँ कुरा सिक्यौं। पढाउने तरिका पनि सिक्न पाएका थिएनौं, तर सिक्न पायौं। तीन कक्षासम्म मात्र भएर पुग्दैन माथि पनि पढाउने तरिका सिकाउनुपर्दछ। समयमा नै सिकाउनुपर्दछ। दुई तिन महिना बितिसकेको छ। अब वर्षाको पनि बिदा हुन्छ। तुरून्तै कक्षामा लागू गर्नुपर्दछ। चैतमा तालिम सम्पन्न गर्न सकिएको भए प्रभावकारी हुन्थ्यो जस्तो लागेको छ।

### नसरिन सेख, दारूल उलुम गुलसने मदिना
पढाउने छ तत्वका सीपका कुरा सिक्न पायौं। यी सिपलाई प्रयोग गरी पढाउन पायौं भने राम्रो हुन्छ। ध्वनी सचेतीकरण, लेख्य, पठनप्रवाह, शब्द भण्डार, पठन बोध र लेखाइ अनुरूप पढाइएमा हाम्रा बच्चाले सजिलैसँग बुझ्न सक्छन्। पहिले ध्वनी नै थाहा हुनुपर्दछ। यी ज्ञान भएमा बल्ल अगाडि पढाउन सकिन्छ। शब्द कुन ठाँउमा पढाउने भन्ने तालिमबाटै थाहा पायौं। विद्यालयमा लागू भएको पाठ्यपुस्तक र अभ्यास पुस्तिका मिसाएर शुरूमै तालिम भइदिएको भए सँगसँगै लैजान पाउँथ्यौं। भार पनि शिक्षकमाथि पनि भयो। बच्चामाथि पनि भयो। त्यो पनि पढाउनुपऱ्यो। यो पनि पढाउनुपऱ्यो। भ्याउन सजिलो छैन।

### मुबारक अली बागवान, मदरसा इस्लामिया हसमतु रजा
यसमा विद्यार्थीलाई सिकाउने प्रक्रिया एकदमै राम्रो छ। यहाँबाट सिकेका कुराबाट आफ्नो कक्षा र पढाउने तरिकामा अवश्य पनि सुधार गर्नेछौं। सिकाइका तत्वहरु थिए। यी प्रक्रियामा शिक्षण गर्दा अवश्य नै सुधार आउनेछ। ढिला भएको थियो पहिले पनि। अहिले पनि ढिलो भएको छ। पूरा भ्याउन मुस्किल छ। बीचमा शिक्षकलाई तालिम आवश्यक छ। यो तालिम अर्थपूर्ण र प्रभावकारी छ।

## ई-ज्ञानकुञ्जको शुरूवआत




नेपालमा पहिलोपटक अनलाइनमार्फत विभिन्न सिपमूलक अध्ययनका लागि ई-ज्ञानकुञ्जको शुरूआत गरिएको छ। ट्रान्स न्यूरोन टेक्नोलोजी बेग्लोरको सहकार्यमा ई-ज्ञानकुञ्ज ईडीयू सिस्टम प्रालिले नेपालमा यसको शुरूआत गरेको हो।

मंगलबार आयोजित एक कार्यक्रममा ट्रान्स न्यूरोन टेक्नोलोजी बेंग्लोर संस्थापक प्रमुख कार्यकारी अधिकत शिवम् शर्मा ई-ज्ञानकुञ्ज ईडीयू सिस्टमका प्रमुख कार्यकारी अधिकृत सुवोध त्रिपाठीले यससम्बन्धी सम्झौतामा हस्ताक्षर गरे। ई-ज्ञानकुञ्ज अनलाईनमार्फत विभिन्न कोर्षहरू पढाउने अनलाईन प्लेटफर्म हो। जसमार्फत विद्यार्थीले जुनसुकै बेला जुनसुकै स्थानबाट अध्ययन गर्नुका साथै प्राक्टिकलसमेत गर्न सक्नेछन्। यसै गरी यस प्लेटफर्ममार्फत नै विश्वविद्यालय, कलेजहरूले आफ्नो कोर्सहरू सञ्चालक गर्न सक्ने र कम्पनीहरूले आफूलाई आवश्यक दक्ष जनशक्तिसमेत खोज्न सक्नेछन्।

भारतमा विश्वविद्यालको कोर्सदेखि सिपमूलक पठाइ र आफ्नो करियर विकासका लागि आवश्यक सिप सिक्न लोकप्रिय भइरहेको अनलाईन प्लेटफर्म नेपालमा समेत आवश्यक भएकाले यसको शुरूआत गरिएको कम्पनीले जनाएको छ। 'यो प्लेटफर्मबाट कलेज, विश्वविद्यालयका साथै कर्पोरेट हाउसका लागि समेत उपयोगी छ' ट्रान्स न्यूरोन टेक्नोलोजी सीईओ शर्माले भने, 'यसमार्फत विभिन्न कोर्सको अध्यापन गराउनका साथै कम्पनीहरूलाई कर्मचारीका लागि तालिम र उपयुक्त कम्पनी खोज्नसमेत छिटो र सजिलो हुन्छ।'

भारतमा यो प्लटफर्ममा ५० हजार विद्यार्थीहरूले विभिन्न कोर्षहरू पढिरहेका छन्। यसै गरी ५० भन्दा बढी कलेजका साथै आईबीएम, सिएससीलगायतका ५ सयभन्दा बढी कम्पनीले कर्मचारी छनोट गर्न र तालिम दिन यो प्लेटफर्म प्रयोग गरिरहेको शर्माले जानकारी दिए। यसै गरी टेलिकम सेन्टर सिल्क काउन्सिल अफ इन्डिया र आन्ध्र प्रदेश तथा कर्नाटक राज्य सरकारले समेत यो प्लेटफर्म प्रयोग गरिरहेको छ।

ट्रान्स न्यूरोन टेक्नोलोजीसँगको सहकार्यमा नेपालीका लागि आइटीसम्बन्धी विभिन्न कोर्ष शुरु गरिएको प्लेटफर्ममार्फत अध्ययन गर्ने नेपाली विद्यार्थीले भारतीय कम्पनीमा इन्टरसिप जागीरको अवसरसमेत प्राप्त हुने ई-ज्ञानकुञ्ज सीईओ सुवोध त्रिपाठीले बताए। कम्पनीले यसै वर्ष नेपाली विश्वविद्यालयबाट इन्जिनियरिङ विषयमा अन्तिम वर्षका १० जना विद्यार्थी छनोट गरी अनलाईन प्लटफर्ममार्फत अध्ययन गराइ उनीहरूलाई भारतीय कम्पनीमा इन्टरसिप/जागिरको अवसर दिने वा नेपालमै इनोभेटिभ विजनेस शुरु गर्न चाहेमा समेत भारतीय कम्पनीबाट लगानीको सहकार्य गर्ने अवसर दिलाउने उनले घोषणा गरे।

## शिक्षाका कर्मचारी विवाद
### विकास समितिले दियो ६ बुँदे निर्देशन

स्थानीय निकायमा शिक्षा सेवाका कर्मचारी व्यवस्थापन गर्न समस्या परिरहेको बेला संसद्को विकास समितिले शिक्षा र संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयलाई ६ बुँदे निर्देशन दिएको छ। शिक्षा र संघीय मामिलाबीच कर्मचारी व्यवस्थापन गर्ने विषयमा जुहारी चलिरहेको बेला दुई निकायलाई निर्देशन दिएको हो। शिक्षा मन्त्रालयले केही कर्मचारीलाई स्थानीय तहमा खटाइसकेको अवस्थामा ती कर्मचारी काममा नगएपछि शिक्षा मन्त्रालय थप समस्यामा परेको हो। शिक्षा सेवाका कर्मचारीले वरिष्ठ र कनिष्ठ कर्मचारी छुट्याउनुपर्ने , मापदण्डको आधारमा कर्मचारी व्यवस्थापन गर्नुपर्ने लगायतका माग राख्दै आन्दोलनको चेतावनी दिएको छ। संघीयतामा शिक्षा क्षेत्रका कर्मचारीको भूमिका र कर्मचारी व्यवस्थापन कसरी गर्ने ? भन्ने विषयमा समितिले शिक्षा र संघीय मामिला मन्त्रालयका सचिवलाई बोलाएको थियो। छलफल लगत्तै समितिले ६ बुँदे निर्देशन दिएको थियो।

#### निर्देशनमा

- स्थानीय तहमा शैक्षिक जनशक्ति व्यवस्थापन गर्दा उत्पन्न हुने समस्या समाधान गर्नका लागि नेपाल सरकार, शिक्षा मन्त्रालय, संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय र सामान्य प्रशासन मन्त्रालयको संयुक्त कार्यदल निर्माण गरी अगाडि बढ्न समिति शिक्षा मन्त्रालय, संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय, सामान्य प्रशासन मन्त्रालय र सबै स्थानीय तहहरूलाई निर्देश गर्दछ।
- संविधानअनुसार विद्यालय शिक्षाको व्यवस्थापन स्थानीय तहमा रहेको हुँदा स्थानीय सरकारलाई प्रभावकारी विद्यालय व्यवस्थापनका लागि सम्बन्धित मन्त्रालय, विज्ञहरूसँग समेत परामर्श गरी विद्यालय सञ्चालन, व्यवस्थापन, शिक्षक नियुक्ति, अनुगमन, मूल्यांकनलगायतका विद्यालय शिक्षाको गुणस्तरीयताका लागि आवश्यक कानुन, कार्यविधि, नियमावली बनाउनुका साथै सार्वजनिक तथा निजी विद्यालयबीच रहेको विद्यमान असमानतालाई समेत हटाउन स्पष्ट कार्ययोजनाका साथ कार्य अगाडि बढाउन समिति नेपाल सरकार, शिक्षा मन्त्रालय, संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय, सामान्य प्रशासन मन्त्रालय र सबै स्थानीय तहहरूलाई निर्देश गर्दछ।
- विद्यालय शिक्षामा आवश्यक सुधार गरी सार्वजनिक शिक्षालाई गुणस्तरीय र प्रभावकारी बनाउन आवश्यक बजेटको व्यवस्थापन गर्दै आवश्यक पाठ्यक्रम, पाठ्यसामग्री तथा स्रोत साधनहरूको सहज उपलब्धता हुने व्यवस्था मिलाइ निजी विद्यालयहरूसँग प्रतिस्पर्धी बनाउने कार्यलाई प्राथमिकताका साथ अगाडि बढ्न, बढाउन समिति नेपाल सरकार, शिक्षा मन्त्रालय, संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय, सामान्य प्रशासन मन्त्रालय र सबै स्थानीय
- तहहरूलाई निर्देश गर्दछ।
- स्थानीय तहमा विद्यालय शिक्षा प्रभावकारी बनाउने कार्यमा नेतृत्व प्रदान गर्न आवश्यक पर्ने संगठनात्मक संरचना निर्माण गरी अगाडि बढ्न समिति नेपाल सरकार, शिक्षा मन्त्रालय, संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय, सामान्य प्रशासन मन्त्रालय र सबै स्थानीय तहहरूलाई निर्देश गर्दछ।
- स्थानीय तहको सार्वजनिक शिक्षामा रहेको विद्यमान समस्या समाधान गरी शिक्षालाई गुणस्तरीय, सर्वसुलभ तथा व्यवस्थित बनाउनका लागि स्थानीय तहका जनप्रतिनिधि, शिक्षाविज्ञलगायत सम्बन्धित निकायका पदाधिकारीहरूसँग व्यवस्थापिका-संसदको महिला, बालबालिका, जेष्ठ नागरिक तथा समाजकल्याण समिति र विकास समितिको संयुक्त बैठक आयोजना गर्ने निर्णय गरियो।

# शिक्षा गुरुङ मिस टिन गण्डकी



पोखरा, (नेस)। बाहिर पानी दर्किंदा पोखराको सभागृह हल भने गुन्जयमान थियो। किशोरीहरू आफनो शीरमा ताज पहिर्‍याउन सबैलाई उछिन्ने योजनामा थिए। *मिस टिन गण्डकी सिजन ३* को ताज पहिरिन विभिन्न उमेर समँहका किशोरीहरूले शनिबार सभागृह हलको स्टेजमा र्‍याम्प गर्दै आफनो प्रतिभा देखाए।

तर १३ जना प्रतिस्पर्धीलाई उछिन्दै शिक्षा गुरुङ ताज पहिरिन सफल भईन्। उनले ताजसँगै उपउपाधि पनि जितीन्। उनले *दर्शक छनोट, फोटो जेनिक* र *बेष्ट हेयर*को पुरस्कार समेत पाईन्। यसले पनि उनलाई ताजको हकदार बनाउन सहयोग पुर्‍यायो। विद्या केसीले उपविजेता बन्दै चित्त बुझाईन्। उनले पनि *मष्ट ब्युटिफुल*को टाईटल पाईन्। सिम्रन क्षत्री *सेकेण्ड रनर्सअप* भईन्। आयोजकको रोजाईमा भने रजनी हमाल परिन्।

*ब्युटी विन ब्रेन* भन्ने नारासहित *मिस टिन गण्डकी*को तेस्रो सस्करणलाई ब्रेभ इन्टरटेनमेन्टले एकमहिनापछि ग्राण्ड फिनालेमा उतारेको थियो। जिप्सन जुम्बाले आवश्यक जुम्बा सम्बन्धी प्रशिक्षण दिएको थियो। प्रतियोगिताका विजेताहरूलाई शेर्पा बेर्बरीका प्रमुख कार्यकारी अधिकृत फुर्वा शेर्पा, विशेष अतिथि युवा व्यवसायी सिरोजविजय कोइराला, ब्रेभ इन्टरटेनमेन्टका प्रवन्ध निर्देशक विजय क्षत्री, प्रालिका अध्यक्ष दिपकबहादुर गोदार, फेशन डिजनाईर एवं निर्णायक अमित बराल, मिसेज गण्डकी निलिमा हिराचन, गत वर्षकी *मिस टिन गण्डकी* विजेता अनुषा थापा तथा कार्यक्रम संयोजक विशाल क्षत्रीलगायतले पुरस्कार प्रदान गरेका थिए। पुष्पाञ्जली फेशन तथा इभेण्ट प्रालिले गिफ्ट ह्यायाम्पर प्रदान गरेको थियो।


# काजोल क्षेत्रीय फिल्ममा काम गर्न पनि तयार

*दिलवाले दुल्हनिया ले जायेँगे, कुछ कुछ होता हे, बाजीगर*जस्ता सुपर डुपर हिट फिल्म खेलेकी बलिउड नायिका काजोल सन ९० को दशकमा करीअरको सबैभन्दा सफल स्थानमा थिइन्। त्यसै बेला उनले नायक अजय देवगणसँग विवाह गरीन् र छनौटका फिल्ममा मात्र अभिनय गर्ने निर्णय गरीन्। बिबिसीको अनलाइन संस्करणमा राखिएको खबर अनुसार आफ्ना बच्चाहरूको स्याहार सुसार गर्नु परेका कारण उनको फिल्मी करीअरमा प्रभाव परेको थियो। उनले भनेकी छिन्। 'मैले मेरो बच्चाहरूको लागि कुनै बलिदानी दिइन। मैले बच्चा जन्माएको कारण म उनीहरूको जिम्मेवारी लिन चाहन्थे। म मेरो बच्चाहरूलाई मर्ने बेला सम्म माया गरीरहनेछु। मेरा लागि मेरो परीवार र बच्चा मेरा जिन्दगी र प्राथमिकता हो, फिल्म मेरो जीन्दगीको एक हिस्सा मात्र हो।

समाचारअनुसार काजोल आफ्ना बच्चाहरूलाई मिडीयादेखि भने टाढा राख्न चाहन्छिन्। मिडीयाको कारण आफ्नो बच्चाहरूलाई दवाव नपरोस् भन्नको लागि उनले यसो गरेको समाचारमा चर्चा गरिएको छ।

'मेरी छोरी नायसा अहिले १४ वर्षकी मात्र भइन्। तर मानिसहरूले उनी कहिले फिल्ममा आउँछिन् भनेर सोध्ने गर्छन्। मिडीयासँग नजिक हुँदा उनीहरूलाई अन्जानममा पनि कुनै दवाव पर्न सक्छ। आफु के बन्ने हो त्यो उनीहरूले नै निर्णय गर्ने कुरा हो। म उनीहरूले आफ्नो करीअर आफै चुनेको हेर्न चाहन्छु उनले भनेकी छिन्।

समाचारमा चर्चा गरिएअनुसार एक समय क्षेत्रिय फिल्म नगर्ने फैसला गरीसकेकी काजोल अब अभिनेता धनुसको साथ तामिल फिल्ममा देखिने छिन्। 'मैले त्यति बेला भाषाको जटिलताको कारण अन्य फिल्म नगर्ने फौसला गरेकी हुँ। तर अब मेरो सोच बदलिएको छ म अब चिनियाँ फिल्म पनि गर्न सक्छु उनले भनेकी छिन्।





# हेटौंडामा भुईंमान्छेको चर्चा

मेडिकल क्षेत्रमा भइरहेका विकृति र राम्रा पक्षहरूको विषयमा कथा घुमेको निर्माता रोहिणी भट्टराईले बताए। ८० लाख रुपियाँको लगानीमा निर्माण भएको फिल्ममा समाजभित्रका लुकेका घटनालाई उजागर गरिएको उनले बताए। 'भावी दिनमा मेडिकल क्षेत्रमा आउने विद्यार्थीलाई रिसर्चका निम्ति पनि यो विषय हुन सक्छु उनले भने।

नायिका गुरुङले *भुईंमान्छे* पृथक विषय वस्तुमा आधारित रहेर निर्माण भएको बताइन्। फिल्ममा अभिनेता रमेश बुढाथोकीले पोस्टमार्टम गर्ने व्यक्तिको भुँमिका निर्वाह गरेका छन्। उनकै वरिपरि फिल्मको कथा घुमेको छ। फिल्ममा डेब्यु कलाकार सिपोराको मुख्य भुमिका रहेको छ भने उनको एक्सन लुकलाई फोकस गरिएको छ। पोष्टमार्टमको कथाका साथै एक नारी जो आफ्नो भव्य घरमा एक्लै बस्दै आउनुको कारण उनको जीवनमा आउने आरोह अवरोहबारे पनि प्रष्ट्याउने प्रयास गरिएको छ।

नवराज बुढाथोकीको लेखन र निर्देशनमा बनेको फिल्ममा रमेश बुढाथोकी, रोहिणी भट्टराई, बादल भट्ट, सहिन प्रजापति, नारायण न्यौपाने, सानु ताम्राकार, आर्यन न्यौपानेलगायत कलाकारको अभिनय छ। फिल्म आगामी भदौ २० गते रिलीज हुने भएको छ।

**म यस्तो फिलिम बनाउँछु** : फिल्म क्षेत्रको यथार्थ गाईजात्रे अवस्था दीपकराज गिरीबाट

**फेसबुक ज्योतिष** : फेसबुकबाटै भविष्यवाणी गर्नेहरूको नालीबेली मनोज गजुरेलबाट

**गीता र समानता सम्बन्धी - विधेक** : शैलेन्द्र सिंखडँको चोटिलो व्यग्य कविता

**हो लाखे है जवाफ देउ बा** : देशका बा प्रधानमन्त्रीलाई विल्सनविक्रम राई (तक्मे बूढा) को सवाल

**माग्ने शास्त्र** : माग्ने बुढा केदार घिमिरेको आफ्नै शास्त्र

**आधा सवाल, आधा जवाफ** : जितु नेपालबाट

**...किनकि म यो देशको नागरिक हुँ** : सीताराम कट्टेल (धुर्मुस)

**कुम हल्लिने रोग** : कृष्ण उफान

**उखानका बादशाह ओली !** : पेशल आचार्य

**आऊ प्रिये, नयाँ नेपाल बनाऔं !** : गाउँले बलदेव

**साथमा हास्यव्यंग्य लेखकहरूका चोटिला तथा खितखिते व्यंग्य लेख, कविता, मुक्तक, ठोक्कक र गजलहरू ।**

कीर्तिकिशोर जोशी, उमेश अधिकारी, देवेन्द्र थुम्केली, राजमान, कार्टुनानन्द, गंगादेवी, सानुराज डंगोल, पदम घले, राजु नेपाल र आएरमबीका काउकुती लगाउने व्यंग्य चित्रहरु ।

कामनाको हरेक अंक विशेष अंक

पृष्ठ ९२, मूल्य रू. १५०/ मात्र



कामनाको गाईजात्रे विशेष अंक अब छिट्टै बजारमा

आफ्नो प्रति समयमै सुरक्षित गर्नुहोस् !

# विचार

मूर्खलाई ज्ञान दिन खोज्ने ऊ स्वयम् मूर्ख हो। किनभने मूर्खले आफ्नो अहंकारको कारणले आफूलाई ज्ञानी नै ठानिरहन्छ।
- तिरुवल्लुवर

मानिसको गौरव कहिल्यै नलड्नुमा होइन, जति पटक लडे पनि उठ्नुमा हुन्छ।
- लियो टाल्सटाय

## सम्पादकीय

नेपाल समाचारपत्र NEPAL SAMACHARPATRA

# निर्वाचनको मिति तय गर

प्रदेशसभा र प्रतिनिधिसभा निर्वाचनका लागि निर्वाचन आयोगले शुरु गरेको फोटोसहितको मतदाता परिचयपत्र संकलनमा जनताको उत्साहजनक सहभागिता देखिएको छ। ती दुवै तहको निर्वाचन कहिले हुने भन्ने टुंगो नभए पनि आयोगले भने आफ्नो कामलाई निरन्तरता दिएको छ । निर्वाचन प्रक्रियामा सहभागी हुन ग्रामीण भेगमा भन्दा शहरी क्षेत्रका जनताको उत्साहजनक सहभागिता हुनुले निर्वाचनप्रति जनताको चासो रहेको पुष्टि गरेको छ । तर सरकारले प्रदेशसभा र प्रतिनिधिसभाको निर्वाचन आगामी माघ ७ गतेअघि नै गर्ने बताए पनि अहिलेसम्म निर्वाचनको मिति घोषणा नहुनुले यो निर्वाचन हुन्छ कि हुन्न भन्नेमा सन्देह पैदा गरेको छ । संविधानमा नै २०७४ माघ ७ गतेभित्र तीन तहको निर्वाचन सम्पन्न गर्नुपर्ने बाध्यात्मक व्यवस्था गरेको भए पनि सरकारले भने अहिलेसम्म निर्वाचनका बारेमा ठोस प्रस्ताव नगरेकाले निर्वाचन हुने या नहुने भन्ने विषय अन्योलमा परेको छ ।

निर्वाचनका विषयमा सरकार अन्योलग्रस्त अवस्थामा रहे पनि जनता भने मतदानमा सहभागी हुनका लागि व्यग्र प्रतीक्षामा देखिन्छन्। अहिलेसम्म ७५ जिल्लामा २ लाख नयाँ मतदाता थपिएको जानकारी निर्वाचन आयोगले गराएको छ। अझै केही दिन मतदाता नामावली दर्ता गराउने समय रहेकाले यो संख्या अझै बढ्ने अनुमान गरिएको छ । निर्वाचन आयोग र सरकारबीच निर्वाचन गराउने विषयमा सैद्धान्तिक सहमति भए पनि निर्वाचन क्षेत्र निर्धारण आयोग भर्खर गठन भएको र उसको प्रतिवेदन नआएसम्म निर्वाचन घोषणा हुने अवस्था नदेखिएको हुनसक्छ । तर पनि निर्वाचन आयोगले भने प्रदेशसभा र प्रतिनिधिसभाको निर्वाचनका लागि गरेको तयारीलाई सकारात्मक मान्नुपर्छ ।

संविधानले व्यवस्था गरेको नियमलाई बाध्यकारी मानी अगाडि बढिएन भने निर्वाचन हुने सम्भावना क्षीण बन्दै जाने हुँदा तोकिएकै मितिमा तीनै चरणको निर्वाचन गर्नुपर्ने भएकाले सरकारले यसतर्फ ध्यान दिनु जरुरी छ। लोकतन्त्रलाई मजबुत बनाउने पहिलो खुड्किलोको रूपमा रहेको निर्वाचनलाई जुनसुकै हालतमा भए पनि सम्पन्न गर्नुपर्ने हुन्छ। यदि समयमै प्रदेशसभा र प्रतिनिधिसभाको निर्वाचन हुन सकेन भने लोकतन्त्र नै कमजोर हुने भएकाले यसतर्फ सरकारको ध्यान जाओस् ।

# जन्मको मोल चुकाउन नजान्ने समाज



कपिल काफ्ले

प्रजनन समाजको आवश्यकता हो भने यसको अभिन्न पक्ष मासिकस्राव महिलाको मात्र सरोकार र समस्याको विषय कसरी हुनसक्छ ? मासिकस्रावलाई महिलाको मात्र समस्या नभनी पुरुष तथा युवाको भूमिका आवश्यक पर्ने विषयका रूपमा समाजलाई प्रशिक्षित गर्नु आवश्यक छ। मासिकधर्मका सन्दर्भमा समाजलाई सचेत गराउन अभियानका साथ लाग्न सकियो भने 'मेनइङ्गेज' आन्दोलनले पनि उचाइ पाउनेछ।

मातृत्वको मूल्य चुकाउँछु भन्नु धृष्टता मात्र हो। अनमोल छ मातृत्व ! हामी केही कर्तव्य मात्र पूरा गर्न सक्छौं। आमआमाहरूका लागि केही सकारात्मक योगदान दिने चिन्तनले सभ्य समाजको निर्माणमा सघाउ पुऱ्याउँछ। आमाले हाम्रा लागि भोग्नुपरेको समस्या वा असहज अवस्थालाई पहिचान मात्र गरियो भने पनि आमाको सम्मान हुनेछ। प्रजननका लागि आमाले भोग्नुपरेको पहिलो असजिलो अवस्था भनेको मासिकस्राव नै हो। १३-१४ वर्षदेखि शुरु हुने यस प्राकृतिक चक्रका बारेमा कुरा उठाउँदा कतिलाई हल्का र सामान्य विषय लाग्न सक्छ। तर, मातृजातिप्रति सम्मान गर्ने हो भने कुरो यहींबाट शुरु गर्नै पर्छ।

हामी गर्भमा रहँदासम्म आमाको मासिक रक्तस्राव भएन। अर्थात् त्यही रगतले हाम्रो शरीर बन्यो। समाजले छिः छिः र दुर्दुर् गर्ने रगतबाट बनेको हाम्रा हातले चढाएको प्रसाद भगवान्ले स्वीकार गरिरहेका छन्, मानिस भने त्यही मासिकस्रावका आधारमा आमाहरूलाई मानवोचित व्यवहारसम्म गरिरहेको छैन। नेपालको पश्चिमी भूभागका छाउगोठ ढले पनि पूर्वमा मानवीय संवेदना र सामाजिक चेतनाको सूर्य नउदाएका कारण त्यस्ता गोठ नहुने शहर र गाउँमा पनि मासिकस्रावका बेला महिलालाई दुर्व्यवहार गरिएको छ। उनीहरूलाई पुरुषसरह सम्मान दिइएको छैन। मानवजातिको अस्तित्वलाई निरन्तरता दिन प्रकृतिले चलाएको धर्म पूरा गर्नका लागि प्राकृतिकरूपमा सिर्जित जैविक विषयलाई हामी विभेदको आधार बनाइरहेका छौं।

मासिकस्रावका बेला महिला तथा किशोरीमाथि समाजले गर्ने विभेदपूर्ण व्यवहार सभ्य समाजका लागि सुहाउने विषय हो ? अवश्य होइन। नेपाल सरकारले पनि यस विषयलाई सिद्धान्ततः स्वीकार गरेको छ। खानेपानी आपूर्ति तथा सरसफाइ मन्त्रालयको पहलमा छोइछिटोको अभ्यास अन्त्य गर्न, दैनिक जीवनमा लैङ्गिक समानताको अभ्यास हुनुपर्छ। प्रजनन समाजको आवश्यकता हो भने यसको अभिन्न पक्ष मासिकस्राव महिलाको मात्र सरोकार र समस्याको विषय कसरी हुनसक्छ ? मासिकस्रावलाई महिलाको मात्र समस्या नभनी पुरुष तथा युवाको भूमिका आवश्यक पर्ने विषयका रूपमा समाजलाई प्रशिक्षित गर्नु आवश्यक छ। मासिकधर्मका सन्दर्भमा समाजलाई सचेत गराउन अभियानका साथ लाग्न सकियो भने 'मेनइङ्गेज' आन्दोलनले पनि उचाइ पाउनेछ। लेखक तथा लैङ्गिक समानता अभियन्ता राधा पौडेलका विचारमा शान्ति, न्याय, मानवअधिकार र महिला सशक्तीकरणका लागि मासिकस्रावका कारण गरिने दुर्व्यवहार असभ्यता र अज्ञानताको परिचायक हो। मासिकस्रावलाई ठीक व्यवस्थापन गर्नुको साटो महिला तथा किशोरीलाई छोइछिटो गर्नु समाज विकासको सूचकांकमा आफूलाई कमजोर बनाउनु मात्र हो। मदन पुरस्कार विजेता पौडेल सरकारका तर्फबाट विभेदको उन्मूलनका लागि भएको प्रयासलाई स्वागत गर्नुहुन्छ।

कतिपय पुरुषले यस सन्दर्भमा कलम पनि चलाउँदै आएका छन्। गंगराज पण्डितले आफ्नो आलेखमा भनेका छन्, 'प्रकृतिलाई हामी भगवान् मान्छौं भने हामीले प्रकृतिका हरेक नियम र प्रक्रियाहरूको पूजा गर्नुपर्ने हो, तर विडम्बना कतिपय व्यवहारहरूमा प्रकृतिको यस्तो नियमलाई पूजा नभएर पाप तथा अभिशापका रूपमा परिभाषित गर्ने गरेको पाइन्छ। यसको ज्वलन्त उदाहरण हो नेपालका केही समुदायहरूमा प्रचलित छाउपडी प्रथा।'

'महिला अधिकार र यौन स्वतन्त्रता' शीर्षकको आलेखमा रमा पनेरु एक विदेशी साथीको अनुभव लेख्नुहुन्छ, 'मेरा आफ्नै गोपनीयताहरू छन्। मलाई अरुले मेरो बारेमा निर्णय गरेको मन पर्दैन।' यस सन्दर्भले के देखाउँछ भने, मासिक रक्तस्राव एक व्यक्तिगत शारीरिक अवस्था पनि भएकोले यसलाई लिएर अरुले नियम लाद्न मिल्दैन। महिलाले महिनावारीको अवस्था लुकाउन चाहेमा उनले यो स्वतन्त्रता पाउनुपर्छ । यसलाई बार्ने वा यस्तो अवस्थामा आराम गरेर बस्ने हो भने पनि उनलाई त्यो अधिकार दिइनुपर्छ। उनको शरीर उनको अधिकार हो।

महिनावारीका कारण महिलामाथि हुने विभेद र हिंसाविरुद्ध सशक्तरूपमा अभियान चलाउँदै आएकी राधा पौडेल लेख्नुहुन्छ- मासिकस्रावका बेला छाउगोठमा बस्दा महिलाका एकसाथ १० प्रकारका संवैधानिक मौलिक हक हनन हुन्छन्। परिवारबाट वञ्चित भएर बस्नुपर्ने, विद्यालयका सहपाठीसँग छुट्टिनुपर्ने, परिवारका पुरुष तथा अन्य वरिष्ठलाई छुनसम्म नहुने, स्वतन्त्र ढंगले हिँडडुल गर्न नहुने, समुदायका सांस्कृतिक तथा धार्मिक क्रियाकलापमा सहभागी हुनबाट वञ्चित रहनुपर्ने, फलफूल र तरकारीका बोटबिरुवा छुन नहुने, दूध र दूधबाट बनेका परिकार खान नहुने, छाउगोठमा रहेका बेला जँड्याहा र गुन्डागर्दी गर्ने व्यक्तिबाट पीडित हुने असुरक्षाको अवस्था, जंगली जनावर, सर्प आदिको टोकाइमा पर्ने आदि छन्। छाउगोठमा पानीको स्रोत हुँदैन, शौचालय, सरसफाइ, विद्यालय, मन्दिरको सुविधा आदि पाइन्न, पर्याप्त कपडा र सेनिटरी टाबेल पाइँदैन, स्वास्थ्यस्थितिमा चुनौती आउँछ। किशोरहरू यस्ता विभेदकारी नियमभन्दा बाहिर हुन्छन् भने किशोरीलाई नियम थोपरिन्छ, महिनावारीका सम्बन्धमा किशोरीलाई यो जैविक कार्य हो र मानव-जन्मका लागि यो एक अनिवार्य प्रक्रिया हो भन्ने तथ्यप्रति सचेत गराइँदैन। आफ्नो शरीरमा आएको परिवर्तनप्रति जानकार हुन पाउनु उनीहरूको आधारभूत अधिकार हो, जसको बेवास्ता भएको छ।

पौडेलले नेपालको संविधान २०७२ को धारा ३७ ले नागरिकलाई 'उपयुक्त आवासको अधिकार' प्रदान गरेको 'छाउगोठ'मा बस्दा महिला र किशोरीको उपयुक्त आवासको अधिकार पूर्ण नभएको तर्क दिनुभएको छ। छाउगोठमा रहँदा महिला तथा बालिकाका मानवअधिकार हनन भएको हुन्छ, उनीहरू हिंसामा पर्दछन्। उनीहरूमाथि यौनिक हिंसा पनि हुने गरेका छन्, यस प्रकारको हिंसा नभए पनि स्वास्थ्य र सुरक्षाका दृष्टिले कमजोर ठाउँमा बस्न बाध्य पारिनु मात्र पनि उनीहरूमाथिको हिंसा हो। यसलाई संरचनागत हिंसाका रूपमा लिनुपर्दछ।

छाउगोठमा रहँदा किशोरी तथा महिलाहरू शान्ति, मानवअधिकार र सशक्तीकरणका विभिन्न सुविधा र अवसरबाट वञ्चित भएका हुन्छन्। यस व्यवहारले पितृसत्तात्मक चिन्तन र पुरुषत्वको अभिमान प्रदर्शन गर्दै महिलामाथि विभेदपूर्ण व्यवहार गर्दछ। समाजले किशोरी र महिलामाथि मासिकधर्मका आधारमा विभेदपूर्ण व्यवहार गरेको देखेर कलिला बालबालिकाहरू पनि यही सिक्छन्, पछिसम्म त्यस्तै विभेदकारी व्यवहार गर्न पुग्छन्। यस प्रकारको व्यवहारका कारण किशोरी तथा महिलाहरू हीनताबोधले ग्रस्त बन्न पुग्छन्, उनीहरू आफूलाई दोस्रो दर्जाका नागरिकका रूपमा आत्मस्वीकृति जनाउने अवस्थामा पुग्छन्, भलै मानसिक विद्रोह उनीहरूमध्ये कतिमा प्रज्वलित भइरहेको हुनसक्छ। महिनाको पाँच दिन रक्तस्रावमा रहेका किशोरी तथा महिला त्यहाँ बस्ने बेलामा मात्र हीनताबोधले ग्रस्त हुँदैनन्, महिनाको ३० दिन नै उनीहरूको अगाडि ठिङ्ग उभिएर त्यस गोठले 'तेरो नियति त मैसम्म त हो' भनेर मानसिकरूपले ङ्याकिरहेको हुन्छ।

मे २८ लाई विश्वले २०१४ देखि अन्तर्राष्ट्रिय माहिनावारी दिवस मनाउन थालेको छ। यस अवस्थामा गरिने विभेदले मानवअधिकार हनन गर्ने व्याख्या संयुक्त राष्ट्रसंघको छ। मानवजातिको सिर्जनाका लागि महिला जातिमा हुने मासिक रक्तस्राव उनीहरूको मात्र सरोकारको विषय नभएर आमसमाजको जिम्मेवारीको विषय हो भन्ने धारणा आमपुरुषमा आउनु आवश्यक छ। राधा भन्नुहुन्छ- यस सन्दर्भलाई सेनिटरी टाबेल, शौचालय, सफा वा फोहर गोठको विषयमा मात्र सीमित गर्नहुन्न, वास्तवमा यो प्रतिष्ठा र सम्मानको विषय हो। कति आन्दोलनकारीहरू दुर्भाग्यवश छाउगोठ सफा हुनुपर्छ, सुविधायुक्त हुनुपर्छ भन्ने पक्षमा केन्द्रित छन्। कतिको माग छाउगोठ उन्मूलनमा छ, जबकि किशोरी तथा महिलाको सम्मान हुनुपर्छ भन्ने विषय गौण बनेको देखिन्छ।

## पाठक पत्र

### सरकार नागरिकको सम्पत्ति हडप्ने कार्यको साक्षी बन्नुहुँदैन

जोरपाटीदेखि सुन्दरीजलसम्मको ७ किलोमिटर मोटरबाटोलाई दायाँ-बायाँ ११/११ मिटर वृद्धि गरी २२ मिटर चौडा गर्ने सन्दर्भले उपत्यकाका सम्पूर्ण मानिसको ध्यान केन्द्रित गरेको छ। नागरिकको समस्यालाई समाधान गर्ने र उपत्यकाको सवारी चापलाई नियन्त्रण गर्ने भनी सरकारले पछिल्ला दिनमा सडक चौडा गर्ने कार्यलाई उच्च प्राथमिकतामा राखी कार्य गरिरहेको हो। विकासले सामाजिक परिवर्तन र नागरिकको जीवनयापनमा सुधार ल्याउनुपर्दछ। साथै बाटो चौडा गर्ने प्रश्नले आमनागरिकको चासो मात्र होइन, अपनत्वसमेत ग्रहण गर्न सक्नुपर्दछ। होइन भने विकासको लागि राज्यले गर्ने लगानी बालुवामा पानी हालेजत्तिकै अर्थहीन हुन्छ।

सडक चौडा गर्दा राज्यको सम्पूर्ण मापदण्ड पूरा गरी आफूले बाली तिरिरहेको जग्गाको चलनचल्तीको आधारमा मुआब्जा र आफ्नै नाममा रहेको जग्गामा राज्यले निर्देशन गरेबमोजिमको मापदण्डअनुरूप बनाएको घर, टहरा र पर्खाललगायतका संरचनाहरूको क्षतिपूर्ति माग गर्नु जनताको नैसर्गिक अधिकार हो। तर सरकार विनामुआब्जा र क्षतिपूर्ति नै नागरिकको अधिकारलाई कुण्ठित गर्ने गरी जोरपाटीदेखि सुन्दरीजलसम्मको ७ किलोमिटर सडक २२ मिटर चौडा गर्न चाहिरहेको छ। सडक चौडा गर्ने जिम्मेवारी पाएको उपत्यका विकास प्राधिकरण स्थानीय निकाय, स्थानीय राजनीतिक दल र सरोकारवालाहरूसँग समन्वय नै नगरी बल प्रयोग गरेर सुटुक्क नाँपजाँच गर्न खोज्छ। महान् चाड बडादशैंको पूर्वसन्ध्यामा नागरिकलाई आतंकित र त्रसित पार्ने गरी चिन्ह लगाउन पुगेका प्राधिकरणका कर्मचारीविरुद्ध एक भएर प्रतिकारमा उभिए। जोरपाटी-सुन्दरीजलका आमनागरिक पहिले जग्गाको उचित मुआब्जा र संरचनाहरूको वैज्ञानिक क्षतिपूर्ति तोकेर मात्र कार्यसम्पादन गर्न सरकारलाई सुझाउँछन्।

जोरपाटीदेखि सुन्दरीजलसम्मको ७ किलोमिटर सडक २२ मिटर चौडा गर्दा करिव ८ सय घरमा बसोबास गर्ने ७० हजार नागरिक विस्थापित हुन बाध्य हुन्छन्। तसर्थ नेपालको संविधान, विद्यमान कानुन, ऐन र पछिल्ला समयमा सडक विस्तारका सम्बन्धमा सम्मानित सर्वोच्च अदालतले गरेका आदेशहरूलाई समेत मनन गरी आमनागरिकको पक्षमा कार्य गर्नु नेपाल सरकारको कर्तव्य हो।

सडक चौडा गर्ने विषयको फितलो आधार :

वि.सं. २०४५ कार्तिक १६ गतेका दिन कार्यवाहक सह-अञ्चलाधीश श्रीमान श्रेष्ठको अध्यक्षतामा बसेको काठमाडौं उपत्यका नगर विकास समिति काठमाडौंको बैठकले जोरपाटी-सुन्दरीजल सडकलाई आर्टेरियल सडकसरह कायम गरी सो बाटोको केन्द्रबाट दायाँ-बायाँ ११ मिटर सेट ब्याक कायम गर्ने भन्ने निर्णय गरेको छ। तर त्यो निर्णयलाई न कानुनको रूपमा राज्यले मान्यता दिएको छ, न त त्यो निर्णयमा जनतालाई मुआब्जा र क्षतिपूर्ति नदिने भनी कतै उल्लेख नै भएको छ ? त्यही फितलो निर्णयका आधारमा वि.सं. २०४५ माघ १३ गते गोरखापत्रमा काठमाडौं उपत्यका नगर विकास समितिले सूचना प्रकाशन गर्नेबाहेक नागरिकलाई सुसूचित गर्न सरकारी पक्षबाट कुनै प्रयास नै भएको छैन।

भद्र र शिष्ट शैलीमा वार्ता र संवादका माध्यमबाट नागरिकका समस्याको सम्बोधन गर्न सरकारी पक्षले पहल गर्नुपर्दछ। तर सरकारले नै प्रशासन प्रयोग गरी नागरिकको व्यक्तिगत सम्पतिमाथि धावा बोल्नु प्रजातान्त्रिक व्यवस्थालाई कमजोर पार्ने षड्यन्त्र होइन ? के सडक चौडा गर्ने नाममा नागरिकको नैसर्गिक अधिकार नै नामेट हुने गरी सरकारले गुन्डागर्दी गर्न पाउँछ ?

नागरिकका पक्षमा बनेका ऐनहरू :

सर्वसाधारणको जग्गा सरकारले जुनसुकै प्रयोजनका लागि अधिग्रहण गर्दा पनि पहिले उचित मुआब्जा निर्धारण गनुपर्ने कानुनी प्रावधान छ। त्यसका लागि २०३३ सालमा मुआब्जा निर्धारण समिति गठन गर्ने प्रावधान राजपत्रमा उल्लेख गरिएको छ।

सार्वजनिक कार्यका लागि सरकारले कुनै जग्गा आवश्यक मानेमा मुआब्जा दिने गरी जुनसुकै ठाउँमा जतिसुकै जग्गा अधिग्रहण गर्न सक्ने प्रावधान जग्गा प्राप्ति ऐन २०३४ मा व्यवस्था भएको छ।

व्यक्तिगत सम्पत्तिको सुरक्षाका सन्दर्भहरू :

२३ भाग १ सय ३३ धारा र ३ अनुसूचि भएको नेपाल अधिराज्यको संविधान २०४७ मा १३ वटा मौलिक हकहरू रहेको थियो। जसमा नागरिकको सम्पत्तिमाथिको अधिकारलाई सुरक्षित गरिएको थियो।

नेपालको संविधान २०७२ ले भाग ३ धारा २५ को उपधारा १,२ र ३ मा मौलिक हक र कर्तव्यअन्तर्गत नागरिकको सम्पत्तिको हक सुरक्षित गरेको छ।

पछिल्ला समयमा सम्मानित सर्वोच्च अदालतले पनि सर्वसाधारणको जग्गा र उक्त जग्गामा बनेको संरचनाहरूको उचित मुआब्जा र वैज्ञानिक क्षतिपूर्तिको व्यवस्था नगरीकन सरकारले कुनै पनि प्रयोजनका लागि व्यक्तिगत सम्पत्ति हडप्न नमिल्ने भन्ने आशयका फैसलाहरू गरेको छ।


जोरपाटी-सुन्दरीजल सडक विस्तार सरोकार समितिका पदाधिकारीहरूले नेपाली कांग्रेसका सभापति तथा प्रधानमन्त्री शेरबहादुर देउवा, कांग्रेस नेता प्रकाशमान सिंह, नेकपा एमालेका नेताहरूका साथै राप्रका नेता डा. प्रकाशचन्द्र लोहनीलगायतका नेताहरूसँग पनि छुट्टाछुट्टै भेट गरिसकेको छ। उक्त भेटमा जोरपाटी-सुन्दरीजल सडकखण्डका नागरिकहरूका समस्या र यहाँको यथार्थताबारे जिज्ञाशा राख्नुभएका नेताहरूले मुआब्जा र क्षतिपूर्तिविना सडक निर्माण गर्ने बहानामा सरकारले जनताको सम्पत्तिमाथि धावा बोल्न नमिल्ने साझा धारणा राख्नुभयो। नेकपा एमालेका नेता रविन्द्र अधिकारी सभापति रहनुभएको संसद्को विकास समितिले समेत सडक चौडा गर्ने सन्दर्भमा सबै सरोकारवालाहरूलाई जानकारी दिई, सबै पक्षलाई हित हुने गरी मात्र कार्य गर्न सम्बन्धित निकायहरूलाई निर्देशन दिएको छ।

सडक चौडा गर्ने र व्यवस्थित शहरको योजना कार्यान्वयन गर्ने शहरी विकास मन्त्रालयका विभागीय मन्त्री अर्जुननरसिंह केसीसँग पनि जोरपाटी-सुन्दरीजल सडक विस्तार गर्ने सरकारी रवैया नागरिक अधिकार हनन गर्ने प्रकारको भएकाले नागरिकको सम्पत्तिमाथिको मौलिक हकको रक्षार्थ कार्य गर्न सरोकारवालाहरूका तर्फवाट अनुरोध भइसकेको छ। उक्त अनुरोधका सम्बन्धमा विभागीय सचिवलाई अध्ययन गरी प्रतिवेदन प्रस्तुत गर्न मन्त्रीले निर्देशन नै गरेका छन्।

नागरिकको सम्पत्तिमाथिको हकका पक्षमा सर्वत्र प्रतिबद्धता रहँदा पनि सुटुक्क आएर सडक नाँपजाँच गर्ने, चिन्ह लगाउने र आमनागरिकलाई आतंकित गर्ने उपत्यका विकास प्राधिकरणको रवैयामा चाहिँ गुन्डा शैली किन ? नागरिकको आन्दोलनले राज्य व्यवस्था त परिवर्तन गर्न सक्छ भने कुनै निकायको कारिन्दा/कर्मचारी त सामान्य हो। तसर्थ कर्मचारीसँगको कुरा भन्दा पनि अहिलेको सन्दर्भ भनेको राज्यको नीतिसँग गाँसिएको छ। नीतिगत तहमा राज्यले नागरिकलाई सुकुम्बासी बनाउने भन्ने त सम्भावना नै छैन। तर अहिलेको सन्दर्भमा नागरिकले रगत-पसिना एक गरेर सबै कानुनी प्रक्रिया पूरा गरी जग्गा जोड्छ, घर बनाउँछ अनि सरकार नागरिकको करोडौं लगानी भएको त्यही सम्पत्तिमाथि डोजर चलाउँछ। यस्तो अन्यायपूर्ण तरिकाले सर्वसाधारणको सम्पत्ति जबरजस्ती हडप्ने र भूमाफियाहरूलाई प्रोत्साहित गर्ने गैरकानुनी कार्यको साक्षी भने सरकार स्वयं कदापि बन्नुहुँदैन।


*- सुशील सिंखडा*
*sushilsimkhadako@gmail.com*

## सामाजिक सञ्जाल




स्वास्थ्य क्षेत्रको हालतउपर गुनासो गर्ने सत्ता/प्रतिपक्षका सांसद, नेता, कार्यकर्तालगायत सबैको चासो डा. केसीको मागमा समेटिएको छ। समर्थन गरौं !

**Surya Raj Acharya**
**@SuryaRAcharya**




देशमा पञ्चायत हटेर प्रजातन्त्र, लोकतन्त्र अनि गणतन्त्र आयो तर यो दलालतन्त्र कहिल्यै नहट्ने भो। हरिशरणम् !

**Khagendra**/धनपति
**@Khagendrame**



धनीलाइ झन् र गरिबलाई झन् गरिब बनाउनु भगवान्को दोष होइन। यो भ्रष्ट नेताहरूको कारण हो। नपत्याए भ्रष्टाचार कम हुने देशका जनतालाई हेर्नुस्, उनीहरु धनी छन्।

दीपेन्द्र विष्ट
**@rock_7up**



# नेपाल

सरकारले ४५ जिल्लामा परीक्षणका रूपमा सञ्चालन गर्दै आएको पाठेघरको मुखको क्यान्सर परीक्षण यस वर्षदेखि ७५ वटै जिल्लामा नि:शुल्करूपमा परीक्षण गर्ने जनाएको छ।

## दुई मिनेट

### लुटपाट गर्ने पक्राउ

काठमाडौं, (नेस)

धारिलो हतियार प्रहार गरी लुटपाट गरेको अभियोगमा रौतहट ङ्याल-८ घर भएका २५ वर्षीय सुमन विश्वकर्मालाई प्रहरीले पक्राउ गरेको छ।

विश्वकर्माले शनिबार राति कीर्तिपुर नगरपालिका-२ मैत्रीनगरस्थित बाटोमा हिँडिरहेका जाजरकोट छेडागाड नगरपालिका-१२ घर भएका १८ वर्षीय प्रकाश अधिकारीलाई टाउकोमा धारिलो हतियार चक्कु प्रहार गरी घाइते बनाई साथमा रहेको नगद २० हजार रुपियाँ र १ थान मोबाइल लुटेको बताइएको छ।

सो घटनाको खबर प्राप्त हुनासाथ महानगरीय प्रहरी वृत्त कालिमाटीबाट खटिएको प्रहरी टोलीले विश्वकर्मालाई कलंकी खसीबजारबाट पक्राउ गरेको थियो। घाइते अधिकारीलाई उपचारका लागि कीर्तिपुर मोडेल अस्पतालमा पठाइएको छ। यस सम्बन्धमा प्रहरीले आवश्यक अनुसन्धान गरिरहेको जनाइएको छ।

### बेवारिसे म्यागजिन फेला

काठमाडौं, (नेस)

महानगरीय प्रहरी वृत्त लैनचौरबाट खटिएको प्रहरी टोलीले शनिबार काठमाडौं महानगरपालिका-२६ ठमेल पिङ्क प्यालेस होटेलअगाडि सडकछेउबाट बेवारिसे अवस्थामा होममेड पेस्तोलमा लाग्ने १ थान खाली म्यागजिन बरामद गरेको छ।

यस सम्बन्धमा प्रहरीले आवश्यक अनुसन्धान गरिरहेको जनाइएको छ।

### पुरिएर मृत्यु

ललितपुर, (नेस)

महांकाल गाउँपालिका-६ गिम्दी हुटिटार बस्ने मंगलबहादुर स्याङ्तानको दुईतले कच्ची घर वर्षाले शनिबार राति भत्काउँदा स्याङ्तानको ४ वर्षीया छोरी सुस्मिता स्याङ्तानको पुरिएर मृत्यु भएको छ।

उक्त स्थानमा प्रहरीले उद्धार कार्य गरिरहेको जनाइएको छ।

## साझा प्रकाशन अनिमियतता प्रकरण

# सञ्चालकद्वारा सुनुवाई बहिष्कार

ईश्वरराज ढकाल, काठमाडौं

साझा प्रकाशनका अध्यक्ष एवं महाप्रबन्धक डोलिन्द्र शर्माले आयोजना गरेको सार्वजनिक सुनुवाई एवं पत्रकार सम्मेलन तीन सञ्चालकले बहिष्कार गरेका छन्। आफ्नो विषयमा आएका समाचारलाई खण्डन गर्ने गरी आयोजना गरिएको कार्यक्रममा आफूहरू उपस्थित नभएको उनीहरूले बताएका छन्। आफू मनपरी गर्ने अनि सामाचार आयो भनेर खण्डन गर्न बोलाएको कार्यक्रममा हामी किन जाने?' -सञ्चालक विजय सुब्बाले नेपाल समाचारपत्रसँग भन्नुभयो।

उहाँले साझा प्रकाशनको अनियमितताबारे छानविन भइरहेको अवस्थामा यस्तो कार्यक्रम आयोजना गरेर पत्रकार सम्मेलन गर्नु गलत भएको बताउनुभयो। उहाँले भन्नुभयो- 'हामी निर्वाचित सदस्य हौं, साझाले गरेको कुनै पनि कार्यक्रममा सहभागी हुन्छौं, हचुवाको भरमा अध्यक्ष एक्लैले आयोजना गरेको कार्यक्रममा सहभागी हुँदैनौं।'

उहाँले निर्वाचित तीनैजना सदस्यहरू सो कार्यक्रममा उपस्थित नभएको जानकारी दिनुभयो। 'म, जीवनचन्द्र कोइराला र हरिहर खनाल तीनैजना नगएकै हौं' -सुब्बाले भन्नुभयो। अर्का सञ्चालक जीवनचन्द्र कोइरालाले बिनातयारी बैठक नै नडाकिकन आयोजना गरिएको कार्यक्रममा उपस्थित हुनु औचित्य नभएको बताउनुभयो। उहाँले भन्नुभयो- 'उहाँको कार्यक्षेत्रको बारेमा कुरा भएकाले नै उहाँले आयोजना गर्नुभएको कार्यक्रममा उपस्थित नभएका हौं।' उहाँले आन्तरिक छलफलसमेत आयोजना नगरी गरिएको कार्यक्रममा उपस्थित हुनुको कुनै औचित्य नभएको बताउनुभयो।

तीन निर्वाचित सञ्चालक उपस्थित नभए पनि साझाले मनोनित गरिएका तीन जना सदस्यहरूको उपस्थिति रहेको थियो। साक्षीको रूपमा उपस्थित पूर्वमन्त्री एवं सदस्यद्वय प्रदीप नेपाल, दीनानाथ शर्मा र साहित्यकार कृष्णहरि बराल गरी तीन जना सञ्चालक उपस्थित थिए।

सार्वजनिक सुनुवाई भनी आयोजना गरिएको कार्यक्रममा अधिकांश कर्मचारीले सञ्चालकत्रयलाई तथानाम आरोप लगाएका थिए। आरोप लगाइरहँदा तीनैजना चुप लागेर बसेका थिए। तीन सञ्चालकमध्ये नेपाल र शर्मालाई करिब ६ महिनासम्म अध्यक्ष डोलिन्द्र शर्माले खुसी पार्न चालक पठाएको र सञ्चारमाध्यममा समाचार आएपछि डरले चालक फिर्ता गरेको, अध्यक्ष शर्माले जे भन्यो त्यही मान्ने र लाखौं रुपियाँ भत्ता बुझ्ने गरेको, अनुगमनको नाममा भत्ता बुझ्ने गरेको, घरमा माइन्युट ल्याउँदा सजिलैसँग हस्ताक्षर गर्ने गरेकोलगायतका दर्जनौं आरोप लगाउँदा तीनैजना सञ्चालक मुकदर्शक भएका थिए। 'तपाईंहरू आदरणीय हुनुहन्छ तर साझा डुबाउने अध्यक्ष शर्माले राखेको सबै प्रस्तावलाई स्वागत गर्नुहुन्छ, मनपरी गर्दासमेत छुट दिनहुन्छ' -कर्मचारीको आरोप थियो।

साझा प्रकाशन कर्मचारी युनियनका अध्यक्ष प्रभा रेग्मीले अध्यक्ष शर्माले संस्थालाई लाखौं रुपियाँ घाटा गर्नेगरी आफ्नो स्वामित्वमा रहेको अल्पाइन प्रेसमा पुस्तक छपाई गर्ने गरेको, नक्कली माइन्युट खडा गर्ने गरेको, २ वर्षदेखिको सञ्चयकोष नपठाएको, लाखौं रुपियाँ अपचलन गर्दा पनि सञ्चालकहरू टुलुटुलु हेरेर बसेको, सयभन्दा बढी कर्मचारीलाई अवकाश दिएको, ८५ जना नयाँ कर्मचारीलाई नियमविपरीत नियुक्ति गरेकोलगायतका दर्जनभन्दा बढी आरोप लगाएका थिए।

पत्रकार सम्मेलन भनेर आयोजना गरिएको सार्वजनिक सुनुवाईमा अधिकांश कर्मचारीले अध्यक्ष शर्माले अनधिकृतरूपमा आफ्नो लगानीमा सञ्चालन भएको अल्पाइन प्रेसमा पुस्तक छपाई गरी साझालाई डुबाएको आरोप लगाएका थिए। पूर्वकर्मचारी तारा चालिसेले आफूले पाउने तलबलगायतका सुविधा उपलब्ध गराउने भन्दै अवकाश दिन लगाएर पनि हालसम्म २० प्रतिशत मात्रै तलब दिएर कर्मचारीमाथि थिचोमिथो गरेको आरोप लगाउँदै अध्यक्ष शर्माकै कारण साझा प्रकाशन तहसनहस हुन लागेको बताउनुभयो।

उहाँले पुस्तक छपाईमा अनियमितता हुँदासमेत सञ्चालकद्वय नेपाल र शर्माले अध्यक्ष शर्माले जे भन्यो त्यसैमा हस् भन्दै घरमा लगेर माइन्युट हस्ताक्षर गराउँदासमेत मान्ने प्रवृतिको कारण संस्था धराशयी बन्दै गएको आरोप लगाउनुभयो। उहाँले सरकारबाट बैंकको ऋण तिर्न भनी दिएको रकम अन्तै खर्च गरेर ठूला कुरा गर्ने गरेको, अधिकृतस्तरका कर्मचारीलाई बाहिर राखेर सहायकस्तरको कर्मचारीलाई विभागीय प्रमुखको जिम्मेवारी दिएकोलगायत संस्थामा दर्जनौं गैरकानुनी काम हुने गरेको जानकारी गराउनुभयो।

अधिकांश समय अध्यक्ष शर्माको कडा आलोचना गरेका कर्मचारीले अध्यक्षकै कारण संस्था कमजोर बन्दै गएको आरोप लगाएका थिए। अध्यक्षको विरोधमा बोल्ने कर्मचारीलाई सरुवा गर्ने धम्की दिने त कसैलाई सरुवा गर्ने गरेको, आफूले भनेका कर्मचारीलाई कारबाही गर्छु भन्ने चेतावनी दिने गरेकोलगायतका आरोप कर्मचारीले लगाएका थिए।

अवकाश प्राप्त कर्मचारी हीराकाजी महर्जन, रामशरण अधिकारीलगायतले साझा प्रकाशनको विषयमा सरकारले छानविन गर्नुपर्ने र मनपरीरूपमा पुस्तक प्रकाशन गर्न छुट दिने अध्यक्षमाथि कारबाही गर्नुपर्ने बताएका थिए। अध्यक्ष शर्माले शून्य रकम भएको संस्थालाई यो स्थानमा ल्याउन आफूले ठूलो योगदान गरेको दाबी गर्नुभएको थियो। उहाँले आफूमाथि लगाइएको आरोप गलत भएको टिप्पणी गर्दै छानविन गरी दोषी भए कारबाही भोग्न तयार रहेको बताउनुभएको थियो। उहाँले आफ्नो कार्यकालमा ९० भन्दा बढी पुस्तक प्रकाशन गरेको, संस्थामा ११ वर्षदेखिको लेखा परीक्षण गर्न शुरू गरिएको, कर्मचारी व्यवस्थापनलाई चुस्त बनाइएको, पाठ्यपुस्तक उत्पादन गरेको, अन्तर्राष्ट्रिय सहयोग समिति गठन गरी सम्बन्ध विस्तार गरेको बताउनुभएको थियो।

उहाँले आफूमाथि लगाइएको आरोप आधारहीन भएको जिकिर गर्दै आफूले गल्ती गरे जुनसुकै कारबाही भोग्न तयार रहेको जानकारी गराउनुभएको थियो। उहाँले सञ्चालक नआएको विषयमा उहाहरूलाई नै सोध्नुस् भन्दै सञ्चालकको विषयमा आफूले केही बोल्न नचाहेको उल्लेख गर्नुभयो। 'ममाथि लगाइएका अधिकांश आरोप अख्तियारद्वारा सफाई भइसकेको जिकिर गर्दै उहाँले भन्नुभयो- 'मैले अख्तियारबाट सफाई पाइसकेको विषयमा केही भन्नुछैन।'

अनियमितता गरेको विषयमा सञ्चारमाध्यमले समाचार लेख्न थालेपछि आत्तिएर पत्रकार सम्मेलन र सार्वजनिक सुनुवाई गर्नपुगेका अध्यक्ष शर्माको विरुद्धमा कर्मचारीले कार्यक्रमस्थलमै विज्ञप्ति वितरण गरेका थिए। सञ्चालकत्रय नेपाल, शर्मा र बरालमाथि आरोप लाग्दा उनीहरूले कुनै जवाफ दिएका थिएनन्। कार्यक्रममा बोल्दै साहित्यकार मोदनाथ प्रश्रितले घटना गहन हुँदै गएकाले एउटा आयोग बनाएर छानविन गर्नुपर्ने बताए। उनले भने- 'जस्तोसुकै भए पनि स्रस्टाको कृति जोगाइराख्न साझा बचाउनुपर्छ।'

सिनेमा कर्नर

TODAY'S MOVIES

Mubarakan 8:20, 11:20 2:20, 5:20

Munna Michael 8:20, 11:20 2:20, 5:20

Sayad 2 8:20, 11:20 2:20, 5:20

Ma Yesto Geet Gauxu 8:20, 11:20 2:20, 5:20


प्रेम गित-२ 8:20, 11:20 2:20, 5:20

Doctor Khate 8:20, 11:20 2:20, 5:20

रुद्र 8:20, 11:20 2:20, 5:20

Gopi Krishna Movies

Dolby Digital, DTS Surround Sound · Luxurious & Pushback Seats · Extraordinary Picture Quality · Comfort Lounge · Comfy Cabins Serving Food on order · Massage Chair · Children's Corner · Coffee Joints · Rhythm Room · In-Theatre Advertising




Booking: 4812393/4812409

Guna Cinema

एकै छानामुनी ८ सिनेमा हल

Mubarakan

Munna Micheal

तारेभिर

रुद्र

सायद-२

म यस्तो गित गाउछु




Information SMS "smscinema" to 4862 or Dial 01618015 202777

Show Time 9:00, 12:00, 3:00, 6:00

गंगा चलचित्र मन्दिर

2 in 1 बालाजु, काठमाडौं. फोन नं. ९८१०३०४६२, ९८४१८०२०२६




## एमाले बैठकमा ओलीको तिब्बत भ्रमणको समीक्षा

# केही जिल्लाको समन्वय परिषद्मा छनोट



पुष्कर बुढाथोकी, भक्तपुर

नेकपा एमालेले स्थानीय तहको निर्वाचनअन्तर्गत केही जिल्लाको जिल्ला समन्वय परिषद्का लागि प्रमुख र उपप्रमुखको उम्मेदवारी टुंगो लगाएको छ। एमाले अध्यक्ष केपी शर्मा ओली निवास बालकोटमा आइतबार बसेको एमाले स्थायी कमिटी बैठकले पार्टी जिल्ला कमिटीको सिफारिस तथा प्रदेश संगठन कमिटीको सिफारिस र राय सुझावको आधारमा जिल्ला समन्वय परिषद्का प्रमुख तथा उपप्रमुखको उम्मेदवारी टुंगो लगाएको बैठकपछि पार्टी प्रचार विभाग प्रमुख योगेश भट्टराईले जानकारी दिनुभयो ।

बैठकमा कतिपय जिल्लाहरूमा नोमिनेसन प्रक्रिया चलिरहेको अवस्थामा उम्मेदवार सर्वसम्मत बनाउनका लागि सम्बन्धित प्रदेश कमिटीका इन्चार्जलाई जिम्मा लगाउने निर्णय भएको छ। त्यस क्रममा पार्टी अध्यक्ष ओलीले भर्खरै मित्र राष्ट्र चीनको तिब्बत हुँदै मानसरोवरको भ्रमणका क्रममा चिनियाँ सरकारका उच्च अधिकारीसँग भएको बैठक र छलफलको बारेमा जानकारी गराउनुभएको थियो।

एमालेको सरकारको पालामा उत्तर र दक्षिण नाका खोल्ने निर्णय भएको र कार्यक्रम नै अघि बढाएको बारेमा चिनिया प्रतिनिधिसँग कुराकानी भएको र सिन्धुपाल्चोकको नाका भूकम्पपछि पुनः खोल्न चिनियाँ पक्ष सकारात्मक भएको कुरा अध्यक्षले बैठकमा राख्नुभएको उल्लेख गर्दै भट्टराईले चीन र नेपाल दुई पक्षीय हितबारे छलफल भएको जानकारी दिनुभयो। बैठकमा समसामयिक विषय, निर्वाचन क्षेत्र निर्धारण, आउने संसदीय र प्रदेश सभाको निर्वाचनको सन्दर्भलगायतका राष्ट्रिय राजनीतिका विषयमा समेत छलफल भएको र थप छलफल गर्नुपर्ने आवश्यक भएकाले आइतबार ११ बजे पार्टी केन्द्रीय कार्यालय धुम्बाराहीमा पुन बैठक बस्ने उहाँले जानकारी दिनुभयो।

प्रचार विभाग प्रमुख योगेश भट्टराईका अनुसार आइतबारको बैठकले रामेछापको प्रमुखमा प्रेमबहादुर खड्का, उपप्रमुखमा दीपा पाखिन, रसुवाको प्रमुखमा कुलप्रसाद भट्ट, उपप्रमुख छोपेमा तामाङ्नी, मकवानपुरको प्रमुखमा रघुनाथ खुलाल, उपप्रमुखमा भगवती पुडासैनी, भक्तपुरको प्रमुखमा नवराज गेलाल, उपप्रमुखमा सरिता कुँवर, डोल्पाको प्रमुखमा विशोरबहादुर बुढा, सल्यानको उपप्रमुखमा कुलबहादुर गिरी, कालिकोटको प्रमुखमा प्रेमबहादुर शाही, उपप्रमुखमा सरिता आचार्य, जाजरकोटको प्रमुखमा गोरे कार्की र उपप्रमुखमा कमलादेवी शाहीको नाम टुंगो लगाएको छ।

यसै गरी हुम्लाको उपप्रमुखमा खगेन्द्र काकी, सुर्खेतको प्रमुखमा टोपबहादुर राजकोटी, उपप्रमुखमा दीपा मल्ल, मुगुको प्रमुखमा पूर्णबहादुर रोकाय, उपप्रमुखमा कर्णशिला मल्ल, खोटाङको प्रमुखमा बबी चाम्लिङ, उपप्रमुखमा गोमा खत्री, इलामको प्रमुखमा गणेश बराल, उपप्रमुखमा चित्रकला बराइली र बझाङको प्रमुख खड्गबहादुर खड्का र उपप्रमुखमा भागिरथी अवस्थी जोशी, पाल्पामा दयाराज बस्याल र हीरामायाको नाम टुंगो लगाइएको छ।

बैठकमा कतिपय जिल्लामा उम्मेदवार सर्वसम्मत बनाउनका लागि सम्बन्धित प्रदेश कमिटीका इन्चार्जलाई जिम्मा लगाउने निर्णय भएको छ।

# प्रहरी कार्यालय उद्घाटन

काठमाडौं, (नेस)

महानगरीय प्रहरी कार्यालय, रानीपोखरीका प्रमुख निमित्त प्रहरी आयुक्त प्रहरी नायव महानिरीक्षक बमबहादुर भण्डारीले महानगरीय प्रहरी वृत्त गौशालाको नवनिर्मित कार्यालय भवनको आइतबार आयोजित एक समारोहबीच उद्घाटन गर्नुभयो। उहाँले भवन निर्माण कार्यमा सहयोग पुऱ्याउनुहुने विभिन्न संघ-संस्था तथा स्थानीय व्यक्तिहरूलाई प्रशंसापत्र तथा कदरपत्रसमेत प्रदान गर्नुभयो।

उक्त अवसरमा निमित्त प्रहरी आयुक्त भण्डारीले भवन निर्माणका लागि सहयोग गर्ने स्थानीय जनता संघ-संस्था, समाजसेवी, सहयोगी दाताहरूलाई धन्यवाद दिँदै महानगरीय प्रहरीको कार्यनीति नै जनतासँग सम्बन्ध सुधार गरी समाजमा शान्ति सुरक्षा र सुव्यवस्था कायम गर्ने लक्ष्य रहेको अवस्थामा प्रहरी भवन निर्माणको लागि नागरिकहरूले देखाउनुभएको तत्परताले नागरिक प्रहरीको सम्बन्धमा महत्त्वपूर्ण भूमिका खेलेको बताउनुभयो।

शान्ति सुरक्षा अपराध रोकथाम नियन्त्रण र अनुसन्धानको जिम्मा नेपाल प्रहरीको भए तापनि समाजको सहयोग र सहकार्यबिना शान्ति सुव्यवस्था कायम गर्न नसकिने कुरा औंल्याउनुहुँदै नागरिकको सहयोग नै महत्त्वपूर्ण हुने बताउनुभयो।

प्रहरी वृत्त गौशालाका प्रमुख प्रहरी नायव उपरीक्षक नवराज कार्कीले २२ लाख ७ हजार २ सय ६२ रुपियाँको लागतमा एकतले भवन निर्माणकार्य सम्पन्न भएको जानकारी दिनुभयो।

माउन्ट मकालु यातायात सेवा

काठमाडौं-बिर्तामोड-ताप्लेजुङ

प्रस्थान दिउँसो २ बजे

केन्द्रीय कार्यालय, कलंकी

सम्पर्क फोन : ४२७७५५२, ४२७९६१३

# पाठेघर क्यान्सरको नि:शुल्क परीक्षण हुने

काठमाडौं, (नेस)

सरकारले ४५ जिल्लामा परीक्षणका रूपमा सञ्चालन गर्दै आएको पाठेघरको मुखको क्यान्सर परीक्षण यस वर्षदेखि ७५ वटै जिल्लामा नि:शुल्करूपमा परीक्षण गर्ने जनाएको छ।

नि:शुल्क परीक्षणका लागि १६ करोड बजेट छुट्याइएको परिवार स्वास्थ्य महाशाखाले जनाएको छ। सेवा देशभरका जिल्ला अस्पतालमा उपलब्ध हुने जनाएको छ। 'यस वर्षदेखि कम्तीमा सबै जिल्ला अस्पतालमा भीआईए र स्क्रिनिङ टेस्ट नि:शुल्क हुने परिवार स्वास्थ्य महाशाखाका निर्देशक डा. नरेशप्रताप केसीले जानकारी गराउनुभयो। डा. केसीका अनुसार साउनको अन्तिम सातासम्म स्वास्थ्यकर्मीलाई आवश्यक तालिम दिने र भदौको पहिलो सातादेखि नै सेवा सुचारु गर्ने योजना रहेको बताउनुभयो।

महिलाहरूमा हुने क्यान्सरमध्ये नेपालमा १ नम्बरमा पाठेघरको मुखको क्यान्सर देखिने गरेको विभिन्न अनुसन्धानले प्रमाणित गरिसकेको छ। क्यान्सर लागेको थाहा नहुने र रोग पत्ता लाग्दा अन्तिम अवस्थाअर्थात् उपचार नलाग्ने अवस्थामा पुग्ने गरेकाले नि:शुल्क परीक्षण गरी समयमै रोग पत्ता लगाउने उद्देश्यले सरकारले नि:शुल्क परीक्षण शुरु गरेको डा. केसी बताउनुहुन्छ।

नेपालमा पाठेघरको मुखको क्यान्सर हुने अधिकांश महिलाहरू सानै उमेरमा विवाह गरी धेरै बच्चा जन्माउन बाध्य हुने र जनचेतनको अभावले रोग लुकाउने व्यक्तिहरू बढी भएको पाइएको अनुसन्धान रिपोर्टहरूमा सार्वजनिक गरिएको छ। कतिपय महिलाहरू लाजमानेर आफ्नो समस्या लुकाउने र अन्तिम अवस्थामा मात्र भन्ने गरेका कारण पनि रोगको प्रकोप बढ्ने गरेको चिकित्सकहरूको ठम्याई छ।

## आजको राशि

ज्यो. चन्द्रेश शर्मा

**मेष** : धन प्राप्ति, साथीभाइबाट सहयोग, पढाइ-लेखाइमा सफलता ।

**वृष** : आर्थिक लाभ, प्रतिस्पर्धीमाथि विजय, गरेका कार्यमा सफलता ।

**मिथुन** : धन प्राप्ति, कार्यसिद्धि, सुख-सन्तोष, मानसिक प्रफुल्लता ।

**कर्कट** : स्वास्थ्य गडबड, बिनाउपलब्धिको दौडधुप, परिवारिक विवाद ।

**सिंह** : आर्थिक लाभ, प्रतिष्ठा वृद्धि, सानै प्रयासमा प्रगतिको अवसर ।

**कन्या** : धनलाभ, राम्रो कामको थालनी, विजय, सुख-सन्तोष ।

**तुला** : मिष्ठान्न भोजन, आर्थिक लाभ, पुरस्कार प्राप्तिको सम्भावना ।

**वृश्चिक** : स्वास्थ्य समस्या, पारिवारिक विवाद, चोटपटकको सम्भावना ।

**धनु** : विविध लाभ, भोज भतेर एवं पैसा प्राप्तिको सम्भावना छ ।

**मकर** : सन्तुष्टि, गरेका काममा सफलता, शारीरिक तन्दुरुस्ती ।

**कुम्भ** : सरकारी निकायबाट लाभ, व्यापारिक सफलता, मान-प्रतिष्ठा ।

**मीन** : रोगव्याधिको भय, धनहानि, सानो कुरामा पनि विवाद, तनाव ।

# नेपाल

खहरे हुँदै पामे पुग्ने सडक खण्डको रातोमाटो डाँडाको मुनि सडकबाट जिप तालमा खसेको जिल्ला प्रहरी कार्यालय कास्कीले जनाएको छ। रातोमाटो डाँडामुनिको घुम्तीमा चिप्लिएर जिप सडकदेखि झन्डै ५० मिटर तल पानीमा खसेको थियो।

## मनहरी गाउँपालिका वनमा धनी

**नेपाल समाचारपत्र**
हेटौंडा

मकवानपुरका सबै १० स्थानीय निकायमध्ये वन क्षेत्रका हिसाबमा मनहरी गाउँपालिका धनी देखिएको छ। त्यहाँको कुल क्षेत्रफलको करिब ८३ दशमलव ७ प्रतिशतमा वन रहेको पाइएको हो। त्यहाँ ५६ दशमलव ४ वर्ग किमी क्षेत्रमा वन फैलिएको छ।

वन क्षेत्र सबभन्दा कम रहेको स्थानीय निकाय हेटौंडा उपमहानगर हो। जहाँ १ सय ५ दशमलव ५ वर्ग किमि अर्थात् ५० दशमलव ८ प्रतिशत क्षेत्रमा मात्र बन रहेको सहायक जिल्ला वन अधिकृत विशाल भट्टराईले बताए।

जिल्लामा वनले समेटेको क्षेत्रको अन्तर ३३ प्रतिशतसम्म देखिएको छ। यसले प्राकृतिक स्रोतमाथि असमान पहुँच देखिएको छ। मकवानपुरमा ४ सय २० सामुदायिक, ४ सय ९५ कबुलियती, ६ वटा धार्मिक र २ सय २३ वटा निजी बन छन्।

भीमफेदी गाउँपालिकामा ७९ दशमलव ४ प्रतिशत, कैलाशमा ७६ प्रतिशत, बकैयामा ७२ दशमलव ६ प्रतिशत र विकट राक्सिराङको १ सय ५० दशमलव ७ वर्ग किमि क्षेत्रमा वन छ। यो क्षेत्र गाउँपालिकाको कुल क्षेत्रफलको ६६ दशमलव ६ प्रतिशत हो।

कुलेखानी जलाशय रहेको इन्द्रसरोवर गाउँपालिकामा केवल ६६ दशमलव १ प्रतिशत क्षेत्रमा मात्र वन छ। यो क्षेत्र त्यहाँको कुल क्षेत्रफलमध्ये ६४ दशमलव ४ वर्ग किमि हो। उत्तरी थाहा नगरमा भने ६४ दशमलव ७ प्रतिशत अर्थात् १ सय २३ दशमलव ७ वर्ग किमि क्षेत्रमा वन रहेको भट्टराईले जानकारी दिए।

बागमतीमा ६४ दशमलव २ प्रतिशत तथा मकवानपुरगढी गाउँपालिकामा ५३ दशमलव ९ प्रतिशतमा वन रहेको तथ्यांक छ। स्थानीय तहको वन तथा जलाधार प्रोफाइल तयारीका कार्यदलले वनस्रोतको आम्दानी बाँडफाँट गर्न उचित हुने स्पष्ट पारेको छ। सबै स्थानीय तहले वनबाट प्राप्त आर्थिक लाभ पाउनुपर्ने भन्दै कार्यदलले वनस्रोतबाट प्राप्त हुने राजस्व ५० प्रतिशत स्थानीय तहमा, २५ प्रतिशत प्रदेशमा र बाँकी २५ प्रतिशत केन्द्रमा जानुपर्ने बताएको छ। अनि वनको आर्थिक लाभ सबै क्षेत्रमा पुग्नेछ।

मुलुकका एक सयभन्दा बढी स्थानीय तहमा बन क्षेत्र नै नभएको पाइएको छ। वन अनुसन्धान तथा सर्वेक्षण विभागको तथ्यांकअनुसार मुलुकभर १ सय ३२ स्थानीय तहमा वन क्षेत्र शून्य देखिएको छ। एउटै प्लटमा आधा हेक्टर वनक्षेत्र हुनुपर्ने, एकै ठाउँमा १० प्रतिशत वनक्षेत्र हुनुपर्ने मापदण्ड पूरा नभएका स्थानीय तहको संख्या १ सय ३२ रहेको जनाइएको छ।

पराम्परादेखि वनस्रोतका आश्रित वर्गहरूमा नै प्राकृतिक स्रोतमाथिको समान पहुँच पुग्न नसकेकाले त्यस्ता क्षेत्रका उपभोक्ताको जीवनयापनमा सहज नहुने वन विभागको भनाइ छ। वन विभागका अनुसार वनबाट प्राप्त भएको आम्दानी बाँडफाँटका विषयमा वित्तीय स्रोत आयोगले निर्णय गर्नेछ। विभागले सन् २०१० देखि २०१४ सम्म गरेको वनस्रोत सर्वेक्षणको तथ्यांकलाई आधार बनाएर स्थानीय तहमा कति बन रहेको आँकलन गरेको हो।

वनको संघीय संरचना कस्तो रहने भन्ने विषयमा विवाद भइरहँदा अधिकांशले सबै स्थानीय तहमा बनको समान पहुँच पुग्न नसकेको र प्राकृतिक स्रोतमाथि साझा अधिकार प्रत्याभूति गराउन प्रदेश तहमा नै बन रहन आवश्यक रहेको प्रतिक्रिया दिएका छन्। बन सरोकारवालाले सामुदायिक वनलाई स्थानीय तहमा राख्न माग गरेका छन्।



**प्रविधिभन्दा टाढा : पछिल्लो समय कृषिलगायत उत्पादनका क्षेत्रमा आधुनिक प्रविधि र उपकरणहरूको प्रयोग बढे पनि परम्परागत रूपमा यसरी काठ चिर्ने काम गरिरहेका मानिसहरू गाउँघरमा भेटिनु नौलो कुरा होइन। तस्वीर : कविराज नेपाल/पाल्पा**

## मनास्लुमा अहिलेसम्मकै धेरै पर्यटक



**सन्तोष अधिकारी, गोरखा**

गोरखाको मनास्लु क्षेत्रमा घुम्नका लागि अहिलेसम्मकै धेरै बाह्य पर्यटक आएका छन्। आर्थिक वर्ष २०७३/०७४ को साउनदेखि असारसम्ममा अहिलेसम्मकै धेरै पर्यटक मनास्लु घुम्न आएको मनास्लु संरक्षण क्षेत्र आयोजना कार्यालय (एमक्याप) गोरखाले जनाएको छ।

'मनास्लु घुम्न आउने पर्यटकहरूले अहिलेसम्मको रेकर्डलाई ब्रेक गरे', एमक्यापका प्रमुख नरेन्द्र लामाले भने- 'यस वर्ष ५ हजार ७ सय ४५ जना विदेशी पर्यटकले मनास्लु पदमार्ग घुमेका छन्।' पछिल्लो तीन वर्षमा सन् २०१५ मा ५ हजार ९ सय १८ जना, ०१६ मा ४ हजार ८ सय ७२ जना विदेशीले मनास्लु क्षेत्रको भ्रमण गरेका थिए। अघिल्लो वर्षमा भूकम्पले असर गरेको पर्यटकको संख्या केही कम भएको एमक्यापले जनाएको छ। भूकम्पले मनास्लु पदमार्ग भत्काएको थियो।

त्यसलगत्तै पदमार्ग सुधार, स्थानीयमा पर्यटनसम्बन्धी चेतना वृद्धि, केही सेवा थप गरी होटललगायतका कुराले पनि पर्यटक बढेको लामाको भनाइ छ। 'अन्य संरक्षण सडक सञ्जालले लथालिंग जस्तै बनाएको छ', उनी भन्छन्- 'मनास्लुमा अहिलेसम्म त्यसको असर परेको छैन। त्यसैले अब झन् मनास्लु क्षेत्र आउने पर्यटकको संख्या बढ्ने देखिन्छ।'

एमक्यापले पर्यटकको सहजताका लागि चुमनुब्री गाउँपालिकाको सिर्दीबासस्थित जगतमा र सामागाउँमा पर्यटन सूचना केन्द्रसमेत स्थापना गरेको छ। मनास्लु घुम्न आर्थिक वर्ष २०७३/०७४ को साउन महिनामा ३८ जना, भदौमा २ सय ८२, असोजमा १ हजार ५ सय ५५, कात्तिकमा १ हजार ३ सय ७१, मंसिरमा २ सय ३६, पसमा ४०, माघमा ३७, फागुनमा ३ सय १२, चैतमा १ हजार २ सय १९, वैशाखमा ५ सय ४३, जेठमा ८४ र असारमा २८ विदेशी पर्यटक आएको एमक्यापले जनाएको छ।

यी पर्यकबाट १ करोड रुपियाँ राजस्व संकलन भएको छ। मनास्लु क्षेत्रको दुई चर्चित चुमभ्याली र नुब्री भ्याली सँगै मनास्लु हिमाल आरोहणका लागि पनि पर्यटक आउने गर्छन्। त्यस्तै चर्चित लार्केपास गर्नका लागि पनि पर्यटक गोरखाको मनास्लु क्षेत्रमा आउने गर्छन्।

## फेवातालमा जिप खस्दा एकको मृत्यु

**नेपाल समाचारपत्र**
पोखरा

शनिबार राति फेवातालमा जिप खस्दा एक जनाको मृत्यु भएको छ। दुर्घटनामा अन्य पाँच जना घाइते भएका छन्। खहरे हुँदै पामे पुग्ने सडक खण्डको रातोमाटो डाँडाको मुनि सडकबाट जिप तालमा खसेको जिल्ला प्रहरी कार्यालय कास्कीले जनाएको छ। रातोमाटो डाँडामुनिको घुम्तीमा चिप्लिएर जिप सडकदेखि



झन्डै ५० मिटर तल पानीमा खसेको थियो। वर्षायामले अहिले तालमा पानीको सतह बढेको छ भने जलकुम्भी झारसमेत बढेको छ।

मृत्यु हुनेमा भोजपुर पाल्तेका अन्दाजी ३० वर्षीय रामप्रसाद राई रहेको छ भने घाइते हुनेहरूमा टीकाराम राई, दिपसन राई, ध्यानबहादुर राई, भक्तबहादुर राई, विष्णु राई रहेका छन्। उनीहरूको फिस्टेल हस्पिटलमा उपचार भइरहेको छ।

पोखरा लेखनाथ महानगरपालिका-२६ सेदीस्थित राति साढे १० बजे गण्य ८७९ नम्बरको जिप दुर्घटना भएको हो। कामको सिलसिलामा केही दिनअघि भोजपुरबाट पोखरा आएको र घुम्ने क्रममा दुर्घटना भएको घाइते टीकाराम राईले बताए। पोखरा जोमसोम सडक खण्डमा चल्ने उक्त जिप हिमालयन होटेलको रहेको जनाएको छ। जिप चालक विकास राईले आफ्नो गाउँले साथीभाइलाई शनिबार जोमसोमबाट फर्केपछि पामेमा माछा खान जान आग्रह गरेका थिए।

गाडी घुम्तीमा नमोडी सिधै तालमा खसेको थियो। पछि चालक फरार भएपछि र सामान्य घाइते भएका टीकारामले ढोका खोली निस्किएका थिए। घाइतेको उद्धार गरी फिस्टेल हस्पिटल पुर्‍याएका थिए। घाइते पाँचमध्ये दुईको अवस्था गम्भीर छ भने बाँकी तीन जना खतरामुक्त छन्।

## दुई मिनेट

### सामाजिक सुरक्षा भत्ता वितरण

ताप्लेजुङ, (नेस)

ताप्लेजुङको याङ्वरक गाउँपालिका-५ का वडाध्यक्षले स्वास्थ्य परीक्षणसहित सामाजिक सुरक्षा भत्ता वडाका घरघरमा गएर वितरण गरेका छन्। वडाध्यक्ष तारामान साम्सोहाङले सो वाडाका जेष्ठ नागरिक, एकल महिला, अपाङ्ग र दलित बालबालिकालाई गत बिहीबारदेखि घरघरमा पुगेर सामाजिक सुरक्षा भत्ता वितरण गर्नुभएको हो। सो क्रममा स्वास्थ्य चौकी चाक्सिबोटेका प्रमुख रोहितकुमार श्रेष्ठले स्वस्थ्य परीक्षणसहित औषधि वितरण गर्नुभएको थियो।

### अश्लील शब्द बोल्ने दुई पक्राउ

संखुवासभा, (नेस)

संखुवासभा खाँदबारी-६ की एक युवतीलाई पटकपटक मोबाइलमा फोन गरेर अश्लील शब्द बोल्ने २ जनालाई प्रहरीले पक्राउ गरी सार्वजनिक मुद्दा चलाएको छ। धनकुटाको पाख्रिबास नगरपालिका-९ का ईश्वर विष्ट र पाख्रिबास-५ का श्यामकुमार विकले खाँदबारी नगरपालिका-६ की एक युवतीलाई मोबाइलमा अश्लील शब्द प्रयोग गरेका थिए।

उनीहरूले अश्लील शब्दका साथै गालीगलौज, धाक धम्की र दैनिक दर्जनौंपटक फोन गर्ने गरेपछि पीडित युवतीले जिल्ला प्रहरी कार्यालय खाँदबारीमा उजुरी दिएका थिइन्। उजुरीको आधारमा प्रहरीको टोलीले उनीहरूलाई पक्राउ गरेर सार्वजनिक अपराधको मुद्दा चलाएको प्रहरी नायब उपरीक्षक सन्तोष खड्काले बताउनुभयो।

### 'सरकारमा जाने साइत जुरेन'

हेटौंडा, (नेस)

'राप्रपालाई नियतिले फेरि एक मौका दिएको छ। सत्ताकेन्द्रित र सत्तामुखी राजनीतिबाट अलग भएर सिद्धान्त र आदर्शको राजनीति गर्ने तथा संगठन निर्माण र सुदृढीकरणमा केन्द्रित रहने,' आइतबार गृहनगर हेटौंडा आइपुगेका राप्रपा अध्यक्ष कमल थापाले भनेका छन्- कारण जेसुकै होस्, राप्रपा सरकारमा जाने साइत जुरेन। उनले तर पार्टीभित्रको आन्तरिक गतिशीलता एवम् परिस्थितिसँग सम्झौता गर्नुपर्ने अवस्थाको पृष्ठभूमिमा राप्रपाले देउवालाई प्रधानमन्त्री निर्वाचनमा मतदान गरेको उल्लेख गरेका छन्।

### मनोज-झपेन्द्र स्मृति दिवस

खोटाङ, (नेस)

खोटाङमा विभिन्न कार्यक्रम गर्दै २७औं 'मनोज-झपेन्द्र' स्मृति दिवस मनाइएको छ। २०४८ साल साउन-१५ गते बुधबार नेपाल निजामती कर्मचारी संगठनमा आबद्ध कर्मचारीहरूले सदरमुकाम दिक्तेलमा निकालेको शान्तिपूर्ण जुलुसमा सहभागी बनेका बेलामा प्रहरीको गोली लागेर १८ वर्षको उमेरमा ज्यान गुमाएका मनोज जोशीको स्मृतिमा दिवस मनाइएको हो। तत्कालीन सरकारविरुद्धको आन्दोलनमा सहभागी भएको भन्दै जिल्लाका १३ जना कर्मचारी जागिरबाट हटाइएका थिए। सोही दिनको कर्मचारी आन्दोलन र गोली काण्ड भएको दिनलाई जिल्लामा 'मनोज-झपेन्द्र' स्मृति दिवसका रूपमा मनाइँदै आइएको छ।

## बस पल्टिँदा दुईको मृत्यु

**लक्ष्मीकुमार साह, महोत्तरी**

महोत्तरीको रतौलीमा बस पल्टिँदा दुईको मृत्यु भएको छ। मृत्यु हुनेमा महोत्तरी गाउँपालिका-६ की ७० वर्षीया सीतादेवी झा र धनुषा जिल्ला ढल्केवर-५ का २६ वर्षीय मोहन पासवान रहेका छन्।

मृत्यु हुने झाको शनिबार साँझ ४ बजे जानकी हेल्थ केयरमा उपचारका क्रममा मृत्यु भएको हो भने पासमानको उपचारकै क्रममा न्युरो अस्पताल विराटनगरमा आइतबार बिहान मृत्यु भएको जिल्ला प्रहरी कार्यालय महोत्तरीका एसपी राजकुमार लम्सालले जनाएको छ।

भ्रमरपुराबाट जनकपुर आउने क्रममा शनिबार रतौलीमा ना२ख १५० नं. को बस पल्टिँदा ३१ जना घाइते भएको थियो सोही घाइतेमध्ये दुई जनाको मृत्यु भएको तथा चालक भने अझै फरार रहेको प्रहरीले जनाएको छ।



## जंगली बँदेलद्वारा मकै बाली नष्ट

बैतडी, (नेस)

बैतडीका विभिन्न स्थानमा लगाइएको मकैबाली जंगली बँदेलले नष्ट गर्न थालेपछि किसानहरू चिन्तित बनेका छन्।

जिल्लाको पञ्चेश्वर, शिवनाथ, दोगडाकेदार, सुर्नया गाउँपालिकालगायतका क्षेत्रमा जंगली बँदेलले मकैबाली नष्ट गर्न थालेको किसानले बताएका छन्। भर्खर घोगा लाग्न लागेको मकै जंगलबाट आउने बँदेलले नष्ट गर्न थालेको तल्लोस्वराडबाट राजेन्द्र कलौनीले जानकारी दिनुभयो। पञ्चेश्वर र शिवनाथ गाउँपालिकाको मल्लिमड, दोवखर्क, पोखरेठी, सौगाडा, भैंसीखर्कलगायतका क्षेत्रमा लगाएका मकैबाली जंगली बँदेलले नष्ट गरेको उहाँले बताउनुभयो।

यस्तै दोगडाकेदार गाउँपालिकामा पनि जंगली बँदेल र दुम्सी मकैबाली नष्ट गरेको बताइएको छ। दुम्सीले आफूले लगाएको मकैबालीमा क्षति पुर्‍याएको दोगडाकेदार-३ श्रीकोटका फुनडी विष्टले जानकारी दिनुभयो।

जिल्लाको सुर्नयाको गाउँपालिकाका विभिन्न ठाउँमा लगाएको मकैबाली जंगली बँदेलले नष्ट गर्न थालेको किसानहरूले बताएका छन्। केही दिनअघि आएको हावाहुरीले मकैबालीमा क्षति पुर्‍याएको र जंगली बँदेलले बाँकी रहेका मकै नष्ट गर्न थालेपछि किसानहरू चिन्तत बनेका छन्।

बैतडीका अधिकांश ठाउँमा लगाएको मकैबाली केही वर्ष यतादेखि जंगली बँदेलले नष्ट गर्दै आएको छ। जंगली बदेलले मकैबाली नष्ट गर्न थालेपछि ग्रामीण क्षेत्रमा भोकमरी हुने भन्दै किसानहरू चिन्तित बनेका हुन्। मकैबाली बैतडीको मुख्य खाद्यबालीको रूपमा रहेको छ। जिल्लाभरि १४ हजार ९ सय हेक्टरमा मकैखेती गरिँदै आएको छ।

२०७४, साउन
सोमबार
१६

नेपालकै सबैभन्दा अग्लो कुस्मा-ज्ञादी झोलुङ्गे पुलबाट हामफालेर आत्महत्या गर्ने प्रेमिल जोडीको पहिचान खुलेको छ। पुलबाट हामफालेर आत्महत्या गर्नेमा धरान उपमहानगरपालिका-११ सुनसरीका २६ वर्षीय अकिन गुरुङ र ललितपुर उपमहानगर पालिका-१४ ढिलाहिटीकी २५ वर्षीया मुना राना रहेका छन्।

# नेपाल

## पुलबाट हामफालेर आत्महत्या

**नेपाल समाचारपत्र**

पर्वत



नेपालकै सबैभन्दा अग्लो कुस्मा-ज्ञादी झोलुङ्गे पुलबाट हामफालेर आत्महत्या गर्ने प्रेमिल जोडीको पहिचान खुलेको छ। पुलबाट हामफालेर आत्महत्या गर्नेमा धरान उपमहानगरपालिका-११ सुनसरीका २६ वर्षीय अकिन गुरुङ र ललितपुर उपमहानगरपालिका-१४ ढिलाहिटीकी २५ वर्षीया मुना राना रहेका छन्। पर्वतको कुस्माबजार र ज्ञादी जोड्ने मुलुककै अग्लोमध्ये एक कुस्मा पुलबाट हामफालेर शनिबार राति गुरुङ र रानाको जोडीले आत्महत्या गरेको हो।

पुलबाट शनिबार राति ९ बजेको समयमा हामफालेका जोडीको शब आइबार बिहान मोदीखोला किनारबाट प्रहरीले निकालेको छ। पुलमा भेटिएको झोलामा मोबाइल, ट्रेकिङमा प्रयोग हुने खालका सामग्रीहरू रहेका छन्। मोबाइलका आधारमा आफन्तसँग सम्पर्क गरी मृतकको पहिचान गरिएको जिल्ला प्रहरी कार्यालय पर्वतका प्रहरी नायब उपरीक्षक मधुकरजंग विष्टले जानकारी दिए। आफन्तहरूलाई खबर गरिएको र उनीहरू आएपछि वास्तविक रूपमा पहिचान गरिने तथा अन्य कारण पनि खुल्ने उनले बताए।

दुई जोडीले आत्महत्या गर्नुको कारण भने खुल्न सकेको छैन। उनीहरू घुम्नका लागि आएका थिए। शनिबार साँझ लामो पुलपारि ज्ञादीमा बसेर रमाइलो र प्रेममय गफ गरेर चिसो खाएका जोडीले त्यही बास मागेका थिए तर यहाँ बास मिल्दैन कुस्मा जानुस् भनेपछि त्यहाँबाट हिँडेका थिए। पछि पुलमा बेवारिसे झोला रहेको खबर आएपछि प्रहरी पुगेको थियो भने आइबार बिहान स्थानीयबासीले मोदीखोला किनारमा दुई जनाको शव छ भन्ने जानकारी प्रहरीलाई दिएका थिए। शवको पर्वत जिल्ला अस्पतालमा पोस्टमार्टम गरिएको छ।

## दुर्व्यसनीविरुद्ध सचेतना

म्याग्दी, (नेस)

म्याग्दीको सदरमुकाम बेनीबजारस्थित मंगलाघाटमा क्रियाशील बौद्ध युवा क्लबले लागूपदार्थ दुर्व्यसनीविरुद्ध सचेतना अभियान सञ्चालन गरेको छ। पछिल्ला केही वर्षयता विद्यालय उमेर समूहका विद्यार्थीसमेत दुर्व्यसनीमा फस्न थालेपछि दुर्व्यसनीमुक्त समाज बनाउने अभियानसहित क्लबले सचेतनामूलक कार्यक्रम गरेको हो।

युवा क्लबले सामुदायिक प्रहरी तथा सेवा केन्द्र म्याग्दी, जिल्ला प्रहरी कार्यालय र मंगला आमा समूहसँग सहकार्य गरी दुर्व्यसनीमा फसेका युवाहरूलाई नयाँ जीवन दिने अभियानका रूपमा सचेतनामूलक कार्यक्रम गरिएको क्लबले जनाएको छ। २०६४ सालमा स्थापना भएको क्लबले मंगलाघाटसहित आसपासका क्षेत्रमा स्थानीयबासीसँग सहकार्य गरेर सामाजिक कार्यहरू पनि गर्दै आइरहेको छ। जसअन्तर्गत सडक बत्ती जडान, सार्वजनिक स्थानमा सरसफाइ, मंगला आमा समूहको सहकार्यमा अन्य सामाजिक गतिविधिका साथै धार्मिक तथा परम्परागत कार्यक्रममा समेत क्लबले अग्रसरता देखाइरहेको छ।

क्लबले विभिन्न समयमा लागूपदार्थ दुर्व्यसनीविरुद्ध सचेतनामूलक कार्यक्रमहरू गर्दै आइरहेको क्लबका पूर्वअध्यक्ष प्रकाश पौडेलले बताउनुभयो। बौद्ध युवा क्लबले बेनीमा खेलाडी उत्पादनका लागि खेलकुदजन्य गतिविधिसहित सामाजिक गतिविधि सञ्चालन गर्दै आइरहेको उहाँको भनाइ छ।

## नयाँ शक्तिका नेताहरू फोरममा प्रवेश



**नेपाल समाचारपत्र**

वीरगन्ज

नयाँशक्ति पार्टीका केन्द्रीय परिषद् सदस्य रहेका मुकेश द्विवेदी संघीय समाजवादी पार्टीमा प्रवेश गरेका छन्। आइतबार बिहान संघीय समाजवादी फोरम नेपालका जिल्ला कार्यसमितिले आयोजना गरेको पार्टी प्रवेश कार्यक्रममा केन्द्रीय परिषद् सदस्य मुकेशकुमार द्विवेदी, पर्सा जिल्ला सदस्य तथा क्षेत्र नम्बर १ का क्षेत्रीय सचिव शंकर साह कानु र जिल्ला सदस्य अजयकुमार साह प्रवेश गरेका हुन्। फोरम नेपालका केन्द्रीय सदस्य प्रद्युम्न चौहान, तराई मधेस प्रदेश कोषाध्यक्ष विजय सरावगी, उपाध्यक्ष सुन्दर कुर्मीलगायत स्थानीय नेताहरूले टीकामाला लगाएर उनीहरूलाई पार्टीमा प्रवेश गराउँदै स्वागत गरेका थिए। नयाँशक्ति र फोरम नेपालबीचको एकीकरण हुने वातावरण भंग भएपछि आइतबार तीनै जना फोरम नेपालमा प्रवेश गरेको जिल्ला उपाध्यक्ष सुन्दरप्रसाद कुर्मीले बताए।

मधेस आन्दोलनबाट अधिकारका लागि उठेका मागहरूलाई नयाँ शक्ति पार्टी पूरा गराउन असफल रहेको भन्दै तीनै जना नयाँशक्ति पाटी परित्याग गरी फोरम नेपालमा प्रवेश गरेको बताए। 'मधेसको मागमा पार्टी अगाडि आउने आफूहरू आशावादी रहेको तर आपेक्षाअनुसार हुन नसकेको बताउँदै फोरम नेपालमा प्रवेश गरेको केन्द्रीय परिषद् द्विवेदीको भनाइ रहेको थियो। जिल्ला उपाध्यक्ष अब्दुल रहिमको अध्यक्षतामा सम्पन्न भएको उक्त पार्टी प्रवेश कार्यक्रममा नेता सुन्दर कुर्मीले स्वागत मन्तव्य व्यक्त गरेक थिए। कार्यक्रममा प्रदेश सदस्य महराज यादव, युवानेता जसिर खान, शिवजी सोनीलगायतका स्थानीय नेताको उपस्थिति रहेको थियो।

## पनौती नगरपालिकाको निर्णयविरुद्ध ट्रिपर व्यवसायी अदालतमा

**नेपाल समाचारपत्र**

काभ्रे

निर्माणाधीन क्षेत्रीय रंगशालाको जग्गा विवाद सुल्झाउन नसकेको, धुलिखेल, बनेपा र पनौती तीन नगरबीचको सिमाना विवाद मिलाउन नसकेको, निर्माणाधीन एकीकृत खानेपानी आयोजनामा धुलिखेलले बढी पानी लैजाने योजना बनाउँदा पनि चुप बसेको जस्ता विषयको आलोचना खेपिरहेको पनौती नगरपालिकाले पछिल्लो पटक ट्रिपरसँग कर असुल्न गरेको निर्णय विवादमा आएको छ।

स्थानीय तहको अधिकारका नाममा मनोमानी निर्णय गरेको भन्दै व्यवसायीहरू उच्च अदालत पाटनको ढोका ढकढक्याउन पुगेका छन्। ट्रिपर व्यवसायीहरू जिल्लाको पनौती नगरपालिका, काभ्रे, सिन्धुपाल्चोकको जिल्ला समन्वय समितिविरुद्ध अदालत पुगेका हुन्।

स्थानीय तहले अधिकार प्रयोग गर्दै मालबाहक सवारीसाधनलाई राजस्व असुल्न थालेका छन्। त्यसको प्रत्यक्ष मार उपभोक्तालाई परेको छ। सिन्धुपाल्चोक जिल्ला समन्वय समितिले लिएको करलाई मण्डन देउपुर नगरपालिकाले आफ्नो बाटो परेको भन्दै प्रति ट्रिपर २ सय ५० रुपियाँ लिने निर्णय गरेको छ।

बाटो परेकै आधारमा मात्रै सोही प्रयोजनका लागि एउटा स्थानीय सरकारले लिएको करलाई पुनः अर्को सरकारले लिने हो भने उपभोक्ता ठगिए कि ठगिएनन् ? सिन्धुपाल्चोकबाट राजधानी पुग्ने मालवाहक ट्रिपरहरूले कतिवटा स्थानीय सरकारले छोएको राजमार्ग पार गर्नुपर्छ र कति राजस्व बुझाउनुपर्छ ? व्यवसायीहरूले बुझाउने राजस्व उपभोक्तासँग सिधै असुली हुन्छ कि ? व्यवसायीसँग ? सिन्धुपाल्चोकबाट काभ्रे मात्रै आउने ट्रिपरहरूले पनि मण्डन देउपुर, पाँचखाल, धुलिखेल, बनेपा नगरपालिकालाई कर बुझाउनुपर्ने हुन्छ। अहिले सामान्य सरदर २० हजार रुपियाँ प्रति ट्रिप प्राप्त हुने निर्माणजन्य सामग्रीको मूल्य करकै कारण ३० हजार जति पुग्ने अनुमान गरिएको छ।

पनौती नगरपालिकाले पनि प्रति ट्रिपर ५ सय रुपियाँ असुल्न थालेको छ। पनौतीले असुलेको ५ सयले उपभोक्ताको ढाड सेकिएको गुनासो गरेका छन्। नगरपालिकाहरूले कर संकलन गर्ने नाममा लिएको शुल्कले नगर बाहिरका नागरिकहरू ठगिएका छन्। बाग्मती ट्रिपर व्यवसायी संघका अध्यक्ष शेरबहादर कुँवरले व्यवसायीहरूले उपभोक्ताको पक्षमा उच्च अदालतमा मुद्दा दर्ता गरिसकेको बताए।

स्थानीय सरकार स्वायत्त छन् तर स्वायत्तका नाममा दोहोरो कर लिएर जनता ठग्नु उचित हुँदैन। मुद्दामा भनिएको छ- 'स्थानीय सरकारहरूले एउटै शीर्षकमा फरकफरक मापदण्ड बनाएर लिन थालेको तर तत्काल अन्त्य हुनुपर्छ।' व्यवसायीहरूले मुद्दा दर्ता गरे जस्तो देखिए पनि यो आम उपभोक्ताको पक्षमा हुने व्यवसायीको निष्कर्ष छ।

साउन ८ गते आइतबार दर्ता गरिएको मुद्दामा उत्प्रेषण र परमादेशसहित अन्तरिम आदेश माग गरिएको छ। सोही मुद्दाअनुसार आगामी बुधबार साउन १८ गते विपक्षीलाई समेत डाकेर छलफल गराउन उच्च अदालतले आदेश गरिसकेको छ।

काभ्रेपलाञ्चोक जिल्ला समन्वय समितिले बाटो प्रयोग गरेबापत ५० रुपियाँ असुल्दै आएको छ भने सिन्धुपाल्चोक जिल्ला समन्वय समितिले ३ सय ५० रुपियाँ असुल्दै आएको छ। उपभोक्ताले त्यो सबै रकम बालुवा, गिटी र अन्य नाममा बुझाउँदै आएका छन्। पनौती नगरपालिकाले ५ सय ट्रिपरको शुल्क लिएर थप ५० रुपियाँ सडक शुल्क लिँदै आएको छ। मुद्दामा काभ्रे जिसस, सिन्धुपाल्चोक जिसस, पनौती नगरपालिका र सभाहरूलाई विपक्षी बनाइएको छ।

## धमाधम मुद्दा फस्र्योट

गोरखा, (नेस)

आर्थिक वर्ष २०७३/२०७४ भरी विभिन्न मुद्दा फस्र्योट गोरखा जिल्ला अदालत गण्डकी अञ्चलमै पहिलो भएको छ। जिल्ला अदालत गोरखाले यस आर्थिक वर्षमा उद्देश्यभन्दा धेरै मुद्दा फस्र्योट गरेर गण्डकीमै पहिलो भएको जिल्ला अदालत गोरखाका श्रेस्तेदार गोविन्द घिमिरेले जानकारी दिए

'गोरखा अदालतले ७० प्रतिशत मुद्दा छिनोफानो लगाउने लक्ष्य लिएको थियो', श्रेस्तेदार घिमिरेले भने- 'तर हामीले ८१ दशमलव ३ प्रतिशत मुद्दा फस्र्योट गरियो। मुद्दा फस्र्योटमा गोरखा अदालत गण्डकीभरि नै उत्कृष्ट भयो।' अघिल्लो वर्षबाट सरेको १०८ वटा मुद्दा र २०७३/०७४ को लगत ३ सय ७६ मध्ये २८५ थान मुद्दा फस्र्योट भएको उनले बताए। यस वर्षमा जम्मा लगत ४ सय ८४ मुद्दा थिए जसमध्ये ३ सय ९३ मुद्दा फस्र्योट भएका छन्। बाँकी मुद्दा पनि एउटा एक वर्षभित्रका छन्।

कर्मचारीको काममा सक्रियता, मुद्दा दर्ता गराउने पक्षबीच दुवैलाई दिइने परामर्श, कानुन व्यवसायीको सहयोग र न्यायाधीशको दृढ इच्छाशक्तिले गर्दा अदालतले लक्ष्यभन्दा बढी मुद्दा फस्र्योट गरेको उनको भनाइ छ। गत आर्थिक वर्षमा सबैभन्दा धेरै सम्बन्ध विच्छेदका मुद्दा दर्ता र फस्र्योट भएका छन्। सम्बन्ध विच्छेदको १ सय ५३ मुद्दा दर्ता भएकोमा १ सय ३३ मुद्दा फस्र्योट भइसकेको र २० मुद्दा बाँकी रहेको उनको भनाइ छ। यस्तै दुनियावादी देवानीमा १ सय ९५ मुद्दा दर्ता भएकोमा १४० मुद्दा फस्र्योट भएर ५५ वटा बाँकी रहेका छन्।

दुनियावादी फौजदारी मुद्दामा १ सय ८४ मुद्दा परेकोमा १ सय ६० मुद्दा फस्र्योट भएको र २४ मुद्दा बाँकी छन्। सरकारवादी फौजदारीमा परेका १ सय ३ मुद्दामध्ये ९१ फस्र्योट भएका छन् भने १२ मुद्दा बाँकी रहेको श्रेस्तेदार घिमिरेले जानकारी दिए। उनका अनुसार रिट निवेदन र पुनरावेदनपत्रमा १ र १ वटा मुद्दा परेकोमा सबै फस्र्योट भएका छन्। त्यस्तै मेलमिलापमा पठाएको ५७ मध्ये २६ मुद्दा मात्र मेलमिलाप भएका छन्।

**श्रीराम सुगर मिल्स लि.**
महमम्दपुर (गरुडा) रौतहट
**सूचना**

यस कारखानाबाट उत्पादित निम्नलिखित बस्तुहरुको कारखाना मूल्य अ.शु. र मु.अ.कर बाहेक मिति २०७४।४।१५ गतेदेखि लागू हुने गरी निम्न दररेट कायम गरेको हुंदा यो सूचना प्रकाशित गरिएको छ ।

| उत्पादित वस्तु | इकाई | कारखाना मूल्य (अ.शु. र मु.अ.कर बाहेक) |
|---|---|---|
| रेक्टिफाइड स्प्रीट | लिटर | रु. ८५ (रु. पचासी) |
| साइलेन्स स्प्रीड | लिटर | रु. ९५ (रु. पन्चानब्बे) |
| डिनेचर स्प्रीड | लिटर | रु. २० (रु. वीस) |

उपरोक्त दररेट निर्धारण गरिएको भए पनि बजारको माग आपूर्तिको आधारमा क्रेता र बिक्रेताको आपसी सम्भौता अनुसार ब्यापारिक वा नगदी छुट दिन सकिनेछ ।

सम्पर्कः **श्रीराम सुगर मिल्स लि.**
महमम्दपुर (गरुडा) रौतहट
सेल्स डिपार्टमेन्टः **एन.के. गुप्ता**
**फोनः ०५५ ५६५२०६, मो. ९८५५०२६३९५**

**अधिकृत वारेसनामा खारेज गरिएको सूचना**

लिखितम् मन प्रसाद राईको नाती नर ध्वज राईको छोरा संखुवासभा जिल्ला ताम्कु गा.वि.स. वडा नं. १ घर भई हाल का.जि.का.म.न.पा. वडा नं. २९ रानीबारी बस्ने वर्ष ५५ को शिवराज राई (ना.प्र.नं. १४/२१४०३/९६९, काठमाडौं, मिति २०३७/१२/२४ आगे मेरो नाममा मालपोत कार्यालय, बेलबारी, मोरङमा दर्ता श्रेष्ता रहेको जिल्ला मोरङ मधुमल्ला गा.वि.स. वडा नं. ६(द) कि.नं. १०८८ को क्षे.फ. ०-१०-०-० जग्गा मध्ये दक्षिण मोहडाबाट २ कठ्ठा जग्गा छाडी हुन आउने ०-४-०-० (चार कठ्ठा) जग्गा सम्वन्धित मालपोत कार्यालयमा उपस्थित भई कित्ता काट गरी जो कोहीलाई दिन तथा सुक्रिविक्री राजिनामा गरी हकहस्तान्तरण हुने गरी रजिष्ट्रेशन पारित गरी दिन म आफू कार्य व्यस्थताका कारणले उक्त मालपोत कार्यालयमा उपस्थित भई सो कार्य गर्न असमर्थ भएको हुँदा मेरो सट्टा ऐनले वारेसनामा दिन मिल्ने मेरा मानिस जित बहादुर राईको नाति विजुल सिंह राईको छोरा जिल्ला मोरङ अमरदह गा.वि.स. वडा नं. ५ वस्ने वर्ष ४४ को सर्वलाल राई (ना.प्र.नं.१७८५८ जि.प्र.का. मोरङ, मिति २०४७/१२/१८) लाई मुलुकी ऐन अ.ब. ७१(ख) र रजिष्ट्रेशनको ११(क)नं. बमोजिम जिल्ला अदालत काठमाडौंवाट मिति २०७३ साल मंसिर महिना १७ गते शुक्रबार यो अधिकृत वारेस अख्तियारनामा मुकरर गरी पठाएकोमा यसै सूचनाद्धारा खारेज गरिएको व्यहोरा जानकारी गराईन्छ ।

**धुलिखेल नगरपालिका कार्यालय**
**धुलिखेल, काभ्रेबाट साँध सँधियारको नाममा जारी गरिएको सूचना**
**सूचना प्रकाशित मिति : २०७४।४।१६**

काभ्रेपलाञ्चोक जिल्ला धुलिखेल नगरपालिका वडा नं. ७/४ बस्ने श्यामकुमार परियार, सुशिल परियार र अशोक परियारले साविक श्रीखण्डपुर ९ हाल धु.न.पा. ७/४ कि.नं. १५४७ र २६२४ को क्षे.फ. ०-३-३-० र ०-१-१-३ मा घर नक्सा पास गर्न यस नगरपालिकामा मिति २०७४।०१।१४ मा नक्सा सहित निवेदन दर्ता गराई मिति २०७४।१।१५ मा सँधियारको नाममा सन्धि सर्पन पर्ने/नपर्ने सम्बन्धि १५ दिने सूचना टाँस र मिति २०७४।४।५ मा सात दिने सूचना टाँस गर्दा समेत पश्चिम तर्फका सँधियार दिल बहादुर परियारले उक्त सूचना टाँसको बेला उपस्थित नरहेको साथै हालसम्म सँधियारले सहि नगरेको देखिएकोले यो २१ दिने सूचना प्रकाशित गरिएको छ । यसमा तपाईलाई वा अरु कसैलाई पीर मर्का सन्धि सर्पन पर्ने भएमा यस नगरपालिका कार्यालयमा २१ दिनभित्र लिखित उजुरी सहित सम्पर्क गर्न आउनु होला अन्यथा नियमानुसार भइजाने जानकारी गराईन्छ ।

**काभ्रेपलाञ्चोक जिल्ला अदालतबाट जारी भएको काठमाडौं जिल्ला काठमाडौं महानगरपालिका वडा नं. २१ बस्ने चित्रमान सिंह बस्नेतकी छोरी निलिमा बस्नेतको नाउँको ३० (तीस) दिने इतलायनामा/समाव्हान सूचना**

उपरोक्त सम्बन्धमा वादी काभ्रेपलाञ्चोक जिल्ला साठीघर भगवती गाविस वडा नं. १ को हाल पाँचखाल न.पा. वडा नं. १६ बस्ने गोविन्द बहादुर थापामगरको श्रीमती वर्ष ८० की विष्णुमाया थापामगर र प्रतिवादी निलिमा बस्नेत भएको C.P. ०१२६/२२६ लिखत बदर र PC ००८०/९०को जालसाजी समेत मुद्दा मिति २०७३।८।२ मा फिराद दर्ता भई निलिमा बस्नेतको नाउँको म्याद मिति २०७३।१०।२५ मा बेपत्ते तामेल भएको हुँदा यस अदालतका मिति २०७४।३।१४ मा भएका आदेशानुसार जिल्ला अदालत नियमावली २०५२ को नियम २२ क (१) (ख) बमोजिम यो सूचना प्रकाशित गरिएको छ । यो सूचना प्रकाशित भएको मितिले बाटाको म्याद बाहेक ३० (तीस) दिनभित्र आफ्नो सबुद प्रमाण सहित आफ्नो भएको व्यहोराको प्रतिउत्तरपत्र लिई आफैं वा कानुन बमोजिमको वारिस मार्फत हाजिर हुन आउनुहोला । नआई म्याद गुजारी बसेमा मुद्दा कानुन बमोजिम हुनेछ । पछि तपाईहरुको कुनै उजुर बाजुर लाग्नेछैन ।

**ईति संवत २०७४ साल साउन महिना १५ गते रोज १ शुभम्......**

## ३६ हजार भेटी संकलन

रसुवा, (नेस)

रसुवाको धार्मिकस्थल गोसाइँकुण्डमा एक सातामा ३६ हजार भेटी संकलन भएको छ। जनैपूर्णिमा मेला भर्न आएका तीर्थयात्रीले एक सातामा ३६ हजार ७ सय ९० रुपियाँ चढाएका छन्। यही साउन १० गतेदेखि शुरू भएको मेला भर्न भक्तजन ८ गतेदेखि आउने क्रम शुरू भएको थियो। मेला २३ गतेसम्म सञ्चालन हुने भए पनि नागपञ्चमीसम्म मात्र विशेष मेला लागेकाले त्यो अवधिमा सञ्चालन भएको भेटी आइतबार गनिएको हो।

मेला व्यवस्थापनका लागि २०५६ सालदेखि कार्यरत गोसाइँकुण्ड क्षेत्र विकास समितिले हरेका वर्ष भेटी संकलन गर्ने गरेको छ। मेलामा उठेको भेटी मेला सकिएपछि प्रहरी, नागारिक समाज पत्रकारलगायतको उपस्थितिमा गन्ने गरिएको छ। समितिका अध्यक्ष सञ्जीव डीएमका अनुसार अघिल्लो वर्षको मेलामा जनैपूर्णिमापछि संकलन भएको भेटी गन्ने गरिएको भए पनि यो वर्ष भने दुई चरणमा गन्न लागिएको हो। संकलन भएको भेटी मेला व्यवस्थापनका लागि खर्च हुने गरेको छ। यो वर्ष चार दिनसम्म चलेको मेलामा करिब तीन हजारले तीर्थयात्री आएका थिए।

## दुई लाख बिरुवा वितरण

खोटाङ, (नेस)

कृषकलाई व्यावसायिक र आधुनिक खेती प्रणालीमा अग्रसर गराउने उद्देश्यले जिल्ला कृषि विकास कार्यालय खोटाङले यस आर्थिक वर्षमा फलफूलको करिब दुई लाख बिरुवा वितरण गरेको छ। कार्यालयले जिल्लाका किसानलाई विभिन्न प्रजातिका १ लाख ९३ हजार ३ सय ४० बिरुवा ५० प्रतिशत अनुदानमा वितरण गरेको हो। यो वर्ष अलैंची, सुन्तला, कागती, लिची, जुनार, आँप, अम्बा र कटहरको बिरुवा वितरण गरिएको कार्यालयका प्राविधिक सहायक कौशलकुमार यादवले बताउनुभयो। अलैंची, सुन्तला, कागती र जुनारमा ५० प्रतिशत अनुदान दिएको कार्यालयले आँप, लिची, अम्बा र कटहरको भने परल मूल्य लिएको यादवको भनाइ छ।

## भेरीमा पुल नहुँदा विद्यालय जानबाट वञ्चित


**सरिता चलाउने, सल्यान**

वर्षासँगै भेरी नदीमा पानीको सतह बढेपछि सल्यानको बन्गाड कुपिण्डे नगरपालिका-३ बामेस्थित थाँरा, कारागाउँ र पोखराका ५० भन्दा बढी विद्यार्थी विद्यालय जानबाट वञ्चित भएका छन्।

नदीमा पुल नहुँदा आउजाउमै समस्या परेको छ। बामे क्षेत्रका बालबालिकाले सुर्खेत, बजेरीचौरको भानु माविमा अध्ययन गर्दै आएका छन्। भेरीमा पानीको सतह घटेर पौडी खेल्न सक्ने अवस्था नहुँदासम्म आफूहरू विद्यालय जान नसक्ने विद्यार्थीको भनाइ छ।

बामे क्षेत्र सल्यानको बन्गाड कुपिन्डे नगरपालिकाको सबैभन्दा विकट बस्ती हो। हरेक सालको वर्षामा एक महिनाभन्दा बढी समय पढाइ छुट्ने गरेको विद्यार्थीको गुनासो छ।

स्थानीयका अनुसार भेरीमा झोलुंगे पुल निर्माणका लागि प्रत्येक वर्ष गाउँपरिषद्बाट पास गरेर पठाए पनि खर्च बढी लाग्ने भन्दै सरकारी निकायले बेवास्ता गरेको छ। डुंगासमेत बन्द भएपछि दैनिक उपभोग्य वस्तु खरिद र गाउँका उत्पादित सामग्री ओसारपसारमा समस्या छ।



# विश्व

## चुनाव

भेनेजुयलामा आइतबार सम्पन्न विधानसभाका चुनावमा मत खसाल्दै एक सर्वसाधारण।




## पक्राउ

अस्ट्रलियाली प्रहरीले विमान ध्वस्त पार्ने षड्यन्त्रमा लागेका चार जनालाई पक्राउ गरेको प्रधानमन्त्री माल्कोम टर्नबुलले बताएका छन्।






## विश्व २ मिनेट

### अमेरिका

#### चीनसँग ट्रम्प निरास

वासिङ्टन, (एजेन्सी)

अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले उत्तर कोरियाको हतियार कार्यक्रमलाई लिएर चीनले 'केही नगरेको' बताउँदै असन्तुष्टि व्यक्त गरेका छन्। ट्रम्पले उत्तर कोरियाविरुद्ध चीनको कुनै कदम नउठाउने नीतिलाई स्वीकार गर्न नसकिने ट्विट गरेका छन्। एक महिनाभित्र प्योङ्याङले अन्तरमहाद्विपीय ब्यालिस्टिक क्षेप्यास्त्र दुई पटक परीक्षण गरेपछि ट्रम्पको ट्विट गरेका छन्। आफ्ना पुराना नेताहरूले बेवकुफी देखाउँदै चीनसँग लाखौं डलर व्यापार गरेको र उनीहरूले उत्तर कोरियासँगको सम्बन्धमा कुनै ठोस कदम नउठाएको र कुरामात्र गरेको ट्रम्पले लेखेका छन्।

### पाकिस्तान

#### भाइलाई प्रधानमन्त्री दिने

इस्लामावाद, (एजेन्सी)

पाकिस्तानको सर्वोच्च अदालतको फैसलाले अयोग्य ठहऱ्याएपछि प्रधानमन्त्री पदबाट हट्न बाध्य भएका नवाज सरिफले देशको भावी प्रधानमन्त्रीमा आफ्नो भाइलाई चयन गरेको बताएका छन्। यद्यपि सहबाज सरिफ नेसनल एसेम्बलीको सदस्य नरहेकाले तत्काललाई उनी उक्त भूमिकामा आउनसक्ने स्थिति भने छैन। उनले आफूले धारण गरेको प्रान्तीय पदबाट राजीनामा दिनुपर्नेछ र उनका दाजुले छोडेको संसदीय सिटका लागि चुनावमा लड्नुपर्नेछ। उक्त सिटका लागि ४५ दिनमा चुनाव हुनगइरहेको छ। सत्तारुढ पाकिस्तान मुस्लिम लिगले साहिद खाकान अब्बासीलाई अन्तरिम प्रधानमन्त्रीका लागि चयन गरिसकेको छ।

### दक्षिण कोरिया

#### लडाकु विमान उडे

सोल, (एजेन्सी)

उत्तर कोरियाले पछिल्लो अन्तरमहादेशीय ब्यालेस्टिक क्षेप्यास्त्र प्रक्षेपण गरेको कारण शक्ति प्रदर्शन गर्ने उद्देश्यले आइतबार अमेरिकाले कोरियाली प्रायद्विपमा दुई वटा सुपरसोनिक बमवर्षक विमान उडाएको छ। साथै अमेरिकाले आफूले अलास्कास्थित एउटा क्षेप्यास्त्र प्रतिरक्षा प्रणालीको सफल परीक्षण गरेको पनि जनाएको छ। दक्षिण कोरियाको राजधानी सोल नजिकको एउटा हवाई सैनिक अखडामाथि दक्षिण कोरियाली लडाकू जेट विमानसँगै अमेरिकाले बी-१ लडाकु विमान उडाएको थियो। पछि ती विमान अमेरिकी प्रशान्त हवाई फौजको गुआमस्थित इन्डर्सन वायु सैनिक अखडामा अवतरण गरिएको थियो।

### अमेरिका

#### उचित पारिश्रमिक

न्युयोर्क, (एजेन्सी)

फेसबुकका अध्यक्ष सेरिल स्यान्वर्गले कामकाजी महिलाहरूलाई उचित ढंगले पारिश्रमिक दिन कडा नीति ल्याइनुपर्ने आइतबार बताएकी छिन्। बीबीसी रेडियोलाई अन्तरवार्ता दिने क्रममा फेसबुकको चिफ अपरेटिङ अफिसर सेरिलले महिलाको जीवनस्तर उकास्ने पहिलो कदमको रूपमा तिनीहरूलाई उचित तलब दिइनुपर्ने बताएकी छन्। चर्चित गायिकाको महिला सशक्तिकरण गीत 'रन दि वर्ल्ड (गर्ल्स)' मन पराउने उनले लैंगिक आधारमा नभई योग्यताको आधारमा मानिसहरूको तलब स्केल तोकिनुपर्ने बताएकी छिन्। उक्त अन्तरवार्तामा उनले सन् २०१५ मा आफ्नो पतिको अचानक निधन भएको बारे पनि बोलेकी थिइन्।

# चिनियाँ राष्ट्रपतिद्वारा सेनालाई सम्बोधन

बेइजिङ, (एजेन्सी)



जनमुक्ति सेना (पीएलए) को ९०औं वार्षिकोत्सवको उपलक्षमा आइतबार आयोजित सैनिक परेडको दौरान चिनियाँ राष्ट्रपति सी जिन पिङले आफूमाथि आइलाग्ने सम्मपूर्ण शत्रुलाई परास्त गर्न सक्षमअर्थात् विश्वकै उच्चकोटीको चिनियाँ सेना निर्माण गरिनुपर्ने बताएका छन्।

सन् २०१२ मा सत्तामा पुगेदेखि नै सीले विश्वकै सबैभन्दा ठूलो आकारको पीएलएमाथि सत्तारुढ कम्युनिस्ट पार्टीको नियन्त्रण कायम राख्न र सेनालाई शक्तिशाली बनाउन हरसम्भव प्रयास गर्दै आएका थिए।

हिजोको परेडमा १२ हजार सैनिक र करिब ७ सय वटा विमानले भाग लिएका थिए। चिनियाँ रक्षा मन्त्रालयले पहिलोपटक राष्ट्रपति सीले यत्रो विशाल परेड अवलोकन गरेको जनाएको छ।

भित्री मंगोलयाको स्वायत्त क्षेत्रमा रहेको विस्तारित झुरिहे सैनिक तालिम अखडामा सैनिक पोशाकमा उपस्थित भएको उनले भनेका छन्- 'विश्वमा शान्ति छैन। त्यसैले शान्तिलाई सुरक्षा दिइनुपर्दछ। हामीले इतिहासको अन्य कालखण्डमा भन्दा अहिले चिनियाँ सेनालाई धेरै शक्तिशाली बनाउनु आवश्यक रहेको छ।' साथै सीले पीएलएलाई पार्टीको पूर्ण नेतृत्वप्रति सदैव अडिग रहन र पार्टीले देखाएको दिशामा अघि बढ्न पनि आह्वान गरेका छन्।

नेपाल सरकार
भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय
सडक विभाग
पूर्वाञ्चल क्षेत्रीय सडक निर्देशनालय
डिभिजन सडक कार्यालय
विराटनगर

सूची दर्ता गराउने सम्बन्धि सूचना

यस कार्यालयको लागि आवश्यक पर्ने तपशिल बमोजिमका सेवा तथा सामानहरु आपूर्ति गर्न इच्छुक इजाजत प्राप्त व्यक्ति, फर्म, संस्था तथा कम्पनिहरुले यो सूचना समाचार पत्र पत्रिकामा प्रकाशित मितिले १५ दिन भित्र आफूले उपलब्ध गराउन चाहेको सेवा उल्लेख गरी रु. १० को टिकट टासी छुट्टा छुटै सेवाको लागि यस कार्यालयमा छुट्टा छुटै निवेदन दिई सार्वजनिक खरिद ऐन, २०६४ को नियम १८ बमोजिम आ.ब. २०७४/०७५ को लागि मौजुदा सूचिमा सूचिकृत हुन यो सूचना प्रकाशित गरिएको छ। रीत नपुगी र म्याद नाघि आएको दरखास्तलाई मान्यता दिइने छैन।

क. सामान खरिद, उपकरण मर्मत तथा आपूर्ति कार्य
- स्टेशनरी सामानहरु (मसलन्द तथा विविध)
- छपाई सम्बन्धि
- पत्रपत्रिका तथा पुस्तकहरु
- निर्माण सामाग्री आपूर्ति सम्बन्धी कार्य
- फर्निचर तथा फिक्चर्स सम्बन्धी
- इलेक्ट्रोनिक्स उपकरणहरु (कम्प्यूटर, प्रिन्टर, टोनर, कार्टिज, फोटोकपी मेशिन, यू.पि.एस., टेलिफोन सेट आदि आपूर्ति तथा मर्मत सेवा
- सर्भे सम्बन्धी उपकरणहरु आपूर्ति तथा मर्मत सेवा
- सवारी साधन मर्मत (मोटर तथा मोटर साइकल) पार्टपूर्जाहरु आपूर्ति समेत
- विद्युत सम्बन्धी सामानहरु (पंखा, एयर कन्डिसनर, हिटर, चिम, तार वाइरिङ्ग सम्बन्धी सामान मर्मत तथा आपूर्ति समेत)

ख. सार्वजनिक निर्माण तथा संचार कार्य
- सार्वजनिक निर्माण तथा मर्मत सम्भार कार्य

ग. सेवा कार्यहरू
- विभिन्न Software निर्माण, परिमार्जन तथा आपूर्ति
- तालिम, गोष्ठि, सेमिनार आदि संचालन
- सूचना प्रकाशन तथा प्रसारण सम्बन्धि
- परामर्श सेवा सम्बन्धी कार्य
- डकुमेण्ट्री, फिल्म आदि तयारी

दरखास्त साथ पेश गर्नु पर्ने कागजातहरू
- नविकरण सहितको फर्म दर्ता तथा इजाजत प्रमाणपत्रको छायाँप्रति।
- स्थायी लेखा नम्बर र मूल्य अभिवृद्धि करमा दर्ता भएका प्रमाणपत्रको प्रतिलिपि।
- आ.ब. २०७३/०७४ को कर चुक्ता प्रमाणपत्रको छायाँप्रति वा आन्तरिक राजस्व कार्यालयमा कर विवरण पेश गरेको कागजात।
- परामर्श सेवाको हकमा उल्लेखित कागजातहरुको अलावा कार्य अनुभव र योग्यता पनि हुनुपर्नेछ।

डिभिजन प्रमुख

# बच्चालाई स्तनपान गराएको किर्गिज राष्ट्रपतिकी छोरीको तस्वीरमा कामुकताको बहस



बिस्केक, (एजेन्सी)

किर्जिस्तानका राष्ट्रपतिकी कान्छी छोरी आलिया सागइवाले आफ्नो बच्चालाई स्तनपान गराएको तस्वीरले व्यापक चर्चा पाएको छ। उक्त तस्वीरमा अन्डरवेयरमात्र लगाएकी आलिया आफ्ना छोरालाई दूध चुसाइरहेकी थिइन्।

यसै वर्ष अप्रिलमा आलियाले उक्त तस्वीर सामाजिक सञ्जालमा पोस्ट गरेकी थिइन्। तस्वीरमा उनले लेखेकी थिइन्- 'मरो छोरालाई भोक लाग्यो भने म उनलाई कुनै पनि स्थानमा र कुनै पनि बेला स्तनपान गराउँछु।'

उक्त तस्वीरलाई लिएर उनीमाथि अनैतिक व्यवहारको आरोप लागेको छ। त्यसपछि उनले उक्त पोस्ट हटाएकी छिन्। उनले बीबीसीलाई दिएको एक अन्तरवार्तामा यो विवादलाई महिलाको शरीरलाई कामुकतासँग जोडेर हेर्ने संकृतिको हिस्सा भएको बताइन्।

आलियाले भनिन्- 'मलाई ईश्वरले जुन शरीर दिएको हो त्यो अश्लील होइन। यो सुन्दर शरीर हो जसले मेरो छोरोको सबै आवश्यकता पूरा गर्नमा सक्षम छ। यसलाई कामुकताको नजरबाट हर्नुहुँदैन।'

उनको उक्त तस्वीरलाई लिएर सामाजिक सञ्जालमा केही व्यक्तिमात्र रुष्ट भएका होइनन्। उनका मातापिता राष्ट्रपति अल्माजबेक आत्मवयभ र उनकी पत्नी राइसाले पनि त्यसमा असन्तुष्टि व्यक्त गरेका थिए।

किर्गिस्तानको राजधानी बिस्केक बाहिरको इलाकामा बस्दै आइरहेकी आलियाले भनिन्- 'उनलाई मन परेन। म यो कुरा बुझ्छु किनभने उनको पिँढीको तुलनामा नयाँ पुस्ता कम रुढिवादी छन्।'

आलिया सामाजिक सञ्जालमा अत्यन्त सक्रिय रहेकी छिन् र आफ्नो काम र परिवारको तस्वीर सामाजिक सञ्जालमा पोस्ट गरिरहेकी हुन्छिन्।

उनले भनेकी छिन्- 'जब म आफ्नो बच्चालाई स्तनपान गराइरहेकी हुन्छु, मलाई लाग्छ यो सबैभन्दा राम्रको कुरा हो, जुन म उसलाई दिन सक्छु। मेरो लागि आफ्नो बच्चाको आवश्यकता पूरा गर्नु सबैभन्दा जरुरी हो, मान्छेहरूको कुरामा ध्यान दिनु होइन।'

आलिया बिस्केकस्थित एक घरमा आफ्ना पति र बच्चासँग बस्छिन्। आलिया बच्चाहरूमा हुने डाउन सिन्ड्रो र जनावरहरूको अधिकारका बारेमा पनि जागरुकता फैलाउने काम गर्छिन्। उनी राजनीतिमा आउन चाहँदिनन्।

किर्गिस्तानमा दुई पूर्वराष्ट्रपतिको बच्चा राजनीति र व्यवसायका कारण विवादमा आएका थिए। तर, वर्तमान राष्ट्रपतिले यसअघि उनका सन्तान कहिले पनि राजनीतिमा नआउने बताएका थिए।

किर्गिस्तानमा प्राय मुलमान बाहुल्य रहेको छ। यहाँको समाज रुढिवादी भए पनि सामाजिकरूपमा यहाँ सार्वजनिक स्थानमा स्तनपान गराउनुलाई नराम्रो मानिँदैन। पार्क तथा अन्य सार्वजनिक स्थानहरूमा महिलाहरूलाई आफ्नो बच्चालाई स्तनपान गराइरहेको देखिनु सामान्य मानिन्छ। तर, सामान्यरूपमा दूध पिलाउने क्रममा आफ्नो शरीरलाई कपडाले छोप्ने गर्छन्।

आलियाले पोस्ट गरेको तस्वीरलाई लिएर मानिसहरूले उनको निजी तस्वीर भएको र पोस्ट गर्न नहुने प्रतिक्रिया दिएका थिए।

आलियाको तस्वीरलाई लिएर किर्गिजस्तानमा मात्र नभई बाहिर पनि चर्चाको विषय बनेको छ। युरोपका थुप्रै देशका अखबार तथा वेबसाइटले उनको तस्वीर छापेको छ। धेरैले महिलाको शरीरलाई लिएर प्रचलित सामाजिक मानसिकताको विरोध गर्नका लागि उनको तारिफ गरेका छन्।

बेलायतसहित थुप्रै देशमा सार्वजनिक स्थानमा स्तनपान गराउनुलाई लिएर बहस चलिरहेको छ। बेलायतमा ३ वर्षअगाडि लन्डनको चर्चित क्लारिज्स होटलको रेस्टुरेन्टमा बच्चालाई दूध पिलाइरहेकी एक महिलालाई आफ्नो छाती छोप्नका लागि भनिएको थियो। उक्त घटनालाई लिएर देशव्यापी व्यापम विरोध भएको थियो।

यसै वर्ष मेमा अस्ट्रेलियाको क्विन्सल्यान्डकी सिनेटर लारिसा वाटर्सले संसद्मा आफ्नी छोरीलाई स्तनपान गराएकी थिइन्।

आलियाको अन्तरवार्ता प्रकाशित भएपछि मुस्लिम बहुल देशमा स्तनपानलाई लिएर प्रचलित मान्यताहरूमा बहस छेडिएको छ। इरानका महिलाले सार्वजनिकरूपमा स्तनपान गराएकोमा उनीहरूले झेल्नुपरेका तनावका बारेमा लेखेका छन्।

तेहरानबाट एक आमाले लेखिन्- 'मानिसहरूले मलाई घुरेर हेरिरहेका थिए। मैले कि त आफूलाई पूरै छोप्नुपर्थ्यो वा आफ्नो बच्चालाई भोकै रहन दिनुपर्थ्यो।'

अफगानिस्तानको राजधानी काबुलमा बस्दै आइरहेकी जरिफा गफारीले आफू एक ठूलो परिवारको भएको र त्यहाँ महिलाले बच्चालाई दूध पिलाउन अलग्गै कोठामा जानुपर्ने बताएकी छिन्।


उनी भन्छिन्- 'अरूको अगाडि स्तनपान गराउन सकिँदैन। यदि त्यसो गरेमा परिवारका बुजुर्गहरूबाट गाली खानुपर्ने हुन्छ। यो एउटा ठूलो मुद्दा हो। तर, विस्तारै-विस्तारै स्थिति परिवर्तन भइरहेको छ।'

टोरोन्टो विश्वविद्यालयका विमेन एन्ड जेन्डर स्टडिज विज्ञ भिक्टोरिया टाहमासेबीले ट्विटमा भनेकी छिन्- 'एक पुँजीपति दृष्टिकोणले हेर्ने हो भने जबसम्म स्तनलाई कामुक बनाएर राख्छ, त्यो फाइदाजनक अंग बनिरहेको हुन्छ। सार्वजनिक स्थलमा महिलाले स्तनपान गराउनुले उसलाई कम कामुक बनाउँछ। त्यसैले यसलाई स्वीकार गरिँदैन।'

आलियाका मामिलामा उनले सामाजिक सञ्जालबाट आफ्नो तस्वीर हटाउनुपऱ्यो किनभने उनका मातापितालाई 'उनको परिवारलाई त्यसले नोक्सान पुग्न सक्छ' भन्ने चिन्ता थियो।

तर, यस विषयमा आलियाले आफ्नो प्रष्ट धारण दिन छोडेकी छैनन्।





# नेपाल

हनुमान माविबाट विद्यालय व्यवस्थापन समितिको र विद्यालयको सहमतिबिना नै निमाविमा अंग्रेजी विषयमा अध्ययनरत शिक्षकको बनेपामा रहेको आजाद मावीमा सरुवा भएको छ। विद्यालयमा शिक्षक नभएपछि विद्यार्थीहरू अंग्रेजी विषय अध्ययन गर्नबाट वञ्चित भएका छन्।

# लेखा परीक्षण र बोनस विधेयक पास

काठमाडौं, (नेस)

व्यवस्थापिका-संसद्मा 'लेखा परीक्षण विधेयक, २०७३' प्रस्तुत भएको छ भने बोनस (पाँचौं संशोधन) विधेयक पारित भएको छ।

आइतबारको संसद् बैठकमा अर्थमन्त्री ज्ञानेन्द्रबहादुर कार्कीले लेखा परीक्षण विधेयक प्रस्तुत गर्नुभएको हो। लेखापरीक्षणको कार्यलाई व्यवस्थित, पारदर्शी र मर्यादित बनाउन नयाँ ऐनको जरुरी रहेको अर्थमन्त्री कार्कीले सदनमा बताउनुभयो।

सरकार र ५० प्रतिशतभन्दा बढी सरकारी स्वामित्व भएको निकायको लेखापरीक्षण गर्ने व्यवस्था भएकाले त्यसलाई व्यवस्थित र पारदर्शी बनाउँदै समयानुकूल बनाउन नयाँ ऐन जरुरी रहेको उहाँको भनाइ थियो। हाल मुलुकमा लेखापरीक्षण ऐन, २०४८ अनुसार लेखापरीक्षण कार्य अगाडि बढिरहेको छ। विधेयक उपर सांसद प्रेम सुवाल, डिल्लीप्रसाद काफ्ले र अनुराधा थापा मगरले प्रस्तुत गर्नुभएको विरोधको सूचनालाई संसद्को बहुमतले अस्वीकृत गरेको थियो।

त्यसै गरी आइतबार नै अर्थमन्त्री कार्कीले प्रस्तुत गर्नुभएको 'बोनस (पाँचौं संशोधन) विधेयक, २०७४' लाई बैठकको बहुमतले पारित गरेको छ।

बोनस विधेयकमाथिको छलफलमा भाग लिँदै सांसद् रेवतीरमण भण्डारीले विधेयक सुधारका लागि दर्जनौं संशोधन प्रस्ताव दर्ता भए पनि त्यसको कुनै सुनुवाइ नगरी झारा टार्ने हिसाबले नाम र मिति मात्रै परिवर्तन गरेर सदनमा ल्याइएकामा आपत्ति प्रकट गर्नुभयो।

यस्तै, अर्थमन्त्री कार्कीले प्रस्तुत गर्नुभएको 'संघीय आकस्मिक कोष विधेयक, २०७४' लाई सर्वसम्मतिले पारित गरेको छ। 'वस्तु विनिमय बजारसम्बन्धी विधेयक, २०७३' लाई पनि बैठकको बहुमतले स्वीकृत गर्‍यो। अर्थमन्त्रीले 'महालेखा परीक्षकको ५४औं वार्षिक प्रतिवेदन, २०७३' पनि सदनमा पेश गर्नुभयो। व्यवस्थापिका-संसद्को अर्को बैठक यही साउन १८ गते बुधबार एक बजे बस्नेछ। आइतबारको व्यवस्थापिका संसद्मा राष्ट्रिय जनता पार्टीकी सांसद डा.डिम्पल कुमारी झाले संसद छोड्ने चेतावनी दिनुभएको छ। मधेस आन्दोलनको माग सम्बोधन नभए राजपाले संसद छोडेर आन्दोलनमा जाने चेतावनी डा. झाले दिनुभयो।

बैठकमा उहाँले भन्नुभयो, हाम्रो माग पूरा भएको छैन। सबै दलले मधेसलाई धोका दिँदै छ। यस्तो अवस्थामा हामी संसद्मा बसिराख्नुको औचित्य छैन।

# डा. केसीको मागप्रति ऐक्यबद्धता

हेटौंडा, (नेस)

स्वास्थ्य क्षेत्रका कुरीति अन्त्य हुनुपर्नेलगायत माग राख्दै काठमाडौंमा ११औं पटक अनसन बसिरहेका डा. गोविन्द केसीको मागमा हेटौंडामा ऐक्यबद्धता जनाइएको छ।

मकवानपुर औषधि व्यवसायी संघ र मकवानपुर मेडिकल ल्याब एसोसिएसन (मेलान) ले आइतबार हेटौंडाको मुख्य बजार बुद्धचोकमा सांकेतिक विरोध प्रदर्शन गरेको हो।

प्रदर्शनकारीले डा. केसीको माग पूरा गर्न सरकारलाई दबाब दिएका छन्। उनीहरूले डा. केसीको समर्थनमा प्लेकार्डसहित चोकमा उभिएर नारवाजी लगाएका थिए। सरकारले डा.केसीसँग धेरैटक सहमति गरे पनि सहमति कार्यान्वयनमा अटेरी गर्दै आएपछि डा.केसीले ११ पटकसम्म अनसन बस्नुपरेको भन्दै उनीहरूले आक्रोश व्यक्त गरेका छन्।

# नाम दर्ता गर्नेको लर्को

अछाम, (नेस)

अछाम जिल्लामा फोटोसहितको मतदाता नामावलीमा नाम दर्ता गराउनेको जिल्ला निर्वाचन कार्यालयमा दिनहुँ लर्को लाग्ने गरेको छ। उत्साहजनक रूपमा सर्वसाधारणले फोटोसहितको मतदाता नामावलीमा नाम दर्ता गराइरहेका जिल्ला निर्वाचन कार्यालय, अछामले जनाएको छ।

आगामी प्रदेश सभा र प्रतिनिधि सभा निर्वाचनका लागि निर्वाचन आयोगले मतदाता नामावली संकलन तथा त्रुटी भएमा सच्याउने कार्य सञ्चालन गरेपछि अछाममा नामावली दर्ता गर्नेको संख्या उत्साहजनक रूपमा बढेको पाइएको हो।

# ओइस्का इन्टरनेसनल नेपाल च्याप्टरद्वारा बृक्षारोपण



**नेपाल समाचारपत्र**

काठमाडौं

ओइस्का इन्टरनेसनल नेपाल च्याप्टरको आयोजनामा ललितपुरको फुलचोकी मनकामना मन्दिर नजिक गत शनिबार बृक्षारोपण कार्य सम्पन्न भएको छ। उल्लासपुर्ण वातावरणमा सम्पन्न सो कार्यक्रमको सभापतित्व रत्नमान चित्रकारले गर्नुभएको थियो।

संस्थाका निबर्तमान अध्यक्ष निलकृष्ण ताम्राकारको साथ साथै धेरै समाजसेवीहरूको पनि उपस्थित रहेको सो कार्यक्रमको जुजुकाजी तन्दुकारले उद्घोषण गर्नुभएको थियो। गायक जितेन्द्र नकर्मीको सुमुधुर स्वरले सांगीतिक हिसाबले पनि कार्यक्रममा रौनक थपिएको थियो। कार्यक्रमको अन्त्यमा सुश्री किरणले ध्यानको महत्वका बारेमा प्रकाश पार्दै सबैलाई केही समय ध्यान गराउनुभएको थियो।

# नेपाल भाषा तथा लिपि प्रशिक्षण शुरू

**नेपाल समाचारपत्र**

काठमाडौं

नेपाल भाषा तथा लिपि प्रशिक्षणको कार्यक्रम आइतबार उद्घाटन भएको छ।

वडा नम्बर २१ स्थित दलाछी परिवार क्लबले सो प्रशिक्षणको कार्यक्रम आयोजना गरेको हो। क्लबले नेपाल भाषा र लिपि लोप हुँदै जान लागेकाले यसको उत्थानका लागि सो कार्यक्रम सञ्चालनमा ल्याएको जानकारी दियो।

एक महिनासम्म सञ्चालन हुने नेपाल भाषा तथा लिपि प्रशिक्षणको उद्घाटन वडा अध्यक्ष उदय चुडामणि वज्राचार्यले गर्नुभयो। वज्राचार्यले यस्तो कार्यक्रमले नेपालमा नेपाल भाषाको विकासमा टेवा मिल्ने तथा घरदेखि नै नेपाल भाषा बोल्नुपर्ने पनि बताउनुभयो।



तस्वीर : फिरोज राजोपाध्याय

यस्तै नेपाल भाषा तथा लिपिका प्रशिक्षक मदनमणि वज्राचार्यले भाषा सिक्न त्यति कठिन नहुने बताउनुभयो। वज्राचार्यले एक महिनामा सिक्दा नेपाल भाषामा अक्षर लेख्न सकिने पनि बताउनुभएको थियो।

यसै गरी नेवा बस्ती नेवाः स्कुल अभियानका अभियन्ता दीपक तुलाधर र भाषासेवी विश्वनाथ श्रेष्ठले पनि आ-आफ्नो मन्तव्य राख्नुभएको थियो।

# भक्तपुरमा एमाले र नेमकिपा भिड्दै

भक्तपुर, (नेस)

आगामी २२ गते बिहीबार हुने भक्तपुर जिल्ला समन्वय समितिको निर्वाचनमा समितिको प्रमुख तथा उपप्रमुखलगायत सदस्य पदका लागि एमाले र नेपाल मजदूर किसान पार्टीले मात्रै उम्मेदवारी दिएका छन्।

समितिको निर्वाचन अधिकृतको कार्यालयमा एमालेबाट भक्तपुर जिल्ला समन्वय समितिका प्रमुखमा नवराज गेलाल र उपप्रमुखमा सरिता कुवरलाई उम्मेदवार बनाएको छ भने नेमकिपाले प्रमुखमा कमला भारती गिरी र उपप्रमुखमा हरिरत्न गोर्खालीलाई उम्मेदवार बनाएको छ।

सदस्यहरूमा एमालेले शकुन्तला श्रेष्ठ, गीता देउजा, कमला पोखरेल, श्रीराम व्यान्जु, उमेश श्रेष्ठ, बाबुकाजी श्रेष्ठ र दलित तथा अल्पसंख्यक सदस्यमा गीता विसुङ्खेको नाम सिफारिस गरेको छ।

सदस्यहरू नेमकिपाको तर्फबाट भने रोशनमैया सुवाल, रोशन खत्री, जितेन्द्र मुर्नकर्मी, रञ्जना त्वाती, जगतलाल मानन्धर र विजयालक्ष्मी शाक्य तथा दलित तथा अल्पसंख्यक सदस्यमा सुनिता द्यौलालाई उम्मेदवार बनाएको छ।

# विद्यालयमा ताला

मोतीराम तिमल्सिना, काभ्रे

तेस्रो पटक शिक्षा अधिकारीको रूपमा कार्यरत डा. दिपेन्द्र गुरुङ मैमत्त भएको भन्दै विभाग र मन्त्रालयमा उजुरी परेको छ। मौखिक उजुरी प्रमुख जिल्ला अधिकारीले पटकपटक गराउँदा पनि शिक्षा अधिकारीलाई कारवाही हुन सकेको छैन।

पहिलो पटक २०७१ माघ ५ गते काभ्रेपलाञ्चोक जिल्लाको शिक्षा अधिकारी भएका डा.गुरुङ २०७२ फागुन ५ गते सरुवा भएका थिए। पुनः २०७३ वैशाख २९ गते हाजिर भएका गुरुङ जेठ २१ गते सरुवा भए। तेस्रो पटक २०७३ साउन १ गते नै जिल्ला फर्किएका गुरुङले शिक्षा कार्यालयलाई लथालिङ, भताभुङ र अनियमितता गरेको भन्दै पटकपटक प्रमुख जिल्ला अधिकारी शिव सिंखडालाई उजुरी गरेका थिए।

'दैनिक दुईवटा उजुरी शिक्षा अधिकारी र कार्यालयका गतिविधिका बारेमा आउने गरेको छ'-प्रमुख जिल्ला अधिकारी शिव सिंखडाले भने। आइतबार मात्रै धुलिखेल नगरपालिका वडा नम्बर ११ पातलेखेतका अध्यक्ष विष्णु काभ्रेलीको नेतृत्वमा हनुमान उमाविका शिक्षकहरूको डेलिगेसन शिक्षा कार्यालय पुगेर प्रमुख जिल्ला प्रशासन कार्यालयमा उजुरी गर्न पुगेका थिए।

हनुमान माविबाट विद्यालय व्यवस्थापन समितिको र विद्यालयको सहमतिबिना नै निमाविमा अंग्रेजी विषयमा अध्ययनरत शिक्षकको बनेपामा रहेको आजाद मावीमा सरुवा भएको छ। विद्यालयमा शिक्षक नभएपछि विद्यार्थीहरू अंग्रेजी विषय अध्ययन गर्नबाट वञ्चित भएका छन्। निमावि शिक्षकले माविसम्म अध्यापन गराउनुपर्ने बाध्यता छ।

उता रोशी गाउँपालिकामा रहेको सिद्धार्थ प्रावि शिक्षा अधिकारी दिपेन्द्र गुरुङकै कारण साउन १ गते देखि बन्द भएको छ। ४८ जना विद्यार्थी अध्ययन गर्ने उक्त विद्यालयलाई शिक्षा कार्यालयले दरबन्दी उपलब्ध गराएको थिएन। तर पीसीएफ कोटाका एक जना शिक्षक, गाउँ विकास समितिले वार्षिक दिने १ लाखबाट थप दुई शिक्षक कार्यरत थिए। कार्यालयले पीसीएफ कोटा र गाविस गाउँपालिका भएपछि बजेट कटौती गरिदिएपछि रोशी गाउँपालिकाको शिसाखानीमा रहेको उक्त विद्यालय साउन १ गतेबाट शिक्षक अभावकै कारण बन्द हुन पुगेको अध्यक्ष विरमान तामाङले बताए। शिक्षक नै नभएपछि विद्यार्थीहरूले कहाँ गएर कोसँग अध्ययन गर्ने भन्ने चिन्ता थपिएकाले शिक्षा कार्यालय र गाउँपालिका कार्यालय धाएको उनले बताए।

शिक्षा अधिकारी असार ३२ पछि कार्यालयमा छैनन तर उनको हाजिरी साउन ५ सम्म देखिन्छ। फिल्ड र मन्त्रालयमा काज भन्दै हाजिरी कापीमा उल्लेख गरी बेपत्ता भएका अधिकारीले गैह्रकानुनी रूपले ८५ शिक्षकको सरुवा गरेका छन्। स्थानीय तहअनुसार मनलाग्दी स्रोत ब्यक्ति खटाएका छन्। 'मैले शिक्षा अधिकारी नभेटेको १५ दिन जति भयो'-सहायक जिल्ला शिक्षा अधिकारी फटिकबहादुर केसीले भने। 'शिक्षकहरू काम लिएर आउनुहुन्छ समस्या समाधान गर्ने अधिकारसमेत नदिई जिशिअ वेपत्ता हुनुहुन्छ' -एक कर्मचारीले भने।

जिल्ला प्रशासनले गैह्रकानुनी रूपमा सरुवा गरेका शिक्षकहरूको विवरण माग गर्दै पत्र पठाएको छ। तर कार्यालय प्रमुख गुरुङ न कसैको फोन उठाउँछन् न कार्यालयमा पुग्छन्। धुलिखेलमै रहेको एक होटलमा बसेर उनी शिक्षकहरूको सरुवा र दरवन्दी मिलाउन ब्यस्त छन्।

आइतबार प्रमुख जिल्ला अधिकारी शिव सिंखडाले गुरुङलाई पटकपटक फोन गरे पनि रिसिभ गरेनन्। विभागमा समेत प्रजिअले टेलिफोन गरेर उजुरी गरेका छन् तर कार्यान्वयनको आशा छैन। एक महिनादेखि शिक्षा अधिकारीको पर्खाइमा बसेका विभिन्न विद्यालयका शिक्षकहरूले शिक्षा अधिकारीको रबैयाबाट दुःख र हैरानी ब्यहोर्नुपरेको बताएका छन्।

## कृषकलाई ...

अध्ययन तथा अनुभव संकलनलगायतका सबै काम १० लाख रुपियाँभित्रै सक्ने गरि अगाडि बढाइएको छ। यसका लागि विज्ञहरूसमेत खटाइएको छ।' ४ तहमा कृषकहरूको बर्गीकरण गरी कृषक पेन्सन योजना कार्यान्वयन गर्ने गरी काम अघि बढिसकेको कृषि विकास मन्त्रालयले बताएको छ। किसानहरूलाई श्रमिक कृषक, सिमान्तकृत कृषक, अर्धव्यवसायिक कृषक र व्यावसायिक कृषकका रुपमा बर्गीकरण गर्ने कृषि विकास मन्त्रालयको तयारी छ।

सरकारले कृषि पेन्सन योजनाको अवधारणा ल्याइसकेकाले निकट भविष्यमै नमुनाका रूपमा केही जिल्लाहरू छनोट गरी कृषकहरूलाई पेन्सन उपलब्ध गराउने तयारी थालिएको कृषि विकास मन्त्रालयका सह-प्रवक्ता शंकर सापकोटाले जानकारी दिनुभयो। उहाँका अनुसार कृषकहरूलाई कृषि पेशामा रहिरहने प्रेरणा प्रदान गर्न र कृषकहरूलाई हौसला प्रदान गर्न कृषि पेन्सन योजनाको तयारी थालिएको हो। कृषिमा आश्रित किसानहरूले केही रकम आफूले जम्मा गर्नुपर्ने र केही रकम सरकारले उपलब्ध गराउने गरी ६० वर्ष उमेर पुगेका किसानलाई पेन्सन अर्थात निवृत्तिभरणको व्यवस्था गरिने सह-प्रवक्ता शंकर सापकोटाले बताउनुभयो। हाल देशभर ३४ लाख घरपरिवार कृषिमा आश्रित भएको औसत तथ्यांक भए पनि कुन किसानको कति खेती छ, खेती गर्ने र खेती गर्न लगाउने किसानको संख्या कति छ भन्ने यकिन तथ्यांक कृषि विकास मन्त्रालयसँग छैन।

सहप्रवक्ता सापकोटाका अनुसार कृषकलाई पेसामा रहिरहने प्रेरणा र हौसला प्रदान गर्न पेन्सन योजना अगाडि सारिएको हो। त्यसका लागि आम्दानीका आधारमा किसानलाई बर्गीकरण गरिएको छ। वार्षिक २ लाखसम्म आम्दानी गर्ने सीमान्तकृत, ३ लाखसम्मलाई साना, ८ लाखसम्मलाई मध्यम, २० लाखसम्मलाई ठूला र त्यसभन्दा बढी आर्जन गर्नेलाई व्यवसायिक कृषकको सूचीमा राखिएको छ। ती कृषकहरूले आफ्नो आम्दानीको १ प्रतिशत राष्ट्रिय योजना आयोगले खडा गरेको पेन्सन कोषमा दाखिला गर्नुपर्ने प्रावधान छ।

उक्त योजनामा सहभागी हुन ६० वर्ष नाघेका किसान कम्तीमा २० वर्ष कृषि पेशामा संलग्न हुनुपर्ने प्रावधान छ। किसानले आफ्नो वार्षिक आम्दानीको १ प्रतिशत कोषमा जम्मा गरेपछि सरकारले रकम थप गरिदिने प्रावधान छ। जस्तो राज्यले सीमान्तकृतलाई २ सय ५०, साना किसानलाई २ सय, मध्यमलाई १ सय, ठूलालाई ५० र व्यावसायिक किसानलाई १० प्रतिशतका दरले रकम जम्मा गरिदिने व्यवस्था पेन्सन योजनामा उल्लेख छ।

कृषिमा परनिर्भरता, युवा जनशक्तिको पलायन र खेतीयोग्य जमिन बाँझो हुनबाट रोक्न कृषि विकास मन्त्रालयले कृषि पेन्सन योजना लागु गर्ने भनेपनि योजना कोरा कागजमा सिमित भएको कृषकहरूले गुनासो गर्दै आएका छन्।

## चुनावसम्बन्धी...

निर्वाचन क्षेत्र निर्धारण आयोगको प्रतिवेदन आयोगलाई प्राप्त भइसकेपछि, प्रदेशसभा र प्रतिनिधि सभा सदस्य निर्वाचन ऐन जारी भए पश्चात मात्र निर्वाचनको मिति घोषणा गर्नुपर्नेमा पनि प्रधानमन्त्री देउवाले ध्यानाकर्षण गराएको आयुक्त शर्माले बताउनुभयो।

आयोगले तयार पारेको कार्यतालिकाअनुसार असोज मसान्तमा प्रदेशको निर्वाचन, मंसिर पहिलो साताभित्र संसद्को निर्वाचन गराउने छ। भौगोलिक अवस्था र मौसमलाई दृष्टिगत गर्दा मंसिरको पहिलो हप्ताभन्दा पछाडि हिमाली जिल्लाहरूमा निर्वाचन गराउन सक्ने अवस्था नदेखिएको पनि आयोगले जनाएको छ।

'थोरै समयमा प्रदेश र संघको निर्वाचन गराउनु छ। यसले गर्दा कानुन बनाउने कार्य चाँडो होस् भनेर सरकारको ध्यानाकर्षण गर्दै आइरहेको छौं 'आयुक्त शर्माले भन्नुभयो।

यसैबीच निर्वाचन आयोगले प्रदेश सभा र प्रतिनिधि सभा निर्वाचन एकैपटक गर्न मिल्ने स्थिति नरहेको जनाएको छ।

प्रधानमन्त्री शेरबहादुर देउवासँगै सत्तारुढ र विपक्षी दलका नेताहरूले प्रदेश सभा र प्रतिनिधिसभा निर्वाचन एकै पटक गर्नुपर्ने धारणा सार्वजनिक गरिरहेको बेला आयोगले व्यवस्थापकीय र प्राविधिक दृष्टिबाट प्रदेश र संघको निर्वाचन एकै चरणमा सम्भव नभएको स्पष्ट पारेको हो।

'संविधान, कानुन तथा निर्वाचनको व्यवस्थापकीय र प्राविधिक दृष्टिकोणबाट पनि प्रदेश सभा र प्रतिनिधिसभा निर्वाचन एकैपटक गर्ने अवस्था छैन' प्रमुख निर्वाचन आयुक्त डा. यादवले भन्नुभयो।

'प्रदेश र प्रतिनिधिसभाको निर्वाचन क्षेत्र अलग अलग हुन्छ। सोहीअनुरुप मतदाता नामावली पनि अलगअलग हुने गर्दछ। अलगअलग मतदाता नामावली लिएर कसरी एकै टाउँमा चुनाव गराउन सकिन्छ' -उहाँले भन्नुभयो।

प्रमुख निर्वाचन आयुक्त यादवले संविधानअनुसार प्रदेश सभाको निर्वाचन नभई राष्ट्रिय सभा निर्वाचन गराउन मिल्ने अवस्था नरहेको बताउनुभयो। राष्ट्रिय सभा गठनसम्बन्धी संविधानको धारा ८६ मा राष्ट्रिय सभाको गठनका लागि प्रदेश सभाका सदस्य आवश्यक रहेको उल्लेख गरिएको छ।

आयोगले प्रस्ताव गरेको कार्यतालिकामा कार्तिकको तेस्रो साता प्रदेशको निर्वाचन गराउने उल्लेख गरिएको छ।

## भरतपुर-१९...

प्रमुखमा एमाले उम्मेदवार देवी ज्ञवाली र माओवादी उम्मेदवार रेणु दाहालबीच प्रतिस्पर्धा भइरहेको बेला ९१ वटा मतपत्र च्यातिएको थियो।

९० वटा मतपत्र च्यातिएको असर १९ वटाको गन्न बाँकी र गणना भएको सम्पूर्ण मतपत्रमा परेको उल्लेख गर्दै आयोगले पुनः मतदान गराउने निर्णय गरेको थियो।

आयोगले विभिन्न प्रतिवेदनका आधारमा सो निर्णय गरेको थियो। आयोगले पुनः मतदान गराउने निर्णय गरे पनि त्यसविरुद्ध सर्वोच्च अदालतमा मुद्दा दायर भएको थियो। आयोगको निर्णयमा चित्त नबुझेपछि वडा नम्बर १९ का एमाले उम्मेदवार गुन्जमान विक र अधिवक्ता तुलसी पाण्डेले सर्बोच्चमा रिट दायर गर्नुभएको थियो।

रिटमाथि प्रारम्भिक सुनुवाई गर्दै न्यायाधीश चोलेन्द्र शम्शेर जबराको इजलासले तत्काल पुनः मतदानको निर्णय कार्यन्वयन नगर्न निर्वाचन आयोगलाई अन्तरिम आदेश दिएको थियो।

एमालेबाट मेयरमा देवी ज्ञवाली र उपमेयरमा दिव्या आचार्य प्रतिस्पर्धामा छन्। २० नम्बर वडाको मतगणना बाँकी रहदा १९ नम्बरको आधाभन्दा बढी गणना भइसकेपछि मतपत्र च्यातिएको थियो। पछिल्लो गणनामा एमालेका देवी ज्ञवाली माओवादीकी रेणु दाहालभन्दा ७ सय ८४ मतले अगाडि हुनुहुन्थ्यो। आदेशसँगै निर्वाचन आयोगलाई पुनः मतदान गराउने बाटो खुल्ला भएको छ।

प्रमुख प्रतिपक्ष दल नेकपा एमालेले चितवनको भरतपुर महानगरपालिका-१९ मा पुनः मतदान गर्ने सर्वोच्च अदालतको निर्णयको सम्मान गर्दै निर्वाचनमा भाग लिने बताएको छ।

नेकपा एमालेका प्रचार विभाग प्रमुख योगेश भट्टराईले सम्मानित सर्वोच्च अदालतको निर्णयको सम्मान गदै निर्वाचनमा भाग लिने बताउनुभयो। उहाँले नेपाल समाचारपत्रसँग भन्नुभयो- 'सर्वोच्च अदालतको फैसलाको सम्मान गर्छौं तर भरतपुर १९ मा पुनः मतदात गराउने निर्णय दुर्भाग्यपूर्ण छ, राजनीतिमा मौलाउँदै गएको विकृतीलाई बल पुऱ्याएको छ।'

निर्वाचनमार्फत् नै नागरिक सर्वोच्चता स्थापित गर्नका लागि पनि निर्वाचन प्रक्रियामा भाग लिने बताउदै प्रचार विभाग प्रमुख भट्टराईले जनताकै बीचमा गएर जनतालाई पुनः मतदान गर्नु पर्नाको कारण स्पष्ट पार्ने बताउनुभयो।

## अस्पतालमा...

स्वासप्रस्वासका कारण स्वाइनफ्लु फैलने भएका कारण रोगको पहिचान भएका व्यक्तिले जमघटमा नजाने, परिवारका सदस्यहरूसँग सुरक्षित बस्ने र खानपानमा बढी झोलिलो पदार्थ खान पनि डा.पुन सल्लाह दिनुहुन्छ।


**सुरक्षा कसरी अपनाउने ?**

संक्रमित व्यक्तिले अलग्गै बस्ने, बिरामीले प्रयोग गरेको सामान अरुले प्रयोग नगर्ने, डाक्टरको सल्लाह समयमै लिने, बाहिरजाँदा सावधानी अपनाउने, संक्रमित व्यक्तिसँग हात नमिलाउने, एक मिटरको दूरी कायम राख्ने, झोलिलो पदार्थ बढी खाने, रोगीले मात्र नभएर निरोगीले पनि मास्क लगाएर सुरक्षा अपनाउनुपर्ने चिकित्सकको सल्लाह छ।

विदेशतिर खोप आइसकेको छ। नेपालमा पनि मेथिगन स्ट्रेन खोप भित्रिसकेको छ हामीले सुरक्षा नीति अपनाएका छौं भनेर सरकारले भन्नुभन्दा सिजन शुरू हुनुभन्दा २ साताअघि नै खोप लगाईसक्नुपर्छ। संक्रमणपछि लगाएको खोपको प्रभावकारिता कम हुने अर्थात अन्य व्यक्तिमा रोग फैलिन सक्ने हुनाले स्वाइनफ्लुको खोप पहिला नै लगाउनु उपयुक्त हुने डा.पुन बताउनुहुन्छ।

स्वाइनफ्लुकै कारण ग्रान्डी अन्तर्राष्ट्रिय अस्पतालमा उपचार गराइरहेका तर एक दिनअघि त्रिवि शिक्षण अस्पतालको सघन उपचारकक्षमा उपचार गराउन गएका २ जनाको बिहीबार मृत्यु भएको थियो। त्यसै गरी चार दिनदेखि ग्रान्डीमै उपचाररत पोखराका २९ वर्षीय कमल विकको शनिबार मृत्यु भएको हो। ग्रान्डी अस्पतालको आइसियूमासमेत कार्यरत त्रिवि शिक्षण अस्पतालका आईसीयू विभाग प्रमुख डा. सुवास आचार्यका अनुसार स्वाइनफ्लुग्रस्त अन्य तीन जनाको ग्रान्डीमा उपचार भइरहेको छ। एक सातामा ३ जनाको ज्यान जानुका साथै थुप्रै बिरामी काठमाडौंलगायत नेपालका विभिन्न भागमा देखा परेका छन्। यसका साथै निमोनिया र भाइरलका बिरामीको चाप सघन उपचार कक्षमा बढेको डा.आचार्य बताउनुहुन्छ।

यसरी अस्पतालमा पुगी उपचार गराउने क्रममा स्वाइनफ्लुका बिरामीलाई बचाउन नसकिएकोमा डा.आचार्यले दुःख व्यक्त गर्नुभयो। तर जिम्मेवार निकाय सरकार मौन बसेको छ। सरुवा रोग नियन्त्रणका लागि जिम्मेवारी सम्हाल्दै आएको इपीडीमीयोलोजी तथा रोग नियन्त्रण महाशाखाका निर्देशक डा. भीम आचार्यसामु कसैले किटानी नदिएका कारण उहाँ आफूलाई कुनै जानकारी नभएको बताउनुहुन्छ।



# अर्थ

2017, JULY
Monday
31

देशकै मध्यभागमा रहेको हेटौंडा औद्योगिक क्षेत्रमाउद्योगीको आकर्षण बढे पनिऔद्योगिक क्षेत्रले पर्याप्त जग्गा उपलब्ध गराउन सकेको थिएन। तर, नयाँ औद्योगिक क्षेत्र थपिएसँगै हेटौंडामा औद्योगिक वातावरण बन्ने उद्योगीहरू बताउँछन्।

ज्योति

हिमाल स्टील आजको भाउ

| | टोरस्टिल | | | टि. एम. टि. टेम्पकोर | | | टोरकारी | एनिल्ड |
|---|---|---|---|---|---|---|---|---|
| | ८ मि.मि. | १०-२० मि.मि. | २५-३२ मि.मि. | ८ मि.मि | १०-२० मि.मि | २५-३२ मि.मि. | ४.७५-७ मि.मि. | |
| काठमाडौं | ७७.८५ | ७६.८५ | ७९.३५ | ७८.३५ | ७५.३५ | ७७.८५ | ७७.६५ | ८७.२२ |
| बीरगंज | ७५.९५ | ७४.९५ | ७७.४४ | ७६.४५ | ७३.४५ | ७५.९४ | ७५.७५ | ८५.४२ |
| विराटनगर | ७६.४५ | ७५.४५ | ७७.९४ | ७६.९५ | ७३.९५ | ७६.४४ | ७६.२५ | ८६.०२ |

• अन्त: शुल्क/भ्याट बाहेक प्रति किलो मूल्य • ५०० के.जी. माथि नेपालभरि फ्रि होम डेलिभरी
• अन्य ठाउँको मूल्य नजीकको डिपोबाट लिनु होला। तौलमा हुक र चुरा समावेश छ।

RHINO GUARANTEED DUCTILITY 500D

बिक्री मूल्य रू. प्रति किलोग्राम

| स्थानहरू | राईनो स्टील | | | |
|---|---|---|---|---|
| | ८ एम.एम | १०-२० एम.एम | २५ एम.एम | २८-३२ एम.एम |
| काठमाडौं, भक्तपुर, ललितपुर, बनेपा | ७८ | ७५ | ७८ | ७८ |
| सिमरा, वीरगञ्ज, कलैया, हेटौंडा | ७६/४० | ७३/४० | ७६/४० | ७६/४० |
| मलंगवा, जनकपुर, नारायणघाट | ७७ | ७४ | ७७ | ७७ |
| लाहान, विराटनगर, धरान, इटहरी, बुटवल, भैरहवा, कृष्णनगर | ७७ | ७४ | ७७ | ७७ |
| विर्तामोड, दमक, नेपालगञ्ज, धनगडी | ७८ | ७५ | ७८ | ७८ |
| पोखरा, स्याङजा | ७८ | ७५ | ७८ | ७८ |

नोट: उपरोक्त मूल्यमा १ रुपैयाँ प्रति के. जी. अन्तशुल्क र १३% मु.अ.कर थप लाग्नेछ ।

नेपालमा पहिलो पटक, नेपालकै लागि

NS:191 IS : 1786

Available at Samakhushi (01-4384786), Swayambhu (9841356008), Satungal (9841687562), Dhumbarai (01-446169) Sanepa ( 01-5525049 / 01-5555259), Bhaktapur (01-6616205), Banepa (9851054994), Pokhara (9845494757), Gwarko (01-5200333, 9851027694), Dakshindhoka, Jorpati (9851007467)

## हकदावी गर्न आउने ३५ दिने सूचना

श्री फौद लाल श्रेष्ठको नाती, श्री भक्त लाल श्रेष्ठको छोरा, गोरखा जिल्ला बुङकोट गा.वि.स. वडा नं. ४ स्थायी ठेगाना भएको श्री **इन्द्र बहादुर नगरकोटी** भन्ने **इन्द्र बहादुर श्रेष्ठ**ले यस शाखामा बचत खाता नं. १९६१५२४०३००५७८ संचालन गर्दै आउनु भएकोमा मिति २०७४/०२/२९ गते श्री इन्द्र बहादुर नगरकोटी भन्ने इन्द्र बहादुर श्रेष्ठको निधन भएकोले सोही व्यहोरा उल्लेख गरी उपरोक्त बचत खातामा रहेको रकम पाउं भनी निज मृतकको छोरा श्री **राजेन्द्र बावु श्रेष्ठ**ले मृत्यु दर्ता प्रमाणपत्र र नाता प्रमाणित प्रमाणपत्र लगायतका कागजात सहित यस बैंक समक्ष निवेदन दिनु भएकोले यो सूचना प्रकाशित गरिएको छ। बैंक तथा वित्तीय संस्था सम्वन्धी ऐन, २०६३ को दफा ८१ वमोजिम यस निक्षेप उपर अन्य कुनै व्यक्तिको हकदाबी छ भने यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले ३५ (पैंतीस) दिनभित्र आफ्नो स-प्रमाण दाबी गर्न आउनुहोला। अन्यथा माग वमोजिम उपरोक्त खाताको रकम भुक्तानी हुने व्यहोरा सूचित गरिन्छ। पछि कुनै उजुर बाजुरलाई मान्यता नदिइने व्यहोरा समेत यसै सूचनाद्धारा सूचित गराइन्छ।

नेपाल एसबिआई बैंक लिमिटेड
NEPAL SBI BANK LTD.
ठमेल शाखा, ठमेल, नेपाल

## विनिमय दर

नेपाल राष्ट्र बैंक
केन्द्रीय कार्यालय
विदेशी विनिमय व्यवस्थापन विभाग

२०७४ साउन १६ जुलाई ३१ २०१७

### खुला बजार विनिमय दर नेपाल राष्ट्र बैंकको

| | खरिद दर | बिक्री दर |
|---|---|---|
| भारतीय रुपियाँ १०० का रु. | १६०.०० | १६०.१५ |
| अमेरिकी डलर १ का रु. | १०२।३५ | १०२।९५ |
| युरो १ का रु. | १२०।२७ | १२०।९७ |
| पाउन्ड स्टर्लिङ १ का रु. | १३४।४६ | १३५।२५ |
| स्विस फ्रन्क १ का रु. | १०५।६४ | १०६।२६ |
| अस्ट्रेलियन डलर १ का रु. | ८१।७५ | ८२।२२ |
| क्यानाडियन डलर १ का रु. | ८२।३१ | ८२।८० |
| सिङ्गापुर डलर १ का रु. | ७५।४४ | ७५।८८ |
| जापानी यन १० का रु. | ९।२५ | ९।३० |
| चिनियाँ युआन १ का रु. | १५।१९ | १५।२८ |
| साउदी अरब रियाल १ का रु. | २७।२९ | २७।४५ |
| कतारी रियाल १ का रु. | २८।१० | २८।२६ |
| थाई भाट १ का रु. | ३।०७ | ३।०८ |
| सं. अरब इमिरट दिराम १ का रु. | २७।८७ | २८।०३ |
| मलसियन रिङ्गिट १ का रु. | २३।९० | २४।०४ |
| दक्षिण कारियन वन १०० का रु. | ९।१० | ९।१५ |

**खरिद दर**

| | खरिद दर |
|---|---|
| स्विडिस क्रानर १ का रु. | १२।६१ |
| डनिस क्रानर १ का रु. | १६।१७ |
| हङकङ डलर १ का रु. | १३।११ |

**नोट:** वर्तमान व्यवस्था अन्तर्गत वणिज्य बैङ्कहरूले तोकेका खुला बजार विनिमय दर भने फरक हुन सक्नेछ। चिनियाँ युआन चिनियाँ पर्यटक, नेपाली निर्यातकर्ता तथा आयातकर्ता, चीन भ्रमणमा जाने नेपाली नागरिकहरू र चीनमा अध्ययन गर्ने विद्यार्थीसँग मात्र खरिद/बिक्री गर्न पाइने।

# बीमा समूहमा निरन्तर गिरावट

काठमाडौं, (नेस)

साताको पहिलो दिन आइतबार नेप्से परिसूचक ३ दशमलव २५ अंकले घटेको छ। केही दिनयता बढिरहेको बीमा समूहको कारण उकालो लागेको देखिएको नेप्सेमा आइतबार १ हजार ६ सय ४३ दशमलव २८ बिन्दुमा पुगेर रोकियो।

परिसूचकमा गिरावट आउँदा कारोबार रकम पनि एक अर्बभन्दा तल झरेको छ। आइतबार शेयर बजारमा ९६ करोड ८६ लाख ३१ हजार ९ सय ७१ रुपियाँको कारोबार भयो। यसैक्रममा १ सय ५२ कम्पनीका १७ लाख ७१ हजार ४ सय ८ कित्ता किनबेच भए।

बिहीबार ओरालो लागेको बीमा समूहको परिसूचक आइतबार पनि रोकिएन। चुक्ता पुँजी वृद्धिको योजना पेस गरेपछि बीमा कम्पनीको मूल्य बढ्ने क्रममा रहेको थियो। यस्तै आइतबार बैंकिङ, जलविद्युत्, वित्त र अन्य समूहका परिसूचकमा पनि गिरावट आयो। परिसूचक सुधारिनेमा होटल, विकास बैंक र उत्पादनमुलक समूह रहे।

आइतबार सबैभन्दा धेरै कारोबार प्रभु इन्स्योरेन्सको भयो। त्यस्तै नेसनल माइक्रो फइनान्स वित्तीय संथाका लगानीकर्ताले सर्वाधिक कमाउँदा प्राइम लाइफ इन्स्योरेन्सका लगानीकर्ताले सर्वाधिक गुमाए।

# कमोडिटी विधेयक पारित

## बजारको सुपरीवेक्षण तथा नियमनको अधिकार धितोपत्र बोर्डलाई

नेपाल समाचारपत्र

काठमाडौं

कमोडिटी बजार सञ्चालन गर्ने कम्पनीको न्यूनतम चुक्ता पुँजी ५० करोड रुपियाँ हुनुपर्ने भएको छ। व्यवस्थापिका संसदको आइतबार बसेको बैठकले वस्तु विनिमय (कमोडिटी) बजारका सम्बन्धमा एकीकृत गर्न बनेको विधेयक पारित भएपछि सो व्यवस्था भएको हो।

'वस्तु बजार'लाई नियमन गर्ने कानुन विनिमय विधेयक व्यवस्थापिक संसदबाट पारित भएको हो। कृष्णबहादुर महरा अर्थमन्त्री हुँदा संसदमा दर्ता भएको उक्त विधेयक आइतबार पारित भएको हो।

'वस्तु विनिमय बजारका सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक-२०७३' पारित भएसँगै कमोडिटी मार्केट व्यवस्थित हुने अपेक्षा गरिएको छ। तीन वर्षअघि नै विधेयक बने पनि सरकारको प्राथमिकतामा नपरेर संसदमा दर्ता हुन नसक्दा 'वस्तु बजार' कानुनबिनै चलिरहेको थियो।

पारित विधेयकले बजारको सुपरीवेक्षण तथा नियमनको अधिकार नेपाल धितोपत्र बोर्डलाई दिएको छ। नयाँ कानुन बनेसँगै अब कमोडिटी बजार सञ्चालनका लागि इच्छुक कम्पनीले ५० करोड रुपियाँ चुक्ता पुँजी पुऱ्याई धितोपत्र बोर्डसमक्ष आवेदन दिनुपर्नेछ। विधेयकमा बोर्डले आवश्यकताअनुसार सो बढाउन सक्ने व्यवस्थासमेत गरेको छ। यसअघि यस्ता बजार सञ्चालक कम्पनीले कम्पनी रजिष्ट्रारको कार्यालयमा दर्ता गरे पुग्ने व्यवस्था थियो।

त्यस्तै स्वदेशी लगानीकर्ताले कम्पनीको शेयर ५ प्रतिशत मात्र लिन पाउने भएका छन्। तर, रणनीतिक साझेदारको रूपमा आउने विदेशी लगानीकर्ताले भने कम्पनीको बढीमा ५१ प्रतिशतसम्म शेयर स्वामित्व लिन सक्ने व्यवस्था पारित विधेयकमा उल्लेख छ।

विधेयकमा कमोडिटी बजार सञ्चालकले कारोबार अनुमति पाएको १ सय ८० दिनभित्र कारोबार शुरू गरिसक्नुपर्ने तथा पूर्वाधार विकास अनिवार्य हुनुपर्ने व्यवस्था गरिएको छ। पुराना संस्थाले समेत नयाँ प्रावधानअनुसार बोर्डसँग अनुमति लिनुपर्ने व्यवस्था विधेयकले गरेको छ।

- कमोडिटी बजार सञ्चालन गर्ने कम्पनीको न्यूनतम चुक्ता पुँजी ५० करोड रुपियाँ।
- बजारको सुपरीवेक्षण तथा नियमनको अधिकार धितोपत्र बोर्डलाई।
- कानुन बमोजिम बोर्डले दिएको निर्देशन नमानेमा कम्पनीहरू कारबाहीमा पर्ने।
- बजार सञ्चालकले कारोबार अनुमति पाएको १ सय ८० दिनभित्र कारोबार शुरु गरिसक्नुपर्ने।
- कारोबार व्यवसायीले बजार निर्माण, लगानी व्यवस्थापन, लगानी परामर्शदाता, वस्तु संरक्षक (कस्टोडियन) सेवा, वस्तु कारोबार दलाली, वस्तु कारोबार व्यापार लगायतका व्यवसाय सञ्चालन गर्न पाउने।
- कम्पनीको सात सदस्यीय सञ्चालक समितिमा कम्तिमा २ जना बाहिरबाट स्वतन्त्र सञ्चालक चयन गर्नुपर्ने।

त्यस्तै कानुन बमोजिम बोर्डले दिएको निर्देशन नमानेमा कम्पनीले ५० लाखसम्म जरिवाना तिर्नुपर्ने व्यवस्था गरिएको छ। झुटो कारोबार गरेमा, कारोबारलाई प्रभाव पार्ने काम गरेमा बिगो अनुसार र बिगो नखुले अधिकतम् ५ लाख र ५ वर्षसम्म जेल सजायँको व्यवस्थासमेत विधेयकले गरेको छ।

त्यस्तै कुनै कारणले कालोसूचीमा रहेको व्यक्तिलाई यो बजार प्रवेशमा निषेध गरिएको छ। त्यस्ता व्यक्तिले त्यसबाट नाम हटेको तीन वर्षपछिमात्र यस्तो बजारमा प्रवेश पाउने छन् ।

नयाँ नियमसँगै वस्तु कारोबार व्यवसायीले बजार निर्माण, लगानी व्यवस्थापन, लगानी परामर्शदाता, वस्तु संरक्षक (कस्टोडियन) सेवा, वस्तु कारोबार दलाली, वस्तु कारोबार व्यापारलगायतका व्यवसाय सञ्चालन गर्न पाउने भएका छन्। यसका लागि त्यसै अनुरूप वस्तु कारोबार व्यवसायी वर्गीकरण हुने छन्। ती कम्पनीले कारोबार राफसाफ र फछ्र्यौटका लागि व्यवसायी नियुक्त गर्नुपर्नेछ भने वेयर हाउस पनि तोक्नुपर्ने भएको छ।

विधेयकले कम्पनीलाई लगानी संरक्षण कोषको व्यवस्था गर्नसमेत मार्गनिर्देश गरेको छ। विधेयकले कम्पनीमा आउन सक्ने सम्भावित प्रणालीगत जोखिमको लागि कोषको व्यवस्था अनिवार्य गरेको हो।

वस्तु कारोबार व्यवसायीले बोर्डले तोकेको वस्तु कारोबार व्यवसायको बीमा गराउनुपर्ने तथा सुरक्षित र भरपर्दो विद्युतीय कारोबार प्रणाली समेत हुनुपर्ने व्यवस्था गरिएको छ।

त्यस्तै कम्पनीको सात सदस्यीय सञ्चालक समितिमा कम्तिमा २ जना बाहिरबाट स्वतन्त्र सञ्चालक चयन गर्नुपर्ने बाध्यात्मक व्यवस्था विधेयकमा छ। यस्तो कम्पनीको सञ्चालकमा अर्थशास्त्र, वाणिज्यशास्त्र वा कानुन विषयमा स्नातकोत्तर वा चार्टर्ड एकाउन्टेन्सी उपाधि हासिल गरेको हुनुपर्ने छ। ३५ वर्ष नपुगेकाहरू सञ्चालक हुनु पाउने छैनन्।

स्वतन्त्र सञ्चालक नियुक्तिका लागि रिक्त पदको तेब्बर संख्यामा नाम बोर्डमा सिफारिस गर्नुपर्छ। संसदले कमोडिटी विधेयक पारित गरेपछि नेपाल धितोपत्र बोर्डलाई कमोडिटी बजारको नियमन गर्ने बाटो खुला भएको छ। अब धितोपत्र बोर्डलाई शेयर बजारसहित वस्तु बजारको नियमनको नियमन गर्ने जिम्मेवारी पनि थपिएको छ। साथै बोर्डलाई कमोडिटी कारोबारको सञ्चालन तथा विकास गर्ने जिम्मेवारी पनि हुनेछ।

नयाँ कानुन बनेपछि कमोडिटी बजार व्यवस्थित बन्ने अपेक्षा गरिएको छ। यसअघि कमोडिटी बजार सञ्चालनमा रहेको भए पनि कानुन अभावमा अनगिन्ती समस्या आएका थिए भने सर्वसाधारणको विश्वसनियता पनि कायम हुन सकेको थिएन।

# नयाँ औद्योगिक क्षेत्रका लागि एक्सेस रोड छनोट

नेपाल समाचारत्र

हेटौंडा

हेटौंडा उपमहानगरमा थपिने अर्को औद्योगिक क्षेत्रको आइतबार स्थलगत निरीक्षण र स्थानीय सरोकारवालासँग छलफल गरिएको छ। हेटौंडा मयुरधापमा नयाँ औद्योगिक क्षेत्र स्थापनाका लागि जग्गा नापजाँच र डीपीआर तयारी कार्य शुरू गरिएको हो।

प्राविधिक, सांसद् र स्थानीय सरोकारवालाको टोलीले रातोमाटे पोष्टबाट करिब साढे ३ किलोमिटर लम्बाई र ३० मिटर चौंडाईको एक्सेस रोड टुंग्याएका छन्। त्यहाँबाट खहरे हुँदै मयुरधापमा बाटो जोडिनेछ। विस्तृत परियोजना प्रतिवेदनको जिम्मा पाएको जार्सा इन्जिनियरिङले प्राविधिक टोली खटाएर काम गरिरहेको छ।

हेटौंडा बजारबाट करिब ७ किलोमिटर दक्षिणमा रहेको साविक चुरियामाई र पदमपोखरी गाविसबीच पर्ने मयुरधाप क्षेत्रको करिब १ सय ९९ दशमलव १७ कठ्ठामा नयाँ औद्योगिक क्षेत्र स्थापना गर्न प्राविधिक टोलीले काम शुरू गरेको हो। औद्योगिक क्षेत्र स्थापनाका लागि जग्गाको भोगाधिकार औद्योगिक क्षेत्र व्यवस्थापन लिमिटेडले प्राप्त गरेको छ। सरकारले मुलुकमा रोजगारी सिर्जना गर्ने उद्धेश्यले ३ नम्बर प्रदेशको हेटौंडा-१६, मयुरधापमा नयाँ औद्योगिक क्षेत्र स्थापना गर्न लागेको हो।

त्यसका लागि त्यहाँको जमिनको जग्गाधनी पूर्जा औद्योगिक क्षेत्र व्यवस्थापन लिमिटेडलाई उपलब्ध गराइएको छ। उक्त ऐलानी जमिन औद्योगिक क्षेत्र व्यवस्थापन लिमिटेडको स्वामित्वमा गराउने मन्त्रिपरिषद्ले निर्णय गरेको थियो। पूर्वमा मयुरधाप बस्ती, पश्चिममा कालापानी, उत्तरमा १६ नम्बर वडा र दक्षिणमा उत्तरपानी पर्ने चार किल्लाभित्रको जमिनमा औद्योगिक क्षेत्र स्थापना गर्न लागिएको छ। बुट्यानले ढाकेको जमिनमा ठूला रुख छैनन्। राजमार्गसँग जोड्ने सडक पुऱ्याउन समस्या नहुने र विद्युत् सहज ढंगले उपलब्ध गराउन सकिने भएकाले औद्योगिक क्षेत्र स्थापना गर्न उपयुक्त थलो छ।

अनुत्पादक जग्गा उपयोगमा आउने र औद्योगिक क्षेत्रलाई आवश्यक पूर्वाधार उक्त स्थानमा निर्माण गर्न सहज हुने विश्वास छ। उद्योग स्थापनापछि वरिपरिका बस्ती चुरियामाई र पदमपोखरीको विकास हुनुका साथै स्थानीयले सहजढंगले रोजगारी पाउने आशा लिएका छन्।

अमेरिकी सरकारको सहयोगमा २०२० सालमा हेटौंडा औद्योगिक क्षेत्र स्थापना गरिएको थियो। करिब ५४ वर्षपछि औद्योगिक क्षेत्र नजिक नयाँ औद्योगिक क्षेत्र स्थापना गर्न लागिएका हो। औद्योगिक क्षेत्र व्यवस्थापन लिमिटेडका इन्जिनियर अमृत शाहीका अनुसार नापीले जति छिटो जग्गा छुट्याएर उपलब्ध गराउँछ, त्यति नै छिटो डीपीआर प्रक्रिया अगाडि बढ्छ। 'यस वर्ष पहुँचमार्ग, साइट अफिस र विद्युत्को काम सक्ने लक्ष्य छ,' इन्जिनियर शाहीले कत्तिकसम्म डीपीआर सक्ने लक्ष्य लिइएको बताउनुभयो। देशकै मध्यभागमा रहेको हेटौंडा औद्योगिक क्षेत्रमाउद्योगीको आकर्षण बढे पनिऔद्योगिक क्षेत्रले पर्याप्त जग्गा उपलब्ध गराउन सकेको थिएन। तर, नयाँ औद्योगिक क्षेत्र थपिएसँगै हेटौंडामा औद्योगिक वातावरण बन्ने उद्योगीहरू बताउछन्।

मन्त्रिपरिषद्को २०७३ वैशाख १४ को निर्णयानुसार मयुरधापमाऔद्योगिक क्षेत्र स्थापनागर्न प्रक्रिया अगाडि बढाइएको हो। जग्गाको स्वामित्व, पानी, विद्युत्, टेलिफोन, सडकको सम्भाव्यता अध्यय नगर्न प्राविधिक टोली खटाइएको औद्योगिक क्षेत्र व्यवस्थापन लिमिटेड अध्यक्ष तथा महाप्रबन्धक नन्दकिशोर बस्नेतले बताउनुभयो।

सरकारको निर्णयले औद्योगिक क्षेत्रमा परिवर्तनको शुरूआत भएको छ। काठमाडौंबाट नजिक औद्योगिक क्षेत्र हेटौंडा भएकाले मयुरधापमा बालाजु र पाटन औद्योगिक क्षेत्रका ठूला औद्योगिक प्रतिष्ठान स्थानान्तरण गर्ने विषयमा अध्ययन भइरहेको औद्योगिक क्षेत्र व्यवस्थापन महाप्रबन्धक बस्नेतले बताउनुभयो। हेटौंडाबाट काठमाडौं पुग्ने तीनवटा सडक सञ्चालनमा रहेको र करिब एक वर्षभित्र कान्तिलोकपथ सञ्चालनमा आएपछि थप सहज हुनेछ। हेटौंडा-काठमाडौं यातायातमा सञ्चालनमा कान्ति लोकपथले सहजता प्रदान गर्नेछ।

पाटन र भक्तपुरको औद्योगिक क्षेत्रलाई हस्तकलाग्रामका रूपमाविकास गर्ने र प्रदुषणयुक्त औद्योगिक प्रतिष्ठान स्थानान्तरण गर्ने विषयमा सम्भाव्यता अध्ययन भइरहेको अध्यक्ष बस्नेतको भनाइ छ। प्रत्येक प्रदेशमा एक औद्योगिक क्षेत्र स्थापना गर्ने नीतिअन्तर्गत स्थापनाका लागि विस्तृत परियोजना प्रतिवेदन (डीपीआर) बनाउन लागिएको हो। देशभर औद्योगिक क्षेत्रहरू स्थापनाको सम्भाव्यता अध्ययनका लागि ५० करोड रुपियाँ विनियोजन गरिएको थियो। हालमुलुकमा ११ औद्योगिक क्षेत्र स्थापना भए पनि १० वटा चालू छन्।

प्रत्येक औद्योगिक क्षेत्रमा हजार बिघा जग्गा व्यवस्थापन गर्न सके ७ सय बिघामा मझौलाखालका न्यूनतम हजार उद्योग स्थापना गर्न सकिने, बाँकी ३ सय बिघामध्ये सय बिघामा सोलार प्लान्ट जडान गरिने र ५ प्रतिशतमा हरियाली बनाइने गरी विस्तृत परियोजना प्रतिवेदन तयार गरिने बस्नेतको भनाइ छ।

# SHARE MARKET

30 JULY SUNDAY, 2017

| S.No. | Traded Companies | Total Share | Max. Price | Min. Price | CP Price | Diff Rs. |
|---|---|---|---|---|---|---|
| 1 | Agriculture Development Bank Limited | 9537.00 | 461.00 | 445.00 | 451.00 | -9.00 |
| 2 | Api Power Company Ltd. | 8378.00 | 620.00 | 596.00 | 606.00 | -14.00 |
| 3 | Arun Finance Limited | 2054.00 | 191.00 | 182.00 | 191.00 | 6.00 |
| 4 | Arun Kabeli Power Ltd. | 11606.00 | 418.00 | 407.00 | 407.00 | -5.00 |
| 5 | Arun Valley Hydropower Dev. Co. Ltd. | 3718.00 | 275.00 | 265.00 | 267.00 | -3.00 |
| 6 | Asian Life Insurance Co. Limited | 7398.00 | 1680.00 | 1639.00 | 1680.00 | 13.00 |
| 7 | Bank of Kathmandu Ltd. | 85128.00 | 503.00 | 473.00 | 494.00 | 10.00 |
| 8 | Barun Hydropower Co. Ltd. | 10.00 | 260.00 | 260.00 | 260.00 | -5.00 |
| 9 | Bhargav Bikash Bank Ltd. | 1008.00 | 305.00 | 297.00 | 297.00 | -5.00 |
| 10 | Bottlers Nepal (Terai) Limited | 90.00 | 7405.00 | 7200.00 | 7200.00 | -60.00 |
| 11 | Butwal Power Company Limited | 1142.00 | 655.00 | 646.00 | 650.00 | 16.00 |
| 12 | Central Finance Co. Ltd. | 10962.00 | 199.00 | 191.00 | 194.00 | -6.00 |
| 13 | Century Commercial Bank Ltd. | 10921.00 | 270.00 | 264.00 | 268.00 | 2.00 |
| 14 | Chhimek Laghubitta Bikas Bank Limited | 5927.00 | 1655.00 | 1590.00 | 1650.00 | 5.00 |
| 15 | Chilime Hydropower Company Limited | 3947.00 | 804.00 | 796.00 | 800.00 | 0.00 |
| 16 | Citizen Bank International Limited | 23049.00 | 383.00 | 375.00 | 378.00 | -2.00 |
| 17 | Citizen Investment Trust | 341.00 | 4025.00 | 4000.00 | 4001.00 | 1.00 |
| 18 | Civil Bank Ltd | 21239.00 | 259.00 | 250.00 | 250.00 | -3.00 |
| 19 | Civil Laghubitta Bittiya Sanstha Ltd. | 247.00 | 1325.00 | 1320.00 | 1321.00 | -24.00 |
| 20 | Deprosc Development Bank Limited | 11244.00 | 1410.00 | 1375.00 | 1400.00 | 20.00 |
| 21 | Deva Bikas Bank Limited | 9215.00 | 265.00 | 260.00 | 260.00 | -1.00 |
| 22 | Dibyashwori Hydropower Ltd. | 168.00 | 208.00 | 200.00 | 204.00 | 4.00 |
| 23 | Everest Bank Limited | 5863.00 | 1380.00 | 1360.00 | 1375.00 | 4.00 |
| 24 | Everest Bank Limited Con. Pref. | 340.00 | 860.00 | 833.00 | 840.00 | -20.00 |
| 25 | Everest Insurance Co. Ltd. | 2480.00 | 2850.00 | 2780.00 | 2800.00 | -21.00 |
| 26 | Excel Development Bank Ltd. | 744.00 | 630.00 | 620.00 | 630.00 | 0.00 |
| 27 | First Micro Finance Dev. Bank Ltd. | 26162.00 | 1128.00 | 1064.00 | 1118.00 | 33.00 |
| 28 | Forward Community Mic. Bittiya San. Ltd. | 3113.00 | 3820.00 | 3770.00 | 3820.00 | 20.00 |
| 29 | Garima Bikas Bank Limited | 17371.00 | 290.00 | 278.00 | 286.00 | 0.00 |
| 30 | Global IME Bank Limited | 22865.00 | 407.00 | 399.00 | 402.00 | 2.00 |
| 31 | Global IME Samunnat Scheme-1 | 20000.00 | 9.80 | 9.80 | 9.80 | 0.09 |
| 32 | Goodwill Finance Co. Ltd. | 1900.00 | 205.00 | 201.00 | 205.00 | -3.00 |
| 33 | Green Development Bank Ltd. | 411.00 | 635.00 | 617.00 | 635.00 | 18.00 |
| 34 | Guheshowori Mer. Bank & Fin. Co. Ltd. | 1150.00 | 288.00 | 283.00 | 283.00 | 0.00 |
| 35 | Gurans Life Insurance Company Ltd. | 15042.00 | 1259.00 | 1200.00 | 1245.00 | 15.00 |
| 36 | Gurkhas Finance Ltd. | 7060.00 | 194.00 | 188.00 | 193.00 | -1.00 |
| 37 | Hamro Bikas Bank Ltd. | 1065.00 | 267.00 | 262.00 | 267.00 | 5.00 |
| 38 | Himalayan Bank Limited | 2872.00 | 912.00 | 905.00 | 910.00 | -3.00 |
| 39 | Himalayan Distillery Limited | 110.00 | 1689.00 | 1566.00 | 1689.00 | 153.00 |
| 40 | Himalayan General Insurance Co. Ltd | 13288.00 | 900.00 | 858.00 | 880.00 | -16.00 |
| 41 | ICFC Finance Limited | 3560.00 | 289.00 | 280.00 | 289.00 | 5.00 |
| 42 | Jalabidyut Lagani tatha Bikas Co. Ltd. | 6376.00 | 195.00 | 191.00 | 192.00 | -2.00 |
| 43 | Janaki Finance Ltd. | 10.00 | 272.00 | 272.00 | 272.00 | 0.00 |
| 44 | Janata Bank Nepal Ltd. | 18995.00 | 290.00 | 282.00 | 285.00 | -4.00 |
| 45 | Janautthan Samudayic Lag. Bik.Bank Ltd. | 440.00 | 3366.00 | 3276.00 | 3291.00 | -9.00 |
| 46 | Jebils Finance Ltd. | 390.00 | 265.00 | 264.00 | 264.00 | -5.00 |
| 47 | Jyoti Bikas Bank Limited | 12433.00 | 209.00 | 203.00 | 207.00 | 2.00 |
| 48 | Kabeli Bikas Bank Limited | 1160.00 | 630.00 | 608.00 | 608.00 | 3.00 |
| 49 | Kailash Bikas Bank Ltd. | 6645.00 | 336.00 | 330.00 | 330.00 | 0.00 |
| 50 | Kalika Microcredit Dev. Bank Ltd. | 3613.00 | 2167.00 | 2042.00 | 2167.00 | 43.00 |
| 51 | Kankai Bikas Bank Ltd. | 115.00 | 229.00 | 225.00 | 229.00 | 1.00 |
| 52 | Karnali Development Bank Limited | 2146.00 | 305.00 | 299.00 | 300.00 | -4.00 |
| 53 | Khanikhola Hydropower Co. Ltd. | 870.00 | 205.00 | 195.00 | 201.00 | -1.00 |
| 54 | Kisan Microfinance Bittiya Sanstha Ltd. | 200.00 | 3075.00 | 3030.00 | 3030.00 | -15.00 |
| 55 | Kuber Merchant Finance Limited | 1710.00 | 195.00 | 181.00 | 195.00 | 17.00 |
| 56 | Kumari Bank Limited | 15900.00 | 330.00 | 321.00 | 326.00 | 1.00 |
| 57 | Laxmi Bank Limited | 9410.00 | 365.00 | 350.00 | 360.00 | 1.00 |
| 58 | Laxmi Laghubitta Bittiya Sanstha Ltd. | 5661.00 | 2090.00 | 2000.00 | 2079.00 | 64.00 |
| 59 | Laxmi Value Fund-1 | 209941.00 | 13.97 | 13.83 | 13.95 | 0.12 |
| 60 | Life Insurance Co. Nepal | 1770.00 | 2490.00 | 2415.00 | 2430.00 | -60.00 |
| 61 | Lumbini Bikas Bank Ltd. | 102185.00 | 242.00 | 219.00 | 220.00 | -2.00 |
| 62 | Lumbini General Insurance Co. Ltd. | 7409.00 | 1060.00 | 1020.00 | 1044.00 | -20.00 |
| 63 | Machhapuchhre Bank Limited | 14244.00 | 353.00 | 350.00 | 352.00 | 0.00 |
| 64 | Mahila Sahayatra Mic. Bittiya Sanstha Ltd. | 634.00 | 1260.00 | 1235.00 | 1235.00 | -25.00 |
| 65 | Manjushree Finance Ltd. | 3017.00 | 163.00 | 158.00 | 158.00 | -2.00 |
| 66 | Mero Microfinance Bittiya Sanstha Ltd. | 2077.00 | 2400.00 | 2282.00 | 2380.00 | 5.00 |
| 67 | Mirmire Microfinance Dev. Bank Ltd. | 135.00 | 2499.00 | 2422.00 | 2499.00 | -11.00 |
| 68 | Miteri Development Bank Limited | 850.00 | 536.00 | 536.00 | 536.00 | -10.00 |
| 69 | Mithila LaghuBitta Bikas Bank Ltd. | 225.00 | 1390.00 | 1359.00 | 1359.00 | -27.00 |
| 70 | Muktinath Bikas Bank Ltd. | 17781.00 | 980.00 | 960.00 | 970.00 | -12.00 |
| 71 | Nabil Balance Fund 1 | 51092.00 | 21.30 | 21.00 | 21.11 | -0.19 |
| 72 | Nabil Bank Limited | 3503.00 | 1630.00 | 1610.00 | 1620.00 | -7.00 |
| 73 | NABIL Bank Limited Promotor Share | 2795.00 | 1245.00 | 1230.00 | 1244.00 | 0.00 |
| 74 | Nabil Equity Fund | 12229.00 | 10.00 | 9.90 | 10.00 | 0.05 |
| 75 | NagBeli LaghuBitta Bikas Bank Ltd. | 445.00 | 3500.00 | 3385.00 | 3400.00 | 10.00 |
| 76 | National Hydro Power Company Limited | 36910.00 | 150.00 | 142.00 | 142.00 | -6.00 |
| 77 | National Life Insurance Co. Ltd. | 3982.00 | 2075.00 | 2030.00 | 2040.00 | -30.00 |
| 78 | National Microfinance Bittiya Sanstha Ltd. | 123.00 | 2528.00 | 2344.00 | 2528.00 | 229.00 |
| 79 | Naya Nepal Laghubitta Bikas Bank Ltd. | 577.00 | 2532.00 | 2485.00 | 2532.00 | 91.00 |
| 80 | NB Insurance Co. Ltd. | 3348.00 | 1400.00 | 1350.00 | 1370.00 | -22.00 |
| 81 | Neco Insurance Co. Ltd. | 12001.00 | 1170.00 | 1123.00 | 1155.00 | -4.00 |
| 82 | Nepal Bangladesh Bank Limited | 12217.00 | 403.00 | 397.00 | 402.00 | 1.00 |
| 83 | Nepal Bank Limited | 8399.00 | 374.00 | 368.00 | 369.00 | -2.00 |
| 84 | Nepal Community Development Bank Ltd. | 10.00 | 336.00 | 336.00 | 336.00 | 6.00 |
| 85 | Nepal Credit And Com.Bank Limited | 44260.00 | 389.00 | 379.00 | 380.00 | -12.00 |
| 86 | Nepal Doorsanchar Comapany Limited | 3600.00 | 670.00 | 667.00 | 670.00 | 1.00 |
| 87 | Nepal Grameen Bikas Bank Ltd. | 21342.00 | 888.00 | 840.00 | 884.00 | 56.00 |
| 88 | Nepal Insurance Co. Ltd. | 9739.00 | 1685.00 | 1620.00 | 1655.00 | -1.00 |
| 89 | Nepal Investment Bank Limited | 12635.00 | 778.00 | 763.00 | 776.00 | 1.00 |
| 90 | Nepal Investment Bank Ltd. Prom.Share | 12732.00 | 688.00 | 676.00 | 687.00 | 1.00 |
| 91 | Nepal Life Insurance Co. Ltd. | 16567.00 | 2325.00 | 2266.00 | 2300.00 | -12.00 |
| 92 | Nepal SBI Bank Limited | 4944.00 | 935.00 | 914.00 | 914.00 | -15.00 |
| 93 | Nerude Laghubita Bikas Bank Limited | 4022.00 | 1470.00 | 1419.00 | 1454.00 | -13.00 |
| 94 | Ngadi Group Power Ltd. | 445.00 | 278.00 | 267.00 | 278.00 | -4.00 |
| 95 | NIBL Samriddhi Fund 1 | 31651.00 | 12.30 | 12.15 | 12.21 | -0.14 |
| 96 | NIC Asia Bank Ltd. | 10079.00 | 468.00 | 450.00 | 458.00 | 0.00 |
| 97 | Nirdhan Utthan Bank Limited | 5285.00 | 2199.00 | 2115.00 | 2197.00 | 67.00 |
| 98 | NLG Insurance Company Ltd. | 2073.00 | 1680.00 | 1617.00 | 1646.00 | -34.00 |
| 99 | NMB Microfinance Bittiya Sanstha Ltd. | 2262.00 | 3039.00 | 2921.00 | 2960.00 | 10.00 |
| 100 | NMB Bank Limited | 6616.00 | 560.00 | 545.00 | 552.00 | -1.00 |
| 101 | NMB Hybrid Fund L-1 | 28710.00 | 10.00 | 9.75 | 10.00 | 0.05 |
| 102 | NMB Sulav Investment Fund-1 | 96610.00 | 13.72 | 13.46 | 13.70 | 0.02 |
| 103 | Om Development Bank Ltd. | 4968.00 | 418.00 | 410.00 | 418.00 | 3.00 |
| 104 | Oriental Hotels Limited | 12681.00 | 810.00 | 760.00 | 809.00 | 34.00 |
| 105 | Pokhara Finance Ltd. | 2414.00 | 250.00 | 245.00 | 248.00 | -7.00 |
| 106 | Prabhu Bank Limited | 22329.00 | 403.00 | 394.00 | 399.00 | -1.00 |
| 107 | Prabhu Insurance Ltd. | 72095.00 | 1279.00 | 1190.00 | 1275.00 | 56.00 |
| 108 | Premier Insurance Co. Ltd. | 4356.00 | 1890.00 | 1818.00 | 1850.00 | -5.00 |
| 109 | Prime Commercial Bank Ltd. | 30873.00 | 436.00 | 425.00 | 428.00 | -1.00 |
| 110 | Prime Life Insurance Company Limited | 20954.00 | 2838.00 | 2652.00 | 2724.00 | -171.00 |
| 111 | ProgressiveFinance Limited | 1740.00 | 224.00 | 220.00 | 220.00 | -4.00 |
| 112 | Prudential Insurance Co. Ltd. | 7789.00 | 1667.00 | 1618.00 | 1618.00 | -29.00 |
| 113 | Purnima Bikas Bank Ltd. | 593.00 | 315.00 | 310.00 | 310.00 | -5.00 |
| 114 | Rastriya Beema Company Limited | 235.00 | 17600.00 | 17320.00 | 17500.00 | -150.00 |
| 115 | Rastriya Beema Co. Ltd Promoter Share | 984.00 | 15800.00 | 15400.00 | 15700.00 | 450.00 |
| 116 | Reliable Microfinance Bittiya Sanstha Ltd. | 1909.00 | 2380.00 | 2252.00 | 2352.00 | -5.00 |
| 117 | Reliance Finance Ltd. | 4339.00 | 218.00 | 213.00 | 214.00 | -3.00 |
| 118 | Ridi Hydropower Dev. Company Ltd. | 2468.00 | 197.00 | 194.00 | 195.00 | -2.00 |
| 119 | RSDC Laghubitta Bittiya Sanstha Ltd. | 2152.00 | 3131.00 | 3030.00 | 3090.00 | 0.00 |
| 120 | Rural Microfinance Dev.Centre Ltd. | 6487.00 | 828.00 | 810.00 | 825.00 | 6.00 |
| 121 | Sagarmatha Insurance Co. Ltd. | 8889.00 | 1805.00 | 1700.00 | 1770.00 | 10.00 |
| 122 | Sahayogi Bikas Bank Limited | 380.00 | 388.00 | 381.00 | 381.00 | -2.00 |
| 123 | Sana Kisan Bikas Bank Ltd | 9584.00 | 1675.00 | 1615.00 | 1663.00 | 21.00 |
| 124 | Sanima Bank Limited | 74872.00 | 431.00 | 420.00 | 421.00 | -4.00 |
| 125 | Sanima Mai Hydropower Ltd. | 2872.00 | 605.00 | 590.00 | 595.00 | -5.00 |
| 126 | Saptakoshi Development Bank Ltd. | 1299.00 | 199.00 | 196.00 | 196.00 | -4.00 |
| 127 | Shangrila Development Bank Ltd. | 852.00 | 412.00 | 409.00 | 412.00 | 1.00 |
| 128 | Shikhar Insurance Co. Ltd. | 8855.00 | 2176.00 | 2100.00 | 2170.00 | 30.00 |
| 129 | Shine Resunga Development Bank Ltd. | 2796.00 | 438.00 | 430.00 | 431.00 | -1.00 |
| 130 | Shree Investment Finance Co. Ltd. | 2802.00 | 427.00 | 417.00 | 424.00 | 0.00 |
| 131 | Siddhartha Bank Limited | 13878.00 | 469.00 | 459.00 | 465.00 | -1.00 |
| 132 | Siddhartha Equity Orineted Scheme | 38521.00 | 12.89 | 12.47 | 12.89 | 0.43 |
| 133 | Siddhartha Insurance Ltd. | 11108.00 | 1699.00 | 1633.00 | 1684.00 | -2.00 |
| 134 | Siddhartha Inv. Growth Scheme-1 | 48100.00 | 25.00 | 24.40 | 24.40 | -0.50 |
| 135 | Sindhu Bikash Bank Ltd | 2804.00 | 358.00 | 338.00 | 350.00 | -15.00 |
| 136 | Soaltee Hotel Limited | 5105.00 | 367.00 | 360.00 | 367.00 | 3.00 |
| 137 | Standard Chartered Bank Limited | 8108.00 | 2340.00 | 2320.00 | 2337.00 | 2.00 |
| 138 | Summit Micro Finance Dev. Bank Ltd. | 1030.00 | 3415.00 | 3350.00 | 3414.00 | 59.00 |
| 139 | Sunrise Bank Limited | 18445.00 | 385.00 | 377.00 | 377.00 | -7.00 |
| 140 | Surya Life Insurance Company Limited | 5969.00 | 1270.00 | 1220.00 | 1250.00 | 0.00 |
| 141 | Suryodaya Laghubitta Bittiya Sanstha Ltd. | 10.00 | 0.00 | 0.00 | 0.00 | 0.00 |
| 142 | Swabalamban Bikas Bank Limited | 1717.00 | 1958.00 | 1895.00 | 1915.00 | -5.00 |

Total Amount Rs. 968,631,971 Total Quantity 1,771,408 Total No of Transactions 8,280

२०७४, साउन
सोमबार
१६

{ १ सातामा ७ मिनेट वा त्योभन्दा बढी विदेशबाट आएको कल रिसिभ गर्दा नेपाल टेलिकमको नेटवर्कभित्र ७ मिनेट भ्वाइस कल गर्न र ७ वटा एसएमएस नि:शुल्क पठाउन सक्ने छन्।

अर्थ

## एनआईबीएल क्यापिटलद्वारा ५ वर्ष पूरा

काठमाडौं, (नेस)

एनआईबीएल क्यापिटल मार्केट्सले स्थापनको ५ वर्ष पूरा गरेको छ। त्यसअवसरमा कम्पनीले सस्थागत सामाजिक उत्तरदायित्वअन्तर्गत विभिन्न कार्यक्रम सञ्चालन गरेको छ।

कम्पनीले सो अवसरमा रक्तदान तथा लगानी व्यवस्थापन सम्बन्धी सचेतना कार्यक्रम गरेको जनाएको छ। त्यस्तै अनाथ बालबालिकाको लागि आर्थिक सहयोग कार्यक्रम पनि गरेको कम्पनीले जनाएको छ।

कम्पनीले निकट भविष्यमा सामूहिक लगानी कोषअन्तर्गत खुलामुखी योजना सञ्चालन गर्ने, आफूले प्रदान गर्दै आएका सेवा देशको विभिन्न जिल्लाबाट उपलब्ध गराउन आफ्नो शाखा कार्यालय विस्तार गर्ने लक्ष्य लिएको छ। त्यस्तै एस क्यापिटललाई प्राप्ति गर्ने तथा संस्थागत परामर्शदाताको कार्य समेत शुरू गर्ने कम्पनीको योजना रहेको बताइएको छ।

कम्पनीले पाँच वर्ष पूरा गरेको अवसरमा आयोजित पत्रकार सम्मेलनमा सो कुराको जानकारी दिइएको हो। उक्त अवसरमा कम्पनीले हालसम्म हासिल गरेको उपलब्धि तथा कम्पनीको पछिल्लो अवस्थाका सम्बन्धमा जानकारी पनि दिइयो।

सो अवसरमा कम्पनीले आधुनिक सूचना प्रविधिको माध्यमबाट भविष्यमा अझै प्रतिस्पर्धी तथा प्रभावकारी सेवा प्रदान गर्न यस संस्था अग्रसर हुने बताएको छ। कम्पनीले आगामी दिनमा ʻअझै परिस्कृत र ग्राहकमैत्री सेवा प्रदान गर्न सक्षम हुनेमा विश्वास जनाएको छ।

एनआईबीएल क्यपिटलले नेपाल इन्भेष्टमेन्ट बैंकको सहायक कम्पनीको रूपमा २०६९ साउन १५ गते कारोबार शुरू गरेको थियो। संस्थाले मर्चेन्ट बैकिङ तथा सामूहिक लगानी कोषअन्तर्गत कोष व्यवस्थापनको कार्य गर्न नेपाल धितोपत्र बोर्डबाट स्वीकृति प्राप्त गरेको छ। कम्पनीले निक्षेप सदस्यको रूपमा कार्य गर्न नेपाल धितोपत्र बोर्ड तथा सीडीएस एन्ड क्लियरिङबाट समेत स्वीकृति प्राप्त गरेको छ।

कम्पनीले बैंक, बीमा, होटललगायत ट्रेडिङ कम्पनी गरी ३० वटा संस्थाका करिब ५ लाख ७२ हजार ३ सय शेयरधनीलाई शेयर रजिस्ट्रार सम्बन्धी सेवा पुऱ्याउँदै आएको छ। त्यस्तै सामूहिक लगानी कोषअन्तर्गत एनआईबीएल समृद्धि फन्ड–१ र एनआईबीएल प्रगति फन्ड गरी २ वटा बन्दमुखी योजना सञ्चालन गर्दै आइरहेको पत्रकार सम्मेलनमा बताइयो।

## एनटीसीमा फोन आउँदा बोनस पाइने

काठमाडौं, (नेस)

नेपाल टेलिकमले जीएसएम र सीडीएमए तथा एडीएसएल र एफटीटीएच सेवाका ग्राहकका लागि प्रमोसनल अफर ल्याएको छ। अफरअनुसार टेलिकमले विदेशबाट आएको कल उठाउँदा पनि अब बोनस दिने जनाएको छ। टेलिकमका अनुसार यो अफर सोमबारदेखि लागू भई ९० दिनसम्म उपलब्ध हुने छ।

टेलिकमका अनुसार जीएसएम र सीडीएमए प्रिपेड र पोष्टपेडका ग्राहकले १ सातामा ७ मिनेट वा त्योभन्दा बढी विदेशबाट आएको कल रिसिभ गर्दा नेपाल टेलिकमको नेटवर्कभित्र ७ मिनेट भ्वाइस कल गर्न र ७ वटा एसएमएस नि:शुल्क पठाउन सक्ने छन्।

त्यस्तै अफरअन्तर्गत अब १ एमबीपीएससम्म गतिको एडीएसएल इन्टरनेट करसहित मासिक १ हजार रुपियाँमा उपलब्ध हुनेछ। पहिले मासिक १ हजार १७ रुपियाँमा २ सय ५६ केबीपीएस गतिको एडीएसएल उपलब्ध थियो।

यस्तै टेलिकमले भोल्युम बेस्ड एडीएसएलको मूल्य पनि घटाएको छ। पहिले २१ जीबी डाटाको लागि १ हजार ९ सय ८० रुपियाँ शुल्क लिइएकोमा अब १५ जीबी डाटा ३ सय रुपियाँमै उपलब्ध हुने टेलिकमको प्रेस विज्ञप्तिमा उल्लेख छ।

त्यसैगरी २५ जीबी डाटाको ५ सय रुपियाँ र ४० जीबीको डाटाको मूल्य ७ सय रुपियाँ तोकिएको छ। यी डाटाको गति १ एमबीपीएस सम्म हुने टेलिकमले जनाएको छ।

टेलिकमले दर्ता शुल्क पनि घटाएको छ। पहिले दर्ता शुल्क कर वाहेक ५ सय रुपियाँ भएकोमा अब भोल्युम बेस्ड डाटाको लागि कर वाहेक ३ सय रुपियाँ र अनलिमिटेड डाटाको लागि २ सय रुपियाँ दर्ता शुल्क तोकिएको छ।

यस्तै अब पहिलेकै मूल्यमा पहिले भन्दा दोब्बर भोलुमको एफटीटीएच सेवा प्राप्त गर्न सकिने विज्ञप्तिमा उल्लेख छ। योजनाअनुरूप १० एमबीपीएस गतिको एफटीटीएच प्याकेजअन्तर्गत ३ महिनाका लागि २ सय ४० जीबी, ६ महिनाका लागि ५ सय जीबी र १२ महिनाका लागि १२ सय जीबी डाटा पहिलेकै मूल्यमा प्रयोग गर्न सकिने टेलिकमले जनाएको छ। त्यसैगरी १०० एमबीपीएस गतिको प्याकेज अन्तर्गत १२ महिनाका लागि १२ सय जीबी डाटा प्रयोग गर्न सकिने विज्ञप्तिमा उल्लेख छ।

## अर्घाखाँची सिमेन्ट प्रालिद्वारा तालिम प्रदान



काठमाडौं, (नेस)

अर्घाखाँची सिमेन्ट प्रालिले काठमाडौं उपत्यकाका हार्डवयर व्यवसायी र व्यवसायीका लेखापाल अडिटर लाई आयकर र मूल्य अभिवृद्धि कर सम्बन्धि चेतनामुलक तालिम कार्यक्रमको आयोजना गऱ्यो। उक्त कार्यक्रममा सहभागीलाई अर्घाखाँची सिमेन्ट प्रालिका सञ्चालक पशुपति मुरारकाले स्वागत गर्नु भएको थियो। कार्यक्रममा सहभागी १५० भन्दा बढीलाई चार्टर्ड एकाउन्टेन्ट प्रमोद स्वर्णकारले तालिम प्रदान गर्नुभएको थियो।

## नेप्सेको महाप्रबन्धक छनोट गर्न समिति गठन

काठमाडौं, (नेस)

सरकारले नेपाल स्टक एक्सचेन्ज (नेप्से) को महाप्रबन्धक नियुक्तिका लागि छनोट समिति गठन गरेको छ। अर्थ मन्त्रालयका सहसचिव आनन्दराज ढकालको संयोजकत्वमा उत्तर खत्री र टुलराज बस्याल सदस्य रहेको समिति गठन गरेको हो।

त्यस्तै निक्षेप तथा कर्जा सुरक्षण कोषको प्रमुख कार्यकारी अधिकृत छनोका लागि पनि सरकारले तीन सदस्यीय छनोट समिति बनाएको छ।

## पर्यटन मन्त्रालयले दुई महिने कार्ययोजना बनाउँदै

काठमाडौं, नेस

संस्कृति, पर्यटन तथा नागरिक उडड्यनमन्त्री जितेन्द्रनारायण देवले दुई महिने कार्य योजना बनाएर काम गर्ने बताउनुभएको छ। उहाँले पत्रकारहरूसँग कुरा गर्दै भन्नुभयो-'मैले कार्य योजना बनाउनको लागि निर्देशन दिइसकेको छु। तीन दिनमा यो कार्ययोजना तयार भएपछि सोही कार्ययोजनामा मन्त्रालयले जनताले अनुभव गर्ने गरी काम हुनेछ।'

उहाँले कुनै यो वा त्यो बहानामा जनताले राज्यबाट दिने सेवा सुविधामा कमि आउन नहुने बताउँदै कुनै पनि लाभको लागि आफूले राजनीति नगरेकाले ४५ वर्षे राजनीति यात्रा केबल जनताको सेवाका लागि रहेको स्पस्ट पार्नु भयो।

'दुई महिने कार्ययोजना तयार भएपछि ६१औं दिनदेखि कार्ययोजना र समय सिमाअनुसार काम भयो कि भएन अनुगमन गर्छु,' मन्त्री देवले भन्नुभयो-'कामका आधारमा कर्मचारीलाई पुरस्कृत र सजाय हुन्छ, राम्रो काम गर्ने लाई थप प्रोत्साहनको लागि पहल गर्छु र काम नगर्नेको सरुवा हुने कर्मचारीलाई बताएको छु।'

राजनीतिक आस्थाको आधारमा कुनै पनि काममा बाधा अड्चन आउन नहुने बताउँदै कर्मचारीतन्त्रमा राजनीतिक हावी भएकाले नेपालको विकास हुन नसकेको मन्त्री देवको दाबी थियो। 'राजनीतिको नाममा विकास रोकिनु हुन्न। राजनीति आस्था हुनु स्वभाविक हो। आस्था जुनसुकै पार्टीप्रति होस् यो मेरो हटाउने काम होइन र हटाउन आएको पनि होइन। तर, राज्यको पैसा खाएर जनताको हकहित विपरीत काम हुन दिन्न।' ' मन्त्री देवको भनाइ थियो।

भूकम्पले ध्वस्त बनाएका सांस्कृतिक धरोहर र सम्पदाहरूको पुनर्निर्माणको लागि राष्ट्रिय पुनर्निर्माण प्राधिकरणसँग सहकार्य गरेर तत्काल निर्माण कार्य शुरू गर्ने र निर्माणपछि पर्यटन प्रवर्द्धनको लागि लाग्नुपर्ने पनि मन्त्री देवको बताउनुभयो । भूकम्पले क्षति भएका नेपालका सांस्कृतिक सम्पदा युनेस्कोको कालोसूचीमा राख्ने प्रयत्नलाई आफ्नो पहलमा सूचीकृत हुन नदिएको बताउनुभयो। उहाँले भन्नुभयो-'युनेस्को अनुगमनको टोली नोभेम्बरमा नेपाल आएर क्षति भएका सांस्कृतिक सम्पदाको अबलोकन गर्दैछ। हामीले सो समयभन्दा अगाडि नै निर्माण कार्य थालेर सकरात्मक वातावरण बनाउनुपर्छ र योजना अनुसार काम गर्न म लागि परेको छु।'

'सार्वजनिक-निजी साझेदारीमा नै पर्यटनको विकास सम्भव रहेकाले मन्त्रालय सबै सरोकारवालासँग सहकार्य गरेर अगाडि बढ्ने त्यसैले हामी आर्थिक, सैद्धान्तिक र नीतिगत सहयोग गर्छौं। तर, पर्यटन प्रवर्द्धनका लागि निजी क्षेत्रले नै पहल कदमी गर्नुपर्छ।' उहाँको भनाइ थियो। २१ राष्ट्रिय गौरवका आयोजनामध्ये ५ वटा संस्कृति, पर्यटन तथा नागरिक उड्ड्यन मन्त्रालयअन्तर्गत रहेको भन्दै उहाँले मन्त्रालयअर्न्तगतको आयोजना प्राथमिकताका साथ आफूले अगाडि बढाउने जानकारी दिनुभयो । निजगढ विमानस्थल, गौतमबुद्ध क्षेत्रीय अन्तर्राष्ट्रिय विमानस्थल र पोखराको क्षेत्रीय अन्तर्राष्ट्रिय क्षेत्रीय विमानस्थल तथा पशुपति क्षेत्र विकास कोष र लुम्बिनी विकास कोषलाई उच्च प्राथमिकताका साथ काम अगाडि बढाउने प्रतिबद्धता व्यक्त गर्नुभयो। त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थललाई पनि आफूले उच्च प्राथमिकतामा राखेको भन्दै मन्त्री देवले भन्नुभयो-'नेपाललाई हेर्ने पहिलो आँखा त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल हो। कस्तो नेपाल छ भनेर विदेशीले हेर्ने र मूल्यांकन गर्ने तथा नेपाली जनताको व्यवहार कस्तो रहेछ भनेर हेर्ने त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल हेरेर हो। त्यसैले यसलाई सुधारको लागि मैले पहिलो प्राथमिकतामा राखेको छु, र गौरबका आयोजनामा कटिबद्ध रहेर जबसम्म यो मन्त्रालयमा रहन्छु राज्य र जनताले देख्ने गरी यी ५ वटा आयोजनामा काम गर्नेछु।'

## टाटाको हुपर टिपर बजारमा

नेपाल समाचारपत्र

काठमाडौं

सिप्रदी ट्रेडिङ प्रालिले टाटा मोटर्सको एस हुपर टिपर नेपाली बजारमा ल्याएको छ। फोहोरमैला सहज रूपमा संकलन तथा व्यवस्थापन गर्न एस हुपर टिपर एकमात्र सजिलो विकल्प रहेको बताइएको छ।

बढ्दो शहरीकरण, जनसंख्याको चाप, पूराना तथा साँघुरो सडक गल्ली भएको हाम्रो जस्तो देशमा हुपर टिपरको भूमिका उल्लेखनीय हुने सिप्रदी ट्रेडिङका प्रमुख सञ्चालन अधिकृत राजेशप्रसाद गिरीले बताउनुभयो। उहाँले फोहार संकलनका लागि आधुनिक विकल्पको रूपमा हुपर टिपर आएको बताउनुभयो।



कार्यक्रममा बोल्दै फोहोर मैला व्यवस्थापन संघका अध्यक्षले नेपाली बजारमा ठेला गाडामा फोहोर उठाउने गरेको र यो साह्रै कष्टकर रहेको बताउनुभयो। उहाँले हुपर टिपरले कामलाई अझ सहज र छिटो बनाउने विश्वास व्यक्त गर्नुभयो।

बलियो डिजाइन र मजबुत लिन्केजेस भएको यस गाडीले ८५ देखि ९० डिग्रीसम्म ढल्काएर फोहोरमैला अर्को गाडीमा खन्याउन सक्ने बताइएको छ। गाडीमा १ दशमलव ८ घनमिटर क्षमता रहेको छ। यस टिपरमा सड्ने र नसड्ने किसिमका फोहोर राख्न छुट्टै कम्पार्टमेन्ट रहेको बताइएको छ। गाडी सानो आकारको भएकाले शहरका साँघुरा बाटोमा पनि सजिलै गएर फोहोर संकलन गर्न सकिने जानकारी दिइयो।

संकलित फोहोरमैला गाडीबाट नखसोस् तथा दुर्गन्ध नफैलियोस भनेर दुवै कम्पार्टमेन्टलाई छोप्ने मिल्ने छ। यसमा भएको हाइड्रोलिक लिफ्टलाई गाडीको च्यासिससँगै बलियोसँग समावेश गरिएको कम्पनीद्वारा जारी विज्ञप्तिमा उल्लेख छ।



# खेलकुद




## ईपीएल टी-२० डिसेम्बरमा हुने

काठमाडौं, (नेस)

एभरेस्ट प्रिमियर लिग (ईपीएल) टी-२० क्रिकेट प्रतियोगिताको दोस्रो संस्करण आउँदो डिसेम्बरमा हुने तय गरिएको छ।

प्रतियोगिताको आयोजक इपिएल प्रालिले आइतबार होटल अन्नपूर्णमा भएको एक कार्यक्रमबीच प्रतियोगिताको लोगो पनि अनावरण गरियो। गत सिजनमा ६ वटा व्यापारिक टोली सम्मिलित लिगमा यसपटक भने ६ शहरको नाम प्रयोग गरिने पनि जानकारी गरायो। उक्त टोलीहरूको मालिकको नाम भने अझै टुंगो नलागेको र छिट्टै त्यसको विस्तृत विवरण सार्वजनिक हुने प्रतियोगिताका संस्थापक आमिर अख्तरले जानकारी दिए।

यसपटक प्रतियोगितामा काठमाडौं, ललितपुर, पोखरा, भैरहवा, वीरगन्ज र विराटनगरले सहभागिता जनाउने प्रतियोगिताको पहिलो पुरस्कार २१ लाख रुपियाँ रहेको छ। हरेक टोलीमा १५ खेलाडी रहनेछन् भने १० खेलाडी लिलामीबाट छानिने छन्। त्यस्तै एक खेलाडी स्थानीयस्तरमा छनोट प्रतियोगितामार्फत् राखिनेछ। प्रत्येक टोलीमा एक मार्की खेलाडी तथा तीन विदेशी खेलाडी अनिवार्यरूपमा राख्नुपर्ने प्रावधान गरेको छ।

कार्यक्रममा राष्ट्रिय क्रिकेट टोलीका कप्तान पारस खड्काले यस प्रतियोगितालाई लिएर आफूसँगै सम्पूर्ण क्रिकेट परिवार निकै उत्साहित रहेको बताए। 'हामी निकै उत्साहित छौं पछिल्लो संस्करणमा नै ईपीएलले राम्ररी आयोजना गरेको थियो। यस पटक भव्यरूपमा आयोजना हुने सुन्दा नै खुसी दिएको छ। ईपीएलले नेपाली क्रिकेटमा नयाँ आयाम ल्याएको थियो र सँगसँगै डीपीएलले यसलाई टेवा दिएको छ। देशमा क्रिकेटको संघ निलम्बनमा परेको अवस्थामा यस्तो प्रतियोगिता हुँदा निकै सहयोग विकासमा पुगेको छ। आशा गरौं यस प्रतियोगिता शुरु हुँदासम्म नेपालमा क्रिकेट संघ स्थापित भइसक्नेछ।'

## एल क्लासिकोमा बार्सिलोना विजयी



मायामी, (एजेन्सी)

प्रि-सिजनअन्तर्गत एल क्लासिको म्याचमा रियल मेड्रिडविरुद्ध बार्सिलोना विजयी भएको छ।

अमेरिका भ्रमणमा रहेको स्पेनिस महारथीबीचको मैत्रीपूर्ण खेलमा बार्सिलोनाले रियल मेड्रिडलाई ३-२ गोल अन्तरले पराजित गरेको हो। २ गोलले पछि परेर पनि खेलमा पुनरागमन गरेको रियलले हारलाई भने टार्न सकेनन्।

खेलको पहिलो हाफसम्म दुवै टोली २-२ गोलको बराबरीमा रोकिएका थिए। खेलको चौथो मिनेटमा नै बार्सिलोनाले शुरुआती अग्रता लिएको थियो। लियोनेल मेसीले उत्कृष्ट गोल गर्दै बार्सिलोनालाई १-० ले अघि पारेका थिए। त्यसको ३ मिनेट नबित्दै इभान राकिटिचले डिबक्सभित्रबाट गोल गर्दै बार्सिलोनाले अग्रता दोब्बर पारे। तर, खेलको १४औं मिनेटमा मटियो कोभाचिचले डिएरिया बाहिरबाट गरेको प्रहार गोलमा परिणत भएपछि रियलले खेलमा फर्कने छाँटकाँट देखाएको थियो। जसअनुरूप खेलको ३६औं मिनेटमा रियलका मार्को एसेन्सियोले गोल गर्दै खेललाई बराबरीमा ल्याए।

तर, खेलको ५०औं मिनेटमा जेरार्ड पिकेले नेयमारको घुमाउरो फ्रिकिक प्रहारमा फ्लिक गर्दै गोल गरेपछि बार्सिलोनाको गोल संख्या ३ पुग्यो। यता गोलको लागि संघर्षरत रियलको तर्फबाट खेलको ६४औं मिनेटमा गेरेथ बेलले गरेको उत्कृष्ट प्रहारलाई बार्सिलोनाका गोलरक्षक जास्पर सिल्लेसनले जोगाएका थिए। त्यसपछि खेलमा थप गोल भएन र बार्सिलोनाको जित सुनिश्चित बन्यो। सन् १९९१ यता यी दुई टोलीले एक-आपसमा मैत्रीपूर्ण म्याच खेलेको यो नै पहिलो अवसर हो। स्पेनबाहिर भने यो दोस्रो एल क्लासिको म्याच हो।

**इन्टरसँग चेल्सीको हार**

सिंगापुरमा जारी इन्टरनेसनल च्याम्पियन्स कपमा इटालियन सिरी ए क्लब इन्टर मिलानसँग चेल्सी पराजित भएको छ। आइतबार भएको खेलमा इन्टर मिलानले इंग्लिस च्याम्पियन चेल्सीलाई २-१ गोल अन्तरले हराएको हो। प्रतियोगिताअन्तर्गत प्रिमियर लिग च्याम्पियन चेल्सीको यो लगातार दोस्रो हार थियो। जोभेटिचले पहिलो हाफको इन्जुरी समयको पहिलो मिनेटमा गोल गर्दै इन्टरलाई अग्रता दिलाएका थिए। यस्तै खेलको ५३औं मिनेटमा जोभेटिचको पास सदुपयोग गर्दै इभान पेरिसिचले इन्टरको तर्फबाट दोस्रो गोल गरे। यता इन्टरका जिओफ्री कोन्डोगबियाले खेलको ७५औं मिनेटमा आत्मघाती गोल गरेका थिए।

## घरहरा

### किस्ताबन्दीमा खाल्डा



देशका धेरैजसो स्थानमा अहिले स्थानीय तहका निर्वाचित पदाधिकारी छन्। विभिन्न कामको जिम्बेवारी लिएका निकाय छन्। विभाग छन्, मन्त्रालय छन्। मन्त्रीहरू छन्। स्थायी सरकारका होनहार खरदार, सुब्बादेखि मुख्यसचिवसम्मका पदाधिकारीहरू रहेका छन्।

देशको काँचुली फेर्ने भन्दै राजनीतिक नियुक्ति लिएर विभिन्न स्थानमा जागिर खाइरहेका व्यक्तिहरू पनि छन्। तर, राजधानीका सडकमा रहेका सामान्य खाल्डा पुर्न पनि प्रधानमन्त्रीले निर्देशन दिनुपर्छ र त्यो पनि पूरा हुँदैन। त्यो कुन देशमा होला पाठकवृन्द यहाँहरूलाई थाहा छ हैन ?

पक्कै अनुमान गरिसक्नुभयो। कुरा हाम्रै देशको हो। प्रधानमन्त्री शेरबहादुर देउवाले खाल्डा पुर्न १५ दिने अल्टिमेटम दिइएको हिजोबाट १५ दिन पुगिसकेको छ। तर, अझै पनि राजधानीका कतिपय स्थानमा अझै खाल्डा पुरिएका छैनन्। प्रधानमन्त्रीको कार्यालयका एक जना कर्मचारी हिजो पनि भन्दै गरेको अवस्थामा देखिए- 'प्रधानमन्त्रीले पनि सबै खाल्डा पुर्नु भनेको त कहाँ हो र ? मुख्य-मुख्य पुर्नु भनेको हो। विस्तारै पुरिनेछन्। सबै त कहाँ एकैपटक पुर्न सम्भव हुन्छ र ?'

हैट, अब यी खाल्डालाई किस्ताबन्दीमा पुरेर जागिर पकाइरहने महाशयहरू ? अनि मुलुक कहिले बनाउने त ? आत्तिने बेला भएन र भनेको। लु है आ-आफ्नो जिम्बेवारी सबैले पूरा गर्नुपर्‍यो नत्र गाह्रो होला।

## खेलकुदमा परिवर्तन २४ दिनमै हुने

काठमाडौं, (नेस)

नवनियुक्त युवा तथा खेलकुदमन्त्री राजेन्द्रकुमार केसीले आगामी चौबीस दिनमा खेलकुदमा परिवर्तनको अनुभूति गराउने गरी काम गर्ने बताउनुभयो।

सातदोबाटोस्थित अन्तर्राष्ट्रिय खेलकुद परिसरमा राष्ट्रिय खेलकुद परिषद् (राखेप) ले मन्त्री केसीको सम्मानमा आयोजना गरेको बधाई तथा स्वागत कार्यक्रमलाई सम्बोधनमा मन्त्री केसीले भन्नुभयो- 'म ५ महिना, ९ महिना भन्दिनँ। २४ दिनमै खेलकुदमा परिवर्तनको अनुभूति गराउने गरी काम गर्नेछु।'

समय कम भएकाले साग आयोजना ठूलो चुनौती भएको बताउँदै बजेटका कारण खेलकुदको विकासमा असर पर्न नदिने उहाँले प्रतिबद्धता जनाउनुभयो। उहाँले कार्यक्रम, क्यालेन्डर र नीति/तिथिअनुसार कार्यक्रम प्रस्तुत गरे बजेट ल्याउन आफू पहल गर्न तयार रहेको पनि बताउनुभयो।

## जुडोमा नेपाललाई दुई कांस्य

काठमाडौं, (नेस)

थाइल्यान्डमा जारी थाइल्यान्ड इन्टरनेसनल नर्थ बैंकक युनिभर्सिटी जुडो च्याम्पियनसिप २०१७ मा नेपाली खेलाडीहरू इन्द्रबहादुर श्रेष्ठ र उमेश मगरले कांस्य पदक प्राप्त गरेको प्रशिक्षक सूर्यनारायण श्रेष्ठले जानकारी गराएका छन्।

इन्द्रले ६६ केजीमा ९ राष्ट्रको सहभागिता रहेको खेलमा फिलिपिन्सका मेरालेस नाथानिइललाई २.२० सेकेन्डमा बाजारी र इप्पोनमा पराजित गर्दै कांस्य पदक जिते। इन्द्रले पहिलो चरणमा आयोजक थाइल्यान्डका फुयनसुक कवेतलाई १.२२ सेकेन्डमा बाजारी इपोन स्कोरमा पराजित गर्दै क्वार्टरफाइनल प्रवेश गरेका थिए।

## प्रेरणा र सलोनी फाइनलमा

नेपाल समाचारपत्र

काठमाडौं

प्रेरणा कोइराला र सलोनी तामाङ प्रथम एएनएलटीए/जेटीआई राष्ट्रिय जुनियर टेनिस प्रतियोगिताको यु-१६ गर्ल्स सिंगल्समा आइतबार फाइनलमा प्रवेश गरेका छन्। सातदोबाटोस्थित टेनिस कोर्टमा प्रेरणाले प्रकृति श्रेष्ठलाई ६-१, ६-३ तथा सलोनीले स्नेहा यादवलाई ६-१, ६-१ को सोझो सेटमा पराजित गरे।

यु-१४ ब्वाइज सिंगल्समा आदित सुवेदीले निशान श्रेष्ठलाई ६-१, ६-१, आर्यन गिरीले इभ्याक जोशीलाई ६-१, ६-०, प्रशिद्ध मोक्तानले सुशान्त कुइँकेललाई ६-२, २-६, ७-६ तथा सम्यकभूषण वज्राचार्यले आरभसम्राट हाडालाई ६-१, ६-३ को सेटमा पन्छ्याउँदै अन्तिम चारमा पुगे। त्यसै स्पर्धाको गर्ल्समा सलोनी तामाङले लुमु लामालाई ६-०, ६-०, रायना शाहले इशाश्री शाहलाई ६-०, ६-१ तथा अभिलाषा विष्टले सर्भानी श्रेष्ठलाई ६-१, ६-० को सीधा सेटमा हराउँदै अन्तिम चारमा प्रवेश गरे। प्रेरणा कोइराला ६-०, ३-० ले अगाडि रहेको अवस्थामा सुभाङ्गीलक्ष्मी शाह रिटायर्ड हर्ट हुँदा अन्तिम चारमा पुगिन्।

यु-१८ गर्ल्सको राउन्ड रोबिन लिगमा अभिलाषा विष्टले बिजिशा श्रेष्ठलाई ६-४ र ६-०, मायांका राणाले जुम्ल्याहा बहिनी माहिकालाई ६-२ र ६-४ र बिजिशा श्रेष्ठलाई ६-१ र ६-४ तथा माहिका राणाले अभिलाषा विष्टलाई ६-४ र ६-४ को सोझो सेटमा पराजित गरे। उक्त स्पर्धाको ब्वाइज राउन्ड रोबिन लिगमा प्रणव खनालले निनवाम राईलाई ६-० र ६-० तथा संरक्षकभूषण वज्राचार्यले साम्राज्ञ कटवाललाई ६-१ र ६-० को सीधा सेटमा हराए।



तस्वीर : उजोल डंगोल

## पीएसजीलाई सुपर कप

पेरिस, (एजेन्सी)

पेरिस सेन्ट जर्मेन (पीएसजी) ले फ्रेन्च सुपरकपको उपाधि जितेको छ।

फ्रेन्च लिग वान सिजन शुरु हुनुपूर्व हुने खेलिने फ्रेन्च सुपरकपअन्तर्गत भएको खेलमा पीएसजीले मोनाकोलाई २-१ ले हराउँदै उपाधि उचालेको हो। अघिल्लो सिजनको लिग वान उपाधि विजेता एएस मोनाकोलाई हराउन पीएसजीमा भर्खरै आबद्ध भएका डिफेन्डर ड्यानी आल्भेसको भूमिका महत्त्वपूर्ण रह्यो।

खेलमा आल्भेसले एक गोल गर्नुका साथै निर्णायक गोलका लागि एउटा पाससमेत उपलब्ध गराएका थिए। खेलमा शुरुआती अग्रता भने मोनाकोले लिएको थियो। खेलको ३०औं मिनेटमा सिडिबेको गोलमा मोनाको पहिलो हाफसम्म १-० ले अघि रहेका थिए।

तर, खेलको ५१औं मिनेटमा ड्यानी आल्भेसले फ्रिकिकमार्फत् गोल गर्दै खेललाई बराबरीमा ल्याएका थिए। त्यसको १२ मिनेटपछि आल्भेसको पासमा एड्रिएन राबिओटले गोल गरेपछि पीएसजीले खेल नतिजालाई २-१ ले उल्ट्याउन सफल भयो। त्यसपछि खेलमा गोल भएन र पीएसजीलाई सिजन शुरु हुनुपूर्व नै सफलता हात लाग्यो।


## कर्मचारी आवश्यकता

यस संस्थाको लागि केही कर्मचरीहरुको आवश्यकता परेको हुँदा इच्छुक व्यक्तिहरुले तुरुन्त सम्पर्क गर्नुहोला।

**पद: वितरक (केही)**

**योग्यता:**

१. साधारण लेखपढ जानेको।
२. साइकल चलाउन जान्ने तथा साइकल भएको।
३. काम गर्ने समय विहान ५ देखी ८ बजेसम्म।
४. उमेर १८ देखी ३० वर्ष सम्मको हुनुपर्ने।

**स्थान** : बालाजु, स्वयंभू, कलंकी तथा कीर्तिपुर को लागी।

**पद: ड्राइभर (१ जना)**

**योग्यता:**

१. कक्षा १० वा +२ पास गरेको।
२. सवारीसाधन चलाउन लाइसेन्स प्राप्त।
३. ३ वर्ष सवारीसाधन चलाएको अनुभव भएको।
४. उपत्यकाभित्रको बाटो र ठाउँहरुको राम्रो जानकारी हुनुपर्ने।

इच्छुक व्यक्तिहरुले आफ्नो ***Biodata*** हाम्रो ईमेल : ***hrkamana@gmail.com*** मा पठाउन सक्नुहुनेछ।

अन्य जानकारीका लागि सम्पर्क

**कामना न्यूज पब्लिकेसन्स् प्रा.लि.**
भीमसेनस्थान, काठमाडौं
सम्पर्क: ०१-४२६११७९, ९८०१००३७३७
९८५१०६९८३०


## एचएचसीए र इनोभेटिभलाई उपाधि



नेपाल समाचारपत्र

काठमाडौं

एचएचसीए र इनोभेटिभले ११औं श्रीदिवा मन्सुन मिट अन्तरविद्यालय बास्केटबल प्रतियोगिताको उपाधि आइतबार जितेका छन्।

ब्वाइजको फाइनलमा डिफेन्डिङ च्याम्पियन एचएचसीएले ज्ञान निकेतनलाई ५१-४२ ले पराजित गर्दै उपाधि रक्षा गर्‍यो। एचएचसीएका विशाल राईले १७ अंक जोडे। गर्ल्सको फाइनलमा इनोभेटिभले आयोजक श्रीदिवा इन्टरनेसनल स्कुललाई हाँडीगाउँस्थित उसैको कोर्टमा ३१-१९ ले हरायो। इनोभेटिभको जितमा प्रिया दर्शीले ११ स्कोर गरिन्।

ब्वाइजमा एचएचसीएका विशाल राई तथा गर्ल्समा इनोभेटिभकी विनम्र खत्री 'मोस्ट भेलुएबल प्लेयर' चुनिए। विजेतालाई आयोजक श्रीदिवाका प्रिन्सिपल प्रवीण मोक्तानले एक कार्यक्रमबीच पुरस्कृत गरे। ८ दिने प्रतियोगताको ब्वाइजमा १५ तथा गर्ल्समा ११ टिमले लिग कम नकआउट आधारमा प्रतिस्पर्धा गरेका थिए।

## राखेपमा क्योकुसिन काइकान संघ दर्ता

काठमाडौं, (नेस)

इन्टरनेसनल कराते अर्गनाइजेसन क्योकुसिन काइकान संघ नेपाल राष्ट्रिय खेलकुद परिषद् (राखेप) मा १८९ संघका रूपमा दर्ता भएको छ।

नुवाकोटका राजु थापाको अध्यक्षतामा २६ सदस्यीय केन्द्रीय तदर्थ समिति दर्ता गरिएको हो। उपाध्यक्षत्रयमा ललितपुरका अशोकलाल लामा, दीपक न्यासुर लामा र इन्द्र तामाङ, महासचिवमा काठमाडौंका सानु लामा, सचिवमा मकवानपुरका कान्छालाल वाइबा र कोषाध्यक्षमा दोलखाकी सुजाता थापा रहेका छन्।

सदस्यमा ललितपुरका राजु तामाङ, काठमाडौंका विशाल वाइबा, काभ्रेका लसी तामाङ, काठमाडौंका राम लामा, काठमाडौंका विमल थापा, जनकपुरका राजन गहतराज, ललितपुरका अशोक बस्नेत, ललितपुरकी वसन्ती घलान, ललितपुरकी शान्ति घलान तामाङ, काभ्रेका बालकृष्ण मगर, नुवाकोटका प्रकाशराज थापा, नुवाकोटका मन्जुर तामाङ, ललितपुरका सुगतरत्न शाक्य, नुवाकोटका शतीशराज थापा, काभ्रेका राजु तामाङ, ललितपुरका विष्णु महर्जन, ललितपुरका किशोर दर्शन तथा राखेपबाट २ प्रतिनिधि छन्।



सातदोबाटोस्थित अन्तर्राष्ट्रिय खेलकुद परिसरमा राखेपका सदस्य-सचिव केशवकुमार विष्टले अध्यक्ष थापालगायतका पदाधिकारीलाई संघ दर्ताको प्रमाणपत्र हस्तान्तरण गरे।

कामना न्यूज पब्लिकेसन्स् प्रालिद्वारा प्रकाशित कार्यालय: कामना प्लाजा, भीमसेनस्थान, काठमाडौं, पो.ब.नं. २०४५, फोन: ४-२६११७९, फ्याक्स: ४-२१८९९०, Email: nepalsamacharpatra@gmail.com प्रमुख कार्यकारी अधिकृत तथा प्रबन्ध सम्पादक: दिरेकलाल श्रेष्ठ, सम्पादक: लेखनाथ अधिकारी, प्रधान सम्पादक: पुष्करलाल श्रेष्ठ